
# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २६, अङ्क १८ | २०७४, पुस १६–३० | पूर्णाङ्क ६१२



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नहकुल सुवेदी** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **कायम मुकायम रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १२ | इजलास नं. १० | ५ |
| इजलास नं. १ | २ | इजलास नं. ११ | ४ |
| इजलास नं. २ | ६ | इजलास नं. १२ | २ |
| इजलास नं. ३ | ५ | इजलास नं. १३ | १ |
| इजलास नं. ४ | १ | इजलास नं. १४ | ४ |
| इजलास नं. ५ | १० | इजलास नं. १५ | २ |
| इजलास नं. ६ | ३ | इजलास नं. १६ | २ |
| इजलास नं. ७ | ४ | इजलास नं. १७ | १ |
| इजलास नं. ८ | २ | इजलास नं. १८ | ३ |
| इजलास नं. ९ | ५ | एकल इजलास | १ |
| जम्मा | ५० | जम्मा | २५ |

**कूल जम्मा ५० + २५ = ७५**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन


यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, पुस – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

मूल्य रू.१५।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - ८ |
| १. | उत्प्रेषण / परमादेश | श्रीमती नताशा श्रेष्ठ वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहलसमेत | |
| २. | भ्रष्टाचार | नेपाल सरकार वि. नविनकुमार सिंह | |
| ३. | उत्प्रेषण / परमादेश | डम्बरकुमारी उपाध्यायसमेत वि. बाँके जिल्ला अदालतसमेत | |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शेख महवुव | |
| ५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्णबहादुर पुन मगर | |
| ६. | उत्प्रेषण / परमादेश | डा. सबरी साह वि. लोक सेवा आयोग कार्यालय, काठमाडौंसमेत | |
| ७. | जबरजस्ती करणी | चन्द्रबहादुर सुवेदी वि. नेपाल सरकार | |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दिविङ्ग राना | |
| ९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ननिपत साह कलवार | |
| इजलास नं. १ | | | ८ - ११ |
| १०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भक्तबहादुर रूम्बा | |
| ११. | भ्रष्टाचार | बुधना थारूसमेत वि. नेपाल सरकार | |
| इजलास नं. २ | | | १२ - १८ |
| १२. | कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग | श्रीकृष्ण पौडेलसमेत वि. नेपाल सरकार | |
| १३. | दर्ता हक कायमसमेत | निर्भयमान पति श्रेष्ठ वि. आशाकाजी महर्जनसमेत | |
| १४. | उत्प्रेषण | अमलेस देवी गामी वि. पुनरावेदन अदालत, जनकपुरसमेत | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पुनाकुमारी कुमाल | |
| १६. | प्रतिषेध / परमादेश | दिनेश त्रिपाठी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत | |
| १७. | डाँका चोरी | नेपाल सरकार वि. अकरम अलीसमेत | |
| इजलास नं. ३ | | | १८ - २० |
| १८. | घर खाली गरिपाउँ | राज कुमार थापा क्षेत्री वि. विष्णु वहकरीसमेत | |
| १९. | लेनदेन | छेदनप्रसाद तिवारी वि. जनार्दन पाण्डे | |
| २०. | निषेधाज्ञा | विमलादेवी घिमिरे वि. अम्बिका कोइरालासमेत | |

| | | |
|---|---|---|
| २१. | उत्प्रेषण / परमादेश | विमलादेवी घिमिरे वि. श्वेता कोइरालासमेत |
| २२. | उत्प्रेषण | उमेश प्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ४** | | **२० - २१** |
| २३. | उत्प्रेषण / परमादेश | चेतनारायण राय थारू वि. चन्द्रिका थरूनीसमेत |
| **इजलास नं. ५** | | **२१ - २६** |
| २४. | बन्दी प्रत्यक्षीकरण | रामप्रसाद चौलागाई वि. पुनरावेदन अदालत, पाटनसमेत |
| २५. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. अर्जुन साह |
| २६. | निषेधाज्ञा | रामसागर ठाकुर बडहीसमेत वि. रामजसी कुमारी बडही |
| २७. | लेनदेन | सोनालाल सहनी वि. जयप्रकाश महतो |
| २८. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. बुद्धिप्रसाद गुरूङसमेत |
| २९. | जग्गा नामसारी गरिपाउँ | राजाराम लोहारसमेत वि. ज्ञानमती लोहार |
| ३०. | कर्तव्य ज्यान | टासी शेर्पासमेत वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **२६ - ३१** |
| ३१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रूपा गाहामगरसमेत |
| ३२. | कर्तव्य ज्यान | तुलसी राई वि. नेपाल सरकार |
| ३३. | कर्तव्य ज्यान | संजादेवी सरदार वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **३१ - ३४** |
| ३४. | लागु औषध (ब्राउन सुगर) | नेपाल सरकार वि. टेकबहादुर तामाङ |
| ३५. | उत्प्रेषण | रम्भाकुमारी शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौं |
| ३६. | कर्तव्य ज्यान र रहजनी चोरी | नेपाल सरकार वि. गोकर्ण थापासमेत |
| **इजलास नं. ८** | | **३४ - ३५** |
| ३७. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. राम शाहसमेत |
| ३८. | भ्रष्टाचार | कृष्णबहादुर सापकोटा वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **३५ - ३९** |
| ३९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. राजेश महर्जनसमेत |
| ४०. | लागु औषध खैरो हेरोइन | पवनकुमार भुलन वि. नेपाल सरकार |

| | | | |
|---|---|---|---|
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भुवनेश्वरप्रसाद महतो कोइरीसमेत | |
| ४२. | कर्तव्य ज्यान | प्रमिसन राई वि. नेपाल सरकार | |
| ४३. | जबरजस्ती करणी | नेपाल सरकार वि. आकाश नेपाली *(चौधरी)* | |
| **इजलास नं. १०** | | | **३९ - ४६** |
| ४४. | जग्गा खिचोला घर उठाई चलन | बचकुन यादव वि. लक्ष्मीनाथ यादवसमेत | |
| ४५. | उत्प्रेषण | रामनरेश चौधरी वि. रामसुभग चौधरीसमेत | |
| ४६. | उत्प्रेषण | भुवनराज शाक्यसमेत वि. पाटन संग्रहालय विकास समिति, मंगलबजार ललितपुरसमेत | |
| ४७. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. सन्तोष खड्कासमेत | |
| ४८. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. रमेश रानामगरसमेत | |
| **इजलास नं. ११** | | | **४६ - ४९** |
| ४९. | अपहरण शरीर बन्धक | नेपाल सरकार वि. विष्णुप्रसाद चौधरीसमेत | |
| ५०. | जबरजस्ती करणी | नेपाल सरकार वि. मोहन थारू | |
| ५१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पासाङ लामा | |
| ५२. | अपहरण तथा शरीर बन्धक उद्योग | नेपाल सरकार वि. माधव रायमाझीसमेत | |
| **इजलास नं. १२** | | | **४९ - ५१** |
| ५३. | कर्तव्य ज्यान | दीपक शाही वि. नेपाल सरकार | |
| ५४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. धनपैत ठाकुर वडही | |
| **इजलास नं. १३** | | | **५१** |
| ५५. | उत्प्रेषण / परमादेश | सुमित्रा श्रेष्ठ वि. स्वास्थ्य सेवा विभाग टेकु | |
| **इजलास नं. १४** | | | **५१ - ५४** |
| ५६. | उत्प्रेषण / परमादेश | कृष्णप्रसाद श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत | |
| ५७. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रेमबहादुर श्रेष्ठ | |
| ५८. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. टाँसी छिरिङ थापासमेत | |
| **इजलास नं. १५** | | | **५४ - ५५** |
| ५९. | उत्प्रेषण | लालमणि सुवेदी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत | |

| | | |
|---|---|---|
| ६०. | उत्प्रेषण | राम नरेश यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत |
| **इजलास नं. १६** | | **५५ - ५७** |
| ६१. | उत्प्रेषण / परमादेश | शोभा देवी बरै वि. पुनरावेदन अदालत, हेटौंडासमेत |
| ६२. | उत्प्रेषण | कृष्णबहादुर श्रेष्ठसमेत वि. काठमाडौं महानगरपालिकाको कार्यालयसमेत |
| **इजलास नं. १७** | | **५७ - ५८** |
| ६३. | भ्रष्टाचार (घुस रिसवत) | बदरूद्दिन खान वि. नेपाल सरकार |
| **इजलास नं. २०** | | **५८ - ५९** |
| ६४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. हुलास माझी |
| ६५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कालीबहादुर याखा |
| ६६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बुद्धिमान मगर |
| **एकल इजलास** | | **५९ - ६०** |
| ६७. | उत्प्रेषण / परमादेश | रत्नदेवी मानन्धरसमेत वि. लक्ष्मी मानन्धरसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-WO-०५५५, उत्प्रेषण / परमादेश, *श्रीमती नताशा श्रेष्ठ वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहलसमेत*

निवेदक कम्पनीले सञ्चालन गरेको माइक्रोलाइट विमानमा यात्रा गर्ने ग्राहकको पहिरन परिवर्तन एवम् सुरक्षासम्बन्धी उपकरण लगाउने प्रयोजनको लागि विमानस्थलको जग्गा बहालमा लिई अस्थायी शेड निर्माण गरेको भन्ने निवेदकको भनाई रहेको देखिन्छ । निवेदक र विपक्षी प्राधिकरणबीच भएको मिति २०५४।१०।२९ को सम्झौतामा बहालमा लिएको जग्गामा ह्याङ्गर बनाई उपभोग गर्ने सम्बन्धमा कुनै सर्त उल्लेख भएको देखिँदैन । साथै निवेदकले जग्गा बहालमा लिने सम्झौता गरेको समयमा निजी क्षेत्रले ह्याङ्गर निर्माण गर्न पाउने सम्बन्धमा कानूनमा कुनै व्यवस्था भएको पनि देखिँदैन। निवेदकले बहालमा लिएको जग्गामा आफैँले अस्थायी संरचना बनाई प्रयोग गरेको देखिन्छ । आफूसँग गरेको सम्झौताविपरीत निवेदकले काम कारबाही गरेमा प्राधिकरणले त्यसतर्फ आवश्यक कारबाही गर्न सक्नेमा सम्झौताविपरीत निवेदकले ह्याङ्गर निर्माण गरेको भनी भन्न सकेको पाइँदैन । तत्कालीन हवाई अड्डा दस्तुर नियमावली २०३८ मा भएको मिति २०५७।११।१८ को दोस्रो संशोधनबाट बहालमा दिएको जग्गाको बहालको प्रयोजनका आधारमा अलग अलग बहालदर व्यवस्था गरेको देखिन्छ । यसरी बहालमा लिएको जग्गाको प्रयोजनका आधारमा बहाल तिर्नुपर्ने भएपछि कुन जग्गा के प्रयोजनका लागि बहालमा लिए दिएको हो भन्ने प्रयोजन खुलाउने सम्झौताले स्पष्ट बोलेको हुनुपर्ने।

हवाई अड्डा दस्तुर नियमावलीमा भएको दोस्रो संशोधनको व्यवस्था लागू भइसकेपछि पनि विपक्षी प्राधिकरणले निवेदक कम्पनीसँग उक्त शेडलाई ह्याङ्गर मानी भाडा लिने कुनै निर्णय गरेको देखिँदैन। ह्याङ्गर प्रयोग गरेबापत कुनै दस्तुर असुल गर्न सोही प्रयोजनका लागि बहाल सम्झौता भएको हुनुपर्छ । निवेदकले निर्माण गरेको शेडलाई ह्याङ्गर मानी बहाल असुल गर्न खोजिएको भए त्यससम्बन्धी प्रावधान समावेश गरी विधिवत सम्झौता संशोधन गरिएको हुनुपर्नेमा त्यसो हुनसकेको देखिँदैन। यसरी महालेखा परीक्षकको प्रतिवेदनले बेरूजु औँल्याउनु अघिसम्म विपक्षी प्राधिकरणले जग्गाको बहाल मात्र असुल गरेको देखिँदा निवेदकले निर्माण गरेको उक्त शेडलाई ह्याङ्गर हो भनी नमानेको तथ्य स्पष्ट हुन आउँछ। सम्झौताको मूल पक्ष प्राधिकरणले उक्त विवादित शेडलाई ह्याङ्गर हो भनी भन्न नसकेको अवस्थामा महालेखा परीक्षकको प्रतिवेदनले भन्दैमा ह्याङ्गर हुने भन्न मिल्दैन । निवेदक र विपक्षीबीच भएको जग्गा बहाल सम्झौतामा उल्लेख भएका सर्तहरूलाई महालेखा परीक्षकको प्रतिवेदनले प्रतिस्थापन गर्न सक्ने पनि देखिँदैन । यसरी प्राधिकरणसँग भएको सम्झौतामा ह्याङ्गर बहाल लिनेसम्बन्धी कुनै सर्त उल्लेख भएको नदेखिँदा सर्त कवुलियतमा नभएको कुरामा विपक्षीले दाबी गर्दैमा सम्झौताविपरीतको दस्तुर तिर्नुपर्ने दायित्व निवेदकले बहन गर्नुपर्ने भन्नु न्यायसङ्गत नहुने।

तसर्थ माथि विवेचित आधार कारणबाट निवेदक कम्पनीले जग्गा बहालमा लिने सम्झौताको सर्तमा ह्याङ्गर बहालसँग सम्बन्धित विषय उल्लेख नभएको हुँदा सम्झौताविपरीत दैदस्तुर आकर्षित नहुने र त्यससम्बन्धी प्रावधान सम्झौतामा छुटेको भए

विधिवत् सम्झौता संशोधन गरिएको हुनुपर्नेमा सोतर्फ केही पनि नगरी यथास्थितिमा महालेखा परीक्षकको प्रतिवेदन मात्रको आधारमा कुनै दैदस्तुर असुल गर्न नमिल्ने हुनाले नियमानुसार बहालमा लिएको जग्गाको निर्धारित रकममा थप रकम लगाउने विपक्षी प्राधिकरणको निर्णय, निवेदकले दिएको निवेदनमा कुनै कारबाही नगर्ने भनी जानकारी गराएको मिति २०६६।८।८ को पत्रलगायत सोसँग सम्बन्धित काम कारबाही कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल माघ ४ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-१४६४, भ्रष्टाचार, *नेपाल सरकार वि. नविनकुमार सिंह*

प्रतिवादी नविनकुमार सिंहले दुई वटा विद्यालयबाट रकम बुझिलिएकोमा सोमध्येको नेपाल राष्ट्रिय प्राथमिक विद्यालय हरिहरपुरले प्रतिवादी नविनकुमार सिंहलाई पेस्कीस्वरूप प्रदान गरेको रकम बराबरको निर्माण सामग्री बुझी लिइसकेको र नेपाल राष्ट्रिय निम्नमाद्यमिक विद्यालय सतवरियाबाट प्रतिवादीले बुझेको रकम सो विद्यालयको खातामा जम्मा भइसकेको तथ्य स्पष्ट हुन आयो। भ्रष्टाचारको कसुर हुनका लागि नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्ति लापरवाही वा बद्नियतपूर्वक हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएको वा मासेको कुरा पुष्टि हुनुपर्नेमा यी प्रतिवादीले विद्यालयहरूबाट बुझिलिएको रकम बराबरको निर्माण सामग्री बुझाएको र सामान नलगेको विद्यालयको रकमसमेत विद्यालयको खातामा फिर्ता गरिसकेको देखिएबाट प्रतिवादीले विद्यालयको रकम बद्नियतपूर्वक खाई मासी भ्रष्टाचारजन्य कसुर गरेको मान्न सकिने अवस्था नरहेकोले निज प्रतिवादी नविनकुमार सिंहलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७१।९।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन १८ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-WO-०९३५, उत्प्रेषण / परमादेश, *डम्बरकुमारी उपाध्यायसमेत वि. बाँके जिल्ला अदालतसमेत*

आफूहरू भारतमा रहेको अवस्थामा हाम्रो घरदैलोमा तामेल भएको म्यादलाई रीतपूर्वकको मान्न मिल्दैन भन्ने निवेदकको जिकिर रहेको देखिन्छ। कुनै पनि व्यक्तिउपरको आरोपित कसुरका सम्बन्धमा निजलाई सूचना एवम् जानकारी दिई प्रतिवादको अवसर प्रदान गर्नुपर्छ भन्ने प्राकृतिक न्यायको सिद्धान्तको मान्यता हो। यसलाई अदालतले सधैँ संवेदनशीलरूपमा लिने गर्छ। निवेदकहरूका नामको म्याद तामेल गर्नका लागि अदालतबाट खटिएका कर्मचारीले सम्बन्धित व्यक्ति र निजका एकाघरका कुनै व्यक्तिलाई फेला पार्न नसकेको अवस्थामा घरदैलोमा म्याद टाँसी तामेल गरेको देखिन्छ। म्यादवाला व्यक्ति घरमा फेला नपरेमा घरदैलोमा म्याद टाँसी तामेल गर्न नहुने भनी प्रचलित कानूनले कुनै बन्देज लगाएको नपाइने।

प्रतिवादी घरमा फेला नपरे पनि घरदैलोमा

म्याद टाँस्नुको उद्देश्य आफ्नो घरमा टाँसिएको सूचनाबाट आँफूउपरको अभियोगको सम्बन्धमा जानकारी पाई सम्बन्धित पक्ष सुनुवाइको मौकाबाट वञ्चित नहोस् भन्ने कानूनको मनसाय हो । आफ्नो बसोबास रहेको घरमा म्याद तामेल भइसकेपछि सम्बन्धित पक्षले त्यसको जानकारी राखेको हुनुपर्छ । आफ्नो बसोबास रहेको घरद्वारमा रीतपूर्वक म्याद तामेल भएकोमा म्यादवाला मानिस घरमा नभएको भन्ने आधारमा बेरीतको मान्ने हो भने प्रतिवादीका नामको म्याद तामेली प्रकृया असम्भव, अन्यौलपूर्ण एवम् अनिश्चित हुन जान्छ । यसरी निवेदकको स्थायी बसोबास रहेको घरद्वारमा तामेल भएको म्याद बेरीतपूर्वक तामेल भएको भन्ने निवेदकको दाबी स्वीकारयोग्य नदेखिने ।

निवेदकहरूबाट फैसलाले असुलउपर गर्नुपर्ने ठहरेको जरिवाना रकम निजहरू पक्राउ परी कैदमा बस्नु अगावै बुझाइसकेको निवेदन लेखबाट देखिन्छ । अदालतबाट भएको कैद र जरिवानामध्ये जरिवाना रकम स्वीकार गरेको निवेदकको आचरण व्यवहारबाट देखिन्छ । यसरी एउटै फैसलाबमोजिम लागेको दण्ड जरिवानामध्ये जरिवाना रकम स्वीकार गरी बुझाइसकेपछि सोही फैसलाले ठेकिएको कैद भुक्तान गर्न बाँकी रहेको भई पक्राउ परेपछि मात्र निवेदकको नाममा तामेल भएको म्याद सूचना र फैसलाको वैधतामा प्रश्न उठाई प्रस्तुत रिट निवेदन दिएको देखिन्छ । निवेदकहरू पक्राउ परी थुनामा पर्नु अगावै अदालतबाट भएको फैसलालाई स्वीकार गरी जरिवाना रकम बुझाइसकेपछि कैदको हकमा चाँहि सोही फैसलाको प्रमाणिकतालाई इन्कार गर्न नमिल्ने ।

तसर्थ माथि विवेचित आधार कारणबाट बाँके जिल्ला अदालतबाट निवेदकको नाममा जारी भई तामेल भएको मिति २०६१।६।२३ को तामेली म्यादमा कुनै कानूनी त्रुटि रहेको नदेखिँदा उक्त तामेली म्याद र बाँके जिल्ला अदालतबाट भएको मिति २०६३।७।२६ को फैसलाबाट निवेदकको संविधान एवम् कानून प्रदत्त हकमा आघात परेको नदेखिएको हुँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल असोज २१ गते रोज ५ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-WH-००११, बन्दीप्रत्यक्षीकरण, *डम्बर कुमारी उपाध्यायसमेत वि. बाँके जिल्ला अदालत, बाँकेसमेत*
- ०७१-WO-०९३६, उत्प्रेषण / परमादेश, *शारदा अधिकारीसमेत वि. बाँके जिल्ला अदालत, बाँकेसमेत*
- ०७२-WH-००१०, बन्दीप्रत्यक्षीकरण, *शारदा अधिकारी वि. बाँके जिल्ला अदालत, बाँकेसमेत*

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००५९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शेख महवुव*

प्रस्तुत मुद्दामा अपराध भएको देख्ने चश्मदिद गवाह कोही रहेको देखिँदैन । स्वयम् प्रतिवादीले सुरुमा आफैँ जाहेरी दिई प्रहरीलाई समेत छल्न सफल भएको देखिन्छ । वस्तुस्थितिका मानिस अतिक ओस्ता, जयमंगल साह, वीरबहादुर साहसमेतले वारदात भएको भनेको मिति २०६६।२।१५ गते

साँझ प्रतिवादी शेष महवुवसमेतले सदरून नेसालाई खेततर्फ लाँदै गरेको देखेको र कहाँ लान लागेको भन्दा सञ्चो नभएकोले झारफुक गर्न लान लागेको बताएका थिए भनी वस्तुस्थिति मुचुल्कामा लेखाई दिएको कुरालाई समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्र गरिदिएको देखिन्छ। मृतकलाई मिति २०६६।२।१५ गते साँझको समयमा खेततर्फ लाँदै गरेको देख्ने प्रत्यक्ष साक्षीको भनाई, उक्त मितिदेखि मृतक बेपत्ता हुनु र सोही क्षेत्रको खेतमा लास भेटिनुजस्ता परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीले आरोपित कसुर गरेको होइन भनी विश्वास गर्न नसकिने।

अदालतसमक्षको बयानमा प्रतिवादीले आरोपित कसुर गरेकोमा इन्कार रहेको भए तापनि अनुसन्धान अधिकृतसमक्ष स्वेच्छापूर्वक बयान गरेको होइन भन्न सकेको देखिँदैन । आफूले आरोपित कसुर गरेकोमा इन्कार रहे पनि त्यसलाई सप्रमाण पुष्टि गर्नसकेको पाइँदैन । विवाह भई गएकी आफ्नी छोरीको वैवाहिक जीवन असफल भएको र परपुरूषसँग अनैतिक सम्बन्ध राख्दै हिँडेको कारण छोरीको आचरण व्यवहारबाट आफ्नो बेइज्जती भएको ठानी प्रतिवादीले आफ्नो छोरी मार्ने योजना बनाएको देखिन्छ । सोहीअनुसार आफ्ना सहयोगीको मद्दत लिई छोरीलाई खेतमा पुऱ्याई घाँटी थिची मारेको हुँ भनी अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले गरेको बयान वस्तुस्थिति मुचुल्काका मानिसको अदालतसमक्षको बकपत्र, मृतक सदरून नेसाको घाँटीको हाड भाँचिएको कारण मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको देखिने।

तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादी शेष महवुवले आफ्नो छोरीको चरित्रको कारण उत्पन्न घरायसी विवादको कारण मृतकको घाँटी थिची कर्तव्य गरी मारेको भन्ने शङ्कारहित तवरबाट पुष्टि हुन गएको देखिँदा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६८।३।१३ मा भएको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।११ को फैसला मनासिब हुँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-RC-००९६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर पुन मगर*

घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, किटानी जाहेरी दरखास्त, वस्तुस्थितिका मानिसहरूको भनाईसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले आफ्नो आमालाई कुटपिट गरी मारेको हुँ भनी कसुरमा साबित रही गरेको बयानसमेतका आधार प्रमाणबाट प्रतिवादीले आफ्नो आमालाई कुटपिट गरी मारेको तथ्य शङ्कारहित ढंगबाट पुष्टि हुन आउने।

तसर्थ, विवेचना भएअनुसार मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादी पूर्णबहादुर मगरले आमा बिनकला बुढालाई कर्तव्य गरी मारेको शङ्कारहित ढंगले पुष्टि हुन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३(३) नं. बमोजिमको कसुर अपराधमा ऐजन महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू दाङ जिल्ला अदालतको मिति

२०६९।१।२८ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०७०।१।३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम कैद वर्ष १५ (पन्ध्र) सजाय हुने गरी पुनरावेदन अदालतबाट राय व्यक्त गरिएको सन्दर्भलाई विचार गर्दा प्रतिवादीले ९० वर्षको अति वृद्ध अवस्थामा रहेकी आफ्नी जन्म दिने आमालाई खाना नदिएको भन्ने सामान्य कुरामा कुटपिट गरी हत्या गरेको देखिन्छ । वारदातको अवस्था हेर्दा प्रतिवादीले मृतकको कपालको चुल्ठो समाई दायाँ बायाँ भित्तामा टाउको ठोक्काई अनुहार र टाउकोमा हात मुक्काले प्रहार गरी निर्घात कुटपिट गरेको देखिन्छ । वृद्धावस्थामा रहेका आमाबाबुको औषधोपचार, पालनपोषण हेरचाह गर्नु परिवारका सदस्यको जिम्मेवारीभित्र पर्न आउँछ । त्यसमा पनि आमाबुबाप्रति छोराछोरीको कर्तव्य झन् महत्त्वपूर्ण हुन्छ । वृद्ध अवस्थामा पारिवारिक माया ममतासहितसम्मानित जीवनयापन गर्न पाउनु वृद्धवृद्धाको अधिकार हो । मृतकले ९० वर्षको वृद्ध उमेरमा पनि घरको कामकाज गरी खाना बनाउनुपर्ने पारिवारिक जिम्मेवारी बहन गर्नुपरेको देखिन्छ । उमेरजन्य कारणबाट उत्पन्न शारीरिक रोग, दुर्वलता आदिका कारण कमजोर अवस्थामा रहेकी ९० वर्षकी आमालाई छोराको नाताले सहारा दिनुपर्ने अवस्थामा झन् कुटपिट गरी हत्या गरेको अवस्था र परिस्थितिसमेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दामा अदालतले प्रतिवादीलाई सजायमा नरम दृष्टिकोण लिई सजाय कम गर्नुपर्ने कुनै कारण देखिँदैन । अतः प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय चर्को पर्ने देखिँदा १५ वर्ष कैद सजाय हुने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट व्यक्त राय कायम हुन नसक्ने ।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल भदौ १८ गते रोज ६ शुभम् ।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९- WO -१३८४, उत्प्रेषण / परमादेश, *डा. सबरी साह वि. लोक सेवा आयोग कार्यालय, काठमाडौंसमेत*

विपक्षी डा. रामदेव यादवले गुजरात आयुर्वेद युनिभर्सिटी इन्डियाबाटकाय चिकित्सा विषयमा स्नातकोत्तर गरी त्रिभुवन विश्व विद्यालयबाट समकक्षता निर्धारणसमेत भइसकेको देखिँदा न्यूनतम् शैक्षिक योग्यता पूरा नभएको भन्ने देखिँदैन । अध्ययन गरेको समय र कार्यालयमा कार्यरत समय एउटै भएकोले त्यस्तो शैक्षिक योग्यताले मान्यता प्राप्त गर्न सक्दैन भनी निवेदकले जिकिर लिएको सम्बन्धमा विचार गर्दा बिदा स्वीकृत नगराई वा बिनाअनुमति अध्ययन गरेको भए सेवासँग सम्बन्धित कानून आकर्षित भई सोहीअनुसार कारबाही हुने अवस्था रहन्छ । विपक्षी रामदेव यादवले एम. डि. अध्ययनका लागि स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५४(३)(ख) बमोजिम मिति २०५७।१।६ देखि मिति २०५९।४।३० सम्म बिदा स्वीकृत गराई अध्ययन गरेको भन्ने स्वयम् स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लिखित जवाफबाट देखिन आएको छ । साथै अध्ययन अवधिमध्ये सन् २००२ को अगष्टपछिको Dissertation को समयमा समेत विभिन्न मितिमा घर बिदा एवम् बिरामी बिदा लिएको भनी लोक सेवा आयोगलाई लेखिदिएको मिति २०७०।१।३१ को प्रतिक्रियामा उल्लेख भएको

देखिन्छ। उल्लिखित तथ्यलाई यी निवेदकले अन्यथा प्रमाणित गराउन सकेको देखिँदैन। बिदा स्वीकृत गराई अध्ययन गरेको भनी सम्बन्धित मन्त्रालयले आफूसँग रहेको अभिलेखका आधारमा दिएको जवाफलाई अविश्वास गर्नुपर्ने कुनै कारण नदेखिने।

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २९(२) बमोजिम कर्मचारीको कार्यक्षमता मुल्याङ्कनको आधारमा हुने बढुवाको लागि सिफारिस गर्दा सम्भाव्य उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने कर्मचारीको बढुवा हुने कुरामा विवाद छैन। बढुवा सिफारिस समिति तथा लोक सेवा आयोगको निर्णयमा उल्लिखित अङ्क तालिकाविपरीत आफ्नो यो विषयमा यो यति अङ्क बढी हुनुपर्ने भन्न निवेदकले सकेको देखिँदैन। विपक्षीको भन्दा आफ्नो अङ्क बढी हुने तथ्ययुक्त आधार देखाउने दायित्व निवेदकको हो। साथै निवेदकले बढुवा समितिको निर्णय बदर गरिपाउँ भनी लोक सेवा आयोगमा दिएको उजुरीमा उठाएका प्रश्नहरूमा उक्त आयोगबाट जाँचबुझ गरी बढुवा समितिको निर्णय सदर गरेकोमा सोही जिकिर लिई प्रस्तुत निवेदन दिएको देखिन्छ। बढुवा समितिको निर्णयउपर उजुरी सुन्ने निकायबाट छानबिन हुँदा निवेदकको जिकिर पुग्न नसकेकोमा थप आधार कारण उल्लेख नगरी सोही प्रश्नहरू नै उठाएको देखिएबाट समेत निवेदन जिकिर स्थापित हुने आधार देखिँदैन। यसबाट बढुवा समितिले ऐन, नियमबमोजिम बढुवाका सम्पूर्ण आधारहरूको मूल्याङ्कन गरी अङ्क गणना गर्दा निवेदकले सम्भाव्य उम्मेदवारको भन्दा उच्चतम अङ्क हासिल गर्न नसकेको कारण बढुवा हुन नसकेको भन्ने देखिँदा बढुवा समितिको निर्णयबाट निवेदकको हकमा कुनै प्रतिकूल असर परेको देखिएन। यसरी बढुवा समितिबाट कानूनसम्मतरूपमा भए गरेका कामकारबाहीलाई आफू बढुवा नभएकै आधारमा बदर हुनुपर्ने भनी निवेदकले लिएको जिकिर कानूनविपरीत रहेको।

माथि विवेचित आधार कारणबाट लोक सेवा आयोगको बढुवा सूचना नं.१२७/०६९/७० नेपाल स्वास्थ्य सेवा, आयुर्वेद समूह, काय चिकित्सा उपसमूहअन्तर्गत कन्सल्टेन्ट काय चिकित्सक नवौ तहमा बढुवा सिफारिस गर्ने गरी बढुवा समितिबाट भएको मिति २०६९।१२।२० को निर्णय र सो निर्णयउपर परेको उजुरीमा विपक्षी लोक सेवा आयोगबाट बढुवा समितिकै सिफारिसलाई सदर गर्ने गरी भएको मिति २०७०।९।२ को निर्णयबाट निवेदकको बढुवा पाउने हकअधिकारमा गैरकानूनीरूपमा आघात पुगेको भन्ने नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०६५७, जबरजस्ती करणी, *चन्द्रबहादुर सुवेदी वि. नेपाल सरकार*

प्रतिवादी चन्द्रमान सुवेदीले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा करणी गर्दा पीडितको योनिभित्र लिङ्ग नपसेपछि बाहिर दलेको भनी बयान गरेको देखिन्छ। अदालतसमक्ष बयान गर्दा पीडितले मेरो शरीर चिलायो भनेकीले निजको शरीरमा र योनिमा समेत कन्याई दिएको हुँ भन्नेसम्मको तथ्य स्वीकार गरी करणी गरेकोमा भने इन्कार रहेको देखिन्छ।

अदालतसमक्ष आरोपित कसुर गरेकोमा प्रतिवादी इन्कार रहेको देखिए तापनि आफूले कसुर

गरेको होइन भन्ने जिकिर पुस्ट्याईँ गर्ने कुनै प्रमाण पेस गर्नसकेको देखिँदैन । पीडितको योनिमा लिङ्ग पूरै प्रवेश नगराएको भनी बयानमा उल्लेख गरेको भए तापनि आंशिक लिङ्ग प्रवेश भएपनि जबरजस्ती करणीको कसुर गरेको मानिनेछ भन्ने मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को देहाय (ग) मा कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा उद्योग मात्र हुनुपर्ने भन्ने प्रतिवादीको जिकिर स्वीकारयोग्य नदेखिने।

प्रतिवादी र पीडितको एकै छिमेकमा बसोबास रहेको देखिन्छ। पीडित पक्षले प्रतिवादीउपर झुट्टा पोल उजुर गर्नुपर्ने कारण मौकामा प्रतिवादीले भन्नसकेको देखिँदैन । साथै पीडित पक्षले आफ्नो नाबालक छोरीको सामाजिक इज्जत प्रतिष्ठामा आँच आउने गरी आफ्नो छोरीको भविष्यप्रति सोचविचार नगरी झुटो आरोप लगाए होलान् भनी अनुमान गर्न सकिने अवस्था मिसिलबाट देखिन आएको छैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफ्नो उमेर ७० वर्ष पुगेको भनी लेखाएको देखिन्छ । समाजमा रहेका यस्ता वृद्ध मानिसलाई श्रद्धा र मर्यादापूर्वक हेर्ने हाम्रो सामाजिक संस्कार रहीआएकोमा अपराध नगरेको भए एकै छिमेकमा बस्ने ७० वर्षको वृद्धलाई यस्तो घृणित लाञ्छना लगाउनुपर्ने कुनै आधार कारण पनि मिसिलबाट देखिन आउँदैन । यसरी वस्तुस्थितिका मानिसहरू एवम् पीडित स्वयम्को यथार्थ भनाईबाट प्रतिवादीउपरको अभियोग पुष्टि हुन गएको देखिने।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादीले आरोपित कसुर गरेको भन्ने पुष्टि हुन आएको हुँदा निज प्रतिवादी चन्द्रबहादुर सुवेदीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. को कसुरमा ऐ. महलको ३(१) बमोजिम १० वर्ष कैद सजाय गरी प्रतिवादीबाट पीडितले रू.३५,०००।- भरी पाउने ठहर गरेको सुरू फैसला सदर गरी प्रतिवादीको उमेर ७० वर्षको देखिँदा ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ बमोजिम प्रतिवादीलाई भएको सजायमा आधा छुट हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।४ को इन्साफ मिलेकै देखिँदा सदर हुने ठहर्छ । आरोपित कसुरबाट सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति इति संवत् २०७२ साल भदौ १८ गते रोज ६ शुभम्।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दिविङ्ग राना*

आफूलाई बोक्सी लागि विमारी बनाएको भन्ने अन्धविश्वासमा परी आफ्नै घर कोठामा रहेका निर्दोष व्यक्तिहरू दिलबहादुर सापकोटा, निजको श्रीमती जसोदा सापकोटा र टिकाराम श्रेष्ठलाई मार्ने मनसायले जोखिमी हतियार खुर्पा प्रहार गरी कर्तव्य गरी हत्या गरेको भन्ने तथ्य शङ्कारहित ढङ्गबाट पुष्टि हुन आएको हुँदा प्रतिवादी दिविङ्ग रानालाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराको फैसला अन्यथा गरिरहनुपर्ने अवस्था नदेखिने।

तसर्थ, माथि विवेचित आधार कारणबाट प्रतिवादी दिविङ्ग रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी तनहुँ जिल्ला अदालतबाट मिति २०६९।३।३१ मा भएको फैसला सदर गरी साधक

जाहेर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७०।११।२७ को फैसला मिलेको देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ननिपत साह कलवार*

आफूले श्रीमतीलाई छुरा प्रहारबाट सख्त घाइते बनाएको भनी घटनाको तत्काल पछि अपराधको जिम्मेवारी लिई प्रतिवादी आफैँ प्रहरी कार्यालयमा उपस्थित भएको अदालतमा बयान गर्दा आफू र मृतक श्रीमतीबीच वादविवाद झैझगडा हुने गर्दथ्यो भनी लेखाएको, प्रहरी घटना वारदात सम्बन्धमा प्रतिवेदक प्रहरीहरूको अदालतसमक्षको बकपत्रसमेतका मालाकार प्रमाणहरूबाट अभियोग दाबीबमोजिम प्रतिवादी ननिपत साह कलवारले आफ्नो श्रीमती शोभादेवीलाई धारिलो हतियार छुरा प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आएको हुँदा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा गरिरहनपर्ने अवस्था नदेखिने।

तसर्थ, प्रतिवादी ननिपत साह कलवारलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिमको कसुरमा सफाइ दिने ठहऱ्याई सुरू रौतहट जिल्ला अदालतबाट मिति २०६७।३।२८ मा भएको फैसला उल्टी गरी मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।३।५ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०७१-RC-००९५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भक्तबहादुर रूम्बा*

सानुकान्छा रूम्बाले प्रतिवादी भक्तबहादुर रूम्बाले नै अपराध गरेको हो भनी किटानी जाहेरी दिएको र त्यसलाई समर्थन गर्दै अदालतमा उपस्थित भई बकपत्रसमेत गरेका छन् । प्रतिवादी स्वयम्ले अनुसन्धानको क्रममा एवम् अदालतमा बयान गर्दा राति मैले सपना देखी निन्द्रामा घरकै चोटामा चुल्हो बनाउन ल्याएको ढुंगाले प्रहार गरी छोरीहरूलाई कर्तव्य गरी मारेछु भनी आरोपित कसुर स्वीकार गरेका छन्। त्यस्तै अभियुक्तको श्रीमती आशमाया रूम्बासमेतले छोरीहरू घरमा सुतेको अवस्थामा प्रतिवादीले पालैपालोसँग ढुंगाले टाउकोमा प्रहार गरी कर्तव्य गरी मारेका हुन् भनी घटना विवरण कागजमा उल्लेख गरेको र सोही व्यहोरालाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ । यसका साथै वारदातस्थलबाट जाहेरीसमेतमा उल्लेख भएको वारदात घटाउन प्रयोग गरिएको भनिएको अन्दाजी ५ किलोको ढुंगा बरामद भएको र प्रतिवादीले मौकामा र अदालतमा समेत कसुर गरेकोमा साबित भई बयान गरेकोले निजकै कर्तव्यबाट लक्ष्मीमाया रूम्बा, सुनितामाया रूम्बा र

अनितामाया रूम्बाको मृत्यु भएको हो भन्ने अभियोग दाबी शङ्कारहित तवरले पुष्टि हुन आउने।

प्रतिवादीले मलाई छारे रोग लागेको र राति मैले सपना देखी निद्रामा ढुङ्गाले प्रहार गरी छोरीहरूलाई कर्तव्य गरी मारेको हुँ भनी मौकामा र अदालतमा बयान गरी अनुसन्धान र न्यायिक प्रकृयामा सहयोग पुऱ्याएको देखिए तापनि निजको कर्तव्यबाट मृत्यु भएका लक्ष्मीमाया रूम्बा, सुनितामाया रूम्बा र अनितामाया रूम्बा निजका छोरीहरू हुन्। बाबु भएको नाताले आफ्नो सन्तानको देखभाल गर्ने उनीहरूको संरक्षण र सुरक्षा गर्ने प्रथम जिम्मेवारी निज प्रतिवादीकै देखिन्छ । निजका छोरीहरू लक्ष्मीमाया रूम्बा, सुनितामाया रूम्बा र अनितामाया रूम्बाको उमेर पनि क्रमशः १२, १० र ९ वर्षको देखिन्छ। मृतकहरू सुतिरहेकोमा निजहरूउपर भएको आक्रमणको प्रतिकारसमेत गर्न नसक्ने अवस्थामा भएको र आफूलाई संरक्षण गर्ने व्यक्तिबाट नै भएको आक्रमणमा परि मृत्यु भएको देखिन्छ। यसरी आफूलाई जन्म दिने बाबुले नै घरमा कोही नभएको समयमा राति सुतिरहेको अवस्थामा आफ्नो तीन जना नाबालक छोरीहरूको टाउको जस्तो संवेदनशील अङ्गमा ढुङ्गाले प्रहार गरी कर्तव्य गरी मारेको पुष्टि हुन आयो। तसर्थ प्रतिवादी भक्तबहादुर रूम्बालाई सर्वस्वसहित जन्म कैदको सजाय गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गरिरहन नपर्ने।

उल्लिखित आधार, कारण, प्रमाण एवम् विवेचनासमेतको आधारमा मकवानपुर जिल्ला अदालतबाट प्रतिवादी भक्तबहादुर रूम्बालाई सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।७।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

शाखा अधिकृतः रामु शर्मा

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०७२ साल फागुन ११ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०९८२, ०७०-CR-०७३३, ०७०-CR-०७८६, ०७०-CR-०७३४, ०७०-CR-०७३५, ०७०-CR-०७०३, ०७०-CR-०९३५, ०७०-CR-०७०२, ०७०-CR-०९९१, ०७०-CR-०९८५, ०७०-CR-०९८४, ०७०-CR-०९८९, ०७०-CR-०९८८, ०७०-CR-०९८७, ०७०-CR-०९९३, ०७०-CR-०९८६, ०७०-CR-०९८१, ०७०-CR-०९८३, ०७०-CR-०९९२, ०७०-CR-०९९०, ०७०-CR-०९९४, ०७०-CR-१००७, ०७०-CR-१११४, काठ कटान गरी भ्रष्टाचार गरेको, *बुधना थारू वि. नेपाल सरकार, विष्णुप्रसाद योगी वि. नेपाल सरकार, बोधबहादुर कुँवर वि. नेपाल सरकार, ललन कुमार झा वि. नेपाल सरकार, शयाम नारायण झा वि. नेपाल सरकार, सुरजनिधि तिवारी वि. नेपाल सरकार, हरिनारायण आचार्य वि. नेपाल सरकार, उपेन्द्र गिरी वि. नेपाल सरकार, धनीराम थारू वि. नेपाल सरकार, चहरी थारू वि. नेपाल सरकार, प्रवेशी थारू वि. नेपाल सरकार, फुलकुमारी थारू वि. नेपाल सरकार, विन्तिराम थारू वि. नेपाल सरकार, रामचरण चौधरी वि. नेपाल सरकार, चन्द्रबहादुर थारू वि. नेपाल सरकार, कन्हैयाराम चौधरी वि. नेपाल सरकार, राजुराम चौधरी वि. नेपाल सरकार, तुलसी बोहरा वि. नेपाल सरकार, भंगीलाल थारू वि. नेपाल सरकार, सन्तराम परियार वि. नेपाल सरकार, भुड्वा*

*थारू वि. नेपाल सरकार, प्रभुनाथ प्रसाद यादव वि. नेपाल सरकार, र नेपाल सरकार वि. प्रभुनाथ प्रसाद यादवसमेत*

वन नियमावली, २०५१ को नियम ३२(१) मा उपभोक्ता समूहले कार्ययोजनाबमोजिम प्राप्त हुने वन पैदावारको मात्र संकलन तथा बिक्री वितरण गर्नुपर्नेछ भन्ने उल्लेख भएको छ । यसै गरी सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१ को परिच्छेद–४ को विषयसूचीको ४.३ मा वन पैदवारको जम्मा मौज्दात, वार्षिक वृद्धिदर तथा संकलन गर्न सकिने परिमाण पत्ता लगाउने तरिकाको उल्लेखन भई सकंलन गर्न सकिने काठको परिमाण यकिन गर्ने विषयमा व्यवस्था गरी सोको द्रष्टव्यमा वन स्रोत सर्वेक्षण गरी वार्षिक निकाल्न सकिने परिमाण पत्ता लगाइसकेपछि हावाहुरीले यदि रूखहरू ढलेका छन् भने त्यस्ता रूखहरूको आयतन सकंलन गर्न सकिने परिमाणमा घटाई बाँकी मात्र निकाल्नु पर्दछ । यदि त्यस्ता ढलेका रूखको आयतन संकलन गर्न सकिने परिमाणभन्दा बढी छ भने आउने वर्षको संकलन गर्न सकिने परिमाणमा मिलान गर्नुपर्दछ (सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१) भन्ने उल्लेख रहेको छ । वन नियमावली, २०५१ को नियम ३१ को (१) मा सामुदायिक वनमा गर्न नहुने काम भनी कार्य योजनाले निषेध गरेको कार्यलाई समेटेको देखिने ।

उल्लिखित कानूनी व्यवस्थाअनुसार सामुदायिक वनबाट संकलन गर्न सकिने काठको यकिन गर्दा हावाहुरीले ढालेका रूखहरू समेतको यकिन गरी सोबाट बाँकी रहने परिमाणमा मात्र रूख कटान गर्न सकिने व्यवस्था गरेको देखिन्छ । त्यसका साथै यदि वार्षिक संकलन गर्न सकिने काठको परिमाण यकिन भई रूख कटान भइसकेको अवस्थामा हावाहुरीसमेतले रूखहरू ढाली AAC मा समावेश हुन नसकेको वा नसक्ने अवस्था भएमा मात्र सो वर्षको AAC मा समावेश हुन नसकेको परिमाणलाई दोस्रो वर्षको AAC मा प्राथमिकतासाथ समावेश गर्नुपर्ने र त्यसपछि मात्र विउ दिन नसक्ने रोगीलगायतका अरू रूख कटान गर्न पाइने व्यवस्था रहेको देखिन आयो ।

वार्षिक स्वीकार्य काठ कटानमा हावाहुरीले ढालेको रूखहरूलाई गणना नै नगरी AAC तयार गर्न मिल्ने अवस्था देखिन आउँदैन । वार्षिक स्वीकृत कटान तयार गर्दा नोक्सान नभएका, पछि हावाहुरीले नोक्सान पारेका रूखहरूबाहेक दोस्रो वर्षको AAC मा समावेश हुने गरी र सो अवस्थाबाहेक दोस्रो वर्षको संकलन गर्न सकिने काठको परिमाण अघिल्लै वर्ष पहिले नै खिचेर कटान गर्न सकिने भन्ने कानूनी व्यवस्था रहेको देखिँदैन । यस मुद्दाका ढलापडा, चोरले काटेका वा हावाहुरीले नोक्सान पारेका जस्ता दैवी परी लडेका रूखहरूलाई वार्षिक स्वीकृत कटान (AAC) भित्र पारेको देखिँदैन । यसका साथै सो संकलन गर्न सकिने रूखहरूको यकिन गरी गराई वा वार्षिक स्वीकार्य काठ कटान भइसकेपछि मात्र हावाहुरीले रूखहरू ढालेको, चोरहरूले रूख ढालेको, नदी कटान र गोठालाहरूले रूख विनास गरेको भन्ने यकिन विवरण खुलाएको पनि मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिँदैन । यस्तो अवस्थामा बढी परिमाणका रूखहरूको काठ कटान गरी राष्ट्रिय वनअन्तर्गतका सामुदायिक वनहरूको राष्ट्रिय सम्पत्तिको रूपमा रहेको काठ काटी नोक्सान पारी सरकारी कर्मचारीहरू र सामुदायिक वनका पदाधिकारीहरू एक आपसमा मिली आफूहरूलाई फाइदा र सामुदायिक वनलाई हानि नोक्सानी पुऱ्याएको देखिन आउने ।

प्रमाणमा आएको वन पैदावार संकलन सहमतिसम्बन्धी फाइलहरू अध्ययन गर्दा टेलवा सामुदायिक वनबाहेकका अन्य सामुदायिक वनबाट

कटान संकलनको लागि लिइएको लगत हेर्दा नदी किनारमा ढलेका, चोरले काटेका, सुखड भई ढलेका, आगलागी भई ढलेका, वर्षातका समयमा हावाहुरीले ढालेका रूखहरूको लगत तयार गर्दा कुन रूख उल्लिखित कुन किसिमको कार्यबाट ढलेको हो भन्ने कुरा कैफियत महलमा उल्लेखै नगरी मनोगत रूपले लगत तयार गरी काठ कटान संकलनको लागि टिप्पणी पेस गर्ने र सदर गर्ने कार्यसमेत गरी जिल्ला वन कार्यालयले कटान संकलन आदेश दिई सामुदायिक वनको रूखहरू काटी हानि नोक्सानी पुऱ्याउने कार्य गरेको देखिन्छ । यस्तो कार्य गर्ने राष्ट्रसेवक सरकारी कर्मचारीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) मा भएको व्यवस्थाअनुसार *कुनै राष्ट्रसेवकले उपदफा (१) र (२) मा लेखिएबाहेक अन्य कुनै काम गरी सरकारी वा सार्वजनिक सम्पत्ति बद्नियतपूर्वक कुनै किसिमले हानि नोक्सानी गरे वा गराएमा कसुरको मात्राअनुसार दुई वर्षसम्म कैद वा बिगोबमोजिम जरिवाना वा दुवै सजाय हुनेछ* भन्ने कानूनी व्यवस्था रहेको छ । यस्तो व्यवस्थाबमोजिम कसुरको मात्राअनुसार प्रतिवादी बनाइएका विभिन्न सरकारी कर्मचारीहरूलाई जनही ३(तीन) महिनादेखि २(दुई) वर्षसम्म कैद सजाय गर्ने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला मनासिब देखिने ।

प्रस्तुत मुद्दाका सामुदायिक वनहरूमा रहेका रूखहरू अवैधरूपले काटी कटाई रू.६५,३९,७४०।– बराबरको वन पैदावारलाई हानि नोक्सानी पुऱ्याएको मिसिल संलग्न कागजातबाट देखियो । उक्त बिगोको काठ घाटगद्दीमा मौजुद रहेको देखिँदा प्रतिवादीहरूले बढी परिमाणको काठ काटी खाई मासी लाभ लिएको देखिँदैन । तसर्थ बिगोको हकमा अनियमित रूपमा कटान भएको काठ घाटगद्दीमा मौजुद रहेको देखिएको र ती काठहरू बिक्री गरी बिगो असुलउपर हुन सक्ने अवस्था विद्यमान रहेको देखिएकोले बिगोको हकमा दाबी नपुग्ने ठहऱ्याई विशेष अदालत, काठमाडौंले गरेको फैसला मिलेको नै देखिने ।

उल्लिखित व्यवस्था, मिसिल संलग्न कागजातहरूबाट जिल्ला वन कार्यालय, बर्दिया र सो मातहतमा कार्यरत रहेका प्रतिवादी कर्मचारीहरूको मिलेमतोमा दाबीका सामुदायिक वनहरूमा गैरकानूनीरूपमा रूखहरू कटान गरी रू.६५,३९,७४०।– बराबरको काठ काटी हानि नोक्सानी पुऱ्याउने कार्य गरेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार कसुरको मात्राअनुसार प्रतिवादीहरू प्रभुनाथप्रसाद यादवलाई २(दुई) वर्ष कैद, हरिनारायण आचार्यलाई एक वर्ष छ महिना कैद, सुरजनिधि तिवारीलाई एक वर्ष कैद, विष्णुप्रसाद योगीलाई एक वर्ष कैद, श्यामनारायण झालाई छ महिना कैद, बोधबहादुर कुँवरलाई छ महिना कैद, ललनकुमार झालाई चार महिना कैद, उपेन्द्र गिरीलाई तीन महिना कैद हुने ठहऱ्याई र सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसुर गरेको देखिएकोले प्रतिवादीहरू चुडुवा थारू, प्रेदशी थारू, फुलकुमारी थारू, धनीराम थारू, विन्तिराम थारू, सन्तराम परियार, चहरी थारू, तुलसी बोहरा, भंगीलाल थारू, कन्हैयाराम चौधरी, राजुराम चौधरी, रामचरण चौधरी, वुधना थारू, चन्द्रबहादुर थारू र ओमप्रकाश थारूलाई जनही एक महिना कैद सजाय हुने एवम् बिगोको हकमा आरोप दाबी पुग्न नसक्ने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७०।३।३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ असोज १९ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CR-०७८१, ०७१-CR-०९७१, ०७१-CR-११८९, ०७१-CR-११०२, ०७१-CR-१२३४, कर्तव्य ज्यान तथा ज्यान मार्ने उद्योग, *श्रीकृष्ण पौडेल वि. नेपाल सरकार, प्रकाश क्षेत्री वि. नेपाल सरकार, लक्ष्मण धमला वि. नेपाल सरकार, किशोर खड्का वि. नेपाल सरकार र नेपाल सरकार वि. प्रकाश क्षेत्रीसमेत*

सहप्रतिवादी किशोर खड्का, लक्ष्मण धमलासमेतको मौकाको बयानसमेतका मिसिल प्रमाणबाट मृतक जमिम शाहलाई मार्नको लागि भारतदेखि नेपालमा आएको र टार्गेट बनाएको थाहा पाएका प्रतिवादी प्रकाश क्षेत्री र श्रीकृष्ण पौडेलले मार्ने कार्यमा सहमति जनाई मुख्य योजनाकार देखिएका बब्बु भन्ने त्रिलोक सिंहसँग घटना अघिपछि सम्पर्क गरेको, घटनापूर्व रेष्टुरेन्टसमेतमा बसी विभिन्न सरसल्लाह गरेको खुलेको र बब्बु सिंह र निजले ल्याएका व्यक्तिहरूलाई बसोबासको व्यवस्था मिलाएको र पटकपटक मोबाइलमा सम्पर्क गरेको र यी प्रतिवादीहरूसमेतको आचरण व्यवहार र कार्यको परिणामस्वरूप लक्षित कार्यसमेत सम्पन्न भएको देखिएको छ । साथै घटनामा प्रयोग भएको मोटरसाइकल र हतियारसमेतलाई लुकाउने कार्यमा समेत यी प्रतिवादीहरू श्रीकृष्ण पौडेल र प्रकाश क्षेत्रीको संलग्नता रहे भएको स्थिति देखिने।

प्रतिवादी प्रकाश क्षेत्रीको मौकाको बयानबाट वारदातअघि अपराध हुन लागेको सूचना जानकारी रहे भएको देखिएकोमा निज सेवारत प्रहरी कर्मचारी देखिएकोमा त्यस अपराध रोक्न कुनै भूमिका निभाएको नदेखिएको, बरू मृतक जमिम शाह मार्ने टारगेटमा परेको थाहा पाएकोमा आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरूसँग निरन्तर सम्पर्कमा रहने, अपराध घटेपछि अपराधीलाई भगाउन सहयोग गरेको देखिएको, साथै प्रतिवादी प्रकाश क्षेत्रीको मौकाको बयान स्वेच्छा विरूद्ध गराइएको पुष्टि हुने कुनै प्रमाण प्रतिवादीबाट पेस हुनसकेको समेत नदेखिएको र सहप्रतिवादीहरू किशोर खड्का र लक्ष्मण धमला मौका तथा अदालतमा गरेको पोलसमेतका मिसिल संलग्न कागजातबाट प्रतिवादी प्रकाश क्षेत्रीको मौकाको बयान समर्थित हुन आएको देखिँदा वारदातको योजना र षड्यन्त्रमा प्रतिवादीहरू श्रीकृष्ण पौडेल र प्रकाश क्षेत्रीको संलग्नता देखिन आई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६नं. विपरीतको कसुर गरेको देखिन आएकोले सोही नं. बमोजिम निज प्रतिवादीहरू श्रीकृष्ण पौडेल र प्रकाश क्षेत्रीलाई जनही १० वर्ष कैद हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालत, तथा पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीहरू लक्ष्मण धमला र किशोर खड्काको उक्त वारदात घटाउने मत सल्लाहमा सहभागी भई षड्यन्त्र गरेको भन्ने कुनै ठोस सबुद प्रमाणबाट पुष्टि हुनसकेको देखिँदैन । निजहरूले अपराधमा संलग्न भएका भारतीय व्यक्तिहरूलाई मोटरसाइकलमा गोंगबु र कलंकीसम्म पुऱ्याएको तथा श्रीकृष्ण पौडेलले दिएको हतियार भएको झोला विष्णुमतिमा फाली प्रमाण लोप गरेको र वारदातपूर्व र पश्चात् प्रतिवादी श्रीकृष्ण पौडेल तथा प्रकाश क्षेत्रीसँगै संलग्न रही निजहरूले लाए अह्राएको कार्य गरेको भनी साबिती बयान गरेकोसमेतबाट निजहरूले ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुर गरेको

देखिन आउने।

मृतक जमिम शाहलाई गोली हान्दा निजका ड्राइभर मथुरा मालाकारलाई समेत सोही बखत गोली लाग्न गएको देखिन्छ। प्रतिवादीहरूको निज मथुरा मालाकारलाई मार्नुपर्नेसम्मको योजना षड्यन्त्र गर्नुपर्ने कारण रहेको र सोअनुरूपको कार्य गरेकोसमेत देखिँदैन। अभियोग दाबीसमेतबाट यी प्रतिवादीहरू घटनास्थलमा रहे भएको भन्ने दाबी लिनसकेको नदेखिँदा ज्यान मार्ने उद्योगतर्फ पनि सजाय हुनुपर्ने भन्ने नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ मुख्य योजनाकारसँग वारदातको योजना र षड्यन्त्रमा सहमति जनाई वारदातपूर्व तथा वारदातपश्चात् संलग्न भएको देखिँदा निज प्रतिवादीहरू श्रीकृष्ण पौडेल र प्रकाश क्षेत्रीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं. विपरीतको कसुर देखिन आएकोले निज प्रतिवादीहरू श्रीकृष्ण पौडेल र प्रकाश क्षेत्रीलाई सोही ज्यानसम्बन्धी महलको १६नं. बमोजिम जनही १० वर्ष कैद हुने तथा प्रतिवादीहरू किशोर खड्का र लक्ष्मण धमलाले लाए अह्राएको कार्य गरी कसुरदारलाई भगाउनेसमेतका कार्य श्रीकृष्ण पौडेल तथा प्रकाश क्षेत्रीसँगै संलग्न रही अरू किसिमका मतलबी देखिन आएकोले प्रतिवादीहरू किशोर खड्का र लक्ष्मण धमलालाई ज्यानसम्बन्धी महलको १७(३) नं. विपरीतको कसुरमा सोही नं. बमोजिम जनही ३ वर्ष कैद हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।८।३ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।५।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन ८ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-१०६२, दर्ता हक कायमसमेत, *निर्भयमान पति श्रेष्ठ वि. आशाकाजी महर्जनसमेत*

भूमिसुधार तथा व्यवस्थापन विभाग, अभिलेख शाखा डिल्लीबजारको पत्रहरू, नापी कार्यालय, काठमाडौंको स्थलगत सर्जमिन मुचुल्कासमेतबाट विवादित कि.नं. ३२९ को जग्गा पोता नं. १४४ सँग भिड्ने विर्ता जग्गा भई उक्त जग्गामा यी प्रत्यर्थी वादीहरूले भोगचलन गरेको देखिन आएको तथा बिर्ता उन्मुलन ऐन, २०१६ को दफा १२ क को कानूनी व्यवस्थाबमोजिम २०४९ साल आषाढ मसान्तसम्ममा कसैको नाउँमा रैकरमा परिणत गरी दर्ता भइनसकेको अवस्थामा उक्त जग्गा कमाउने व्यक्ति यी प्रत्यर्थी वादीहरूको नाममा दर्ता हक कायम हुने गरी भएको तत्कालीन पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, उपर्युक्तबमोजिमको आधार कारणबाट तत्कालीन पुनरावेदन अदालत, पाटनबाट सुरू फैसला उल्टी गरी वादी दाबीबमोजिम काठमाडौं जिल्ला गोगंबु गा.वि.स.वडा नं.९ कि.नं. ३२९ को क्षेत्रफल ०–७–०–० को जग्गा वादीहरूका नाममा दर्ता हक कायम हुने ठहऱ्याएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस ३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-WO-०१०९, उत्प्रेषण, अमलेस देवी गामी वि. पुनरावेदन अदालत, जनकपुरसमेत

लेनदेनको फिराद पर्नुभन्दा अगाडि मिति २०६५।७।३ मा ठगी मुद्दाको बिगो भराउने सम्बन्धमा

विपक्षी रामबालक मण्डलको दरखास्त दर्ता भई मालपोत कार्यालय, धनुषाको च.नं. ०६५/०६६ २२६८ मिति २०६५।७।७ को पत्रबाट स्व. रामसखी देवीका नाउँमा रहेका जग्गा रोक्का राखी बिगो भरी भराउको कार्य सुरू भएको देखिन्छ। निवेदिका वादी, विपक्षी प्रतिवादी रामेश्वरदास कथवनियासमेत भएको लेनदेन मुद्दा मिति २०६७।७।८ मा मात्र फैसला भएको पाइन्छ। मिसिलबाट देखिएको उक्त तथ्यबाट लेनदेन मुद्दा दर्ता नहुँदै ठगी मुद्दाको अन्तिम फैसलाबाट स्व. रामसखीदेवीको नामका रोक्का रहेका जग्गा निवेदिकाले फुकुवा गर्न माग गरेको पाइयो। परन्तु, लेनदेन मुद्दा फैसला भई बिगो कायम नहुँदै अर्कै मुद्दाबाट पहिले नै रोक्का रहेको जग्गाको रोक्का फुकुवा माग गर्ने हकदैया कपाली तमसुककी धनी निवेदिकालाई नहुने।

मुलुकी ऐन, अपुतालीको २ नं. अनुसार स्व. आमाको अपुताली खाने हक अधिकार विपक्षी रामेश्वरदास कथवनियासमेतका छोरालाई हुन्छ। हाम्रोसमेत अपुताली हक लाग्ने सम्पत्ति विपक्षी रामेश्वरले खाए मासेको ठगीको बिगोमा लिलाम हुन लागो भनी निजबाहेकका अन्य विपक्षी छोराहरूले प्रश्न उठाउन पाउने अधिकार भए पनि निवेदिका स्व. रामसखी देवीको कानूनबमोजिमको हक प्राप्त व्यक्ति नरहेको हुँदा निजले स्व. रामसखी देवीको अपुताली सम्बन्धमा लेनदेनको रकम नठहर्दै अदालतको आदेशबाट रोक्का रहेको जग्गाबाट विपक्षी रामबालकको ठगी मुद्दाको बिगो भराउन मिल्दैन भन्न कानूनतः मिल्दैन। २०६६ सालमा लेनदेन मुद्दा पर्नु अघि नै ठगी मुद्दाको बिगोमा २०६५।७।३ मा विवादित जग्गा रोक्का रहेको देखियो। यसरी लेनदेन मुद्दा अस्तित्वमा नआउँदै ठगी मुद्दामा अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयनका लागि विधिवत रोक्का रहेको जग्गा ठगी मुद्दाको कार्यान्वयन सम्पन्न नहुँदै फुकुवा हुन नसक्नेसमेत हुँदा फुकुवा गरिपाउँ भन्ने निवेदिकाको निवेदन जिकिर कानूनसम्मत देखिन नआउने।

निवेदिकाले फुकुवा गर्न दाबी गरेको जग्गा लेनदेन मुद्दा दर्ता हुनु अघि ठगी मुद्दामा भएको अन्तिम फैसला कार्यान्वयनका सिलसिलामा अदालतले रोक्का राखी कारबाही चलाएको र निवेदिका स्व. रामसखी देवीको अपुताली हक खान पाउने हक प्राप्त व्यक्तिसमेत नरहेको हुँदा रोक्का रहेका जग्गाबाट विपक्षीमध्येको रामबालक मण्डलको ठगी मुद्दाको बिगो भराउने कारबाही हुन सक्ने नै देखियो। यस स्थितिमा निवेदिकाको निवेदनअनुरूप तहसिलदार कर्मचारीबाट फुकुवा गर्ने गरेको आदेश नमिलेको भनी धनुषा जिल्ला अदालत, इजलासबाट बदर गर्ने गरी गरेको आदेश बेरीतको नदेखिएको भनी पुनरावेदन अदालतबाट भएको आदेशसमेतमा कुनै कानूनी त्रुटि रहेको देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट ठगी मुद्दाको बिगो भरी भराउका लागि रोक्का रहेका स्व. रामसखी देवीका नाममा दर्ता रहेका कि.नं. २०, २४, १०४, ५ र १० का जग्गाहरू फुकुवा गर्ने गरी तहसिलदारबाट मिति २०६६।११।१४ मा भएको आदेश बदर गरेको धनुषा जिल्ला अदालतको मिति २०६७।१२।११ को आदेश परिवर्तन गरिरहन नपर्ने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।३।२ मा भएको आदेशमा कुनै संवैधानिक र कानूनी त्रुटि नदेखिँदा मागबमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्ने देखिन आएन। निवेदकको निवेदन खारेज हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७१-CR-०३७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुनाकुमारी कुमाल*

मृतकको टाउकोको पछाडि गर्धनमाथि ३ इन्च लम्बाई ३ इन्च चौडाई २ इन्च गहिरो घाउ रहेको भन्नेसमेत घटनास्थल तथा लास जाँच मुचुल्काबाट देखिएको छ । काठको बिँडमा फलामको पासो भएको बरामद दशी कोदालोलाई प्रतिवादीले बयान गर्दा त्यसैले प्रहार गरेकी हुँ भनी स्वीकार गरी सनाखत गरेको पाइन्छ । शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Due to Head Injury भनी उल्लेख भएकोसमेतका मिसिल संलग्न आधार प्रमाणबाट मृतक तुलबहादुर कुमालको मृत्यु प्रत्यर्थी प्रतिवादी पुनाकुमारी कुमालले फलामको पासो भएको कोदालोले टाउकोमा प्रहार गरेको चोटको परिणाम स्वरूप भएको पुष्टि हुन आउने ।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा प्रत्युक्त उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमाबाहेक भन्ने शब्दले विष खुवाएको र जोखिमी हतियारले हानेको कारण चोट खाने व्यक्तिको ज्यान गएको अवस्थामा उक्त १४ नं. को वारदात कायम हुन नसक्ने भन्ने देखिन आयो । यहाँ फलामको पासो भएको कोदालो जोखिमी हतियारमा पर्छ पर्दैन भन्ने प्रश्न उठन सक्छ । फलामको धातु कडा, वजनदार र अरू वस्तुले त्यसलाई नष्ट गर्न नसक्ने कारण जोखिमी हतियार बनाउन प्रयोग गरिन्छ । त्यस्तो धातुबाट बन्ने कोदालोको पासो खेतिपाती प्रयोजनका लागि प्रयोग हुने अवस्थाले सामान्य हतियार मानिने भए पनि जोखिमी हुँदैन भन्न सकिन्न । फलामको धातुबाट बन्ने कोदालोले मानिसको टाउकोमा प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समझ भएको व्यक्तिले पनि अनुमान गर्ने कुरा हो । अर्कोतर्फ मादक पदार्थ सेवन गरी मात्तिएको मृतकले गालीगलौज गरी कुटपिट गर्दै गर्दा सामान्य अवस्थामा रहेकी प्रतिवादीलाई भागडौड गर्ने, हार गुहार गर्ने पर्याप्त अवस्था हुँदाहुँदै त्यतातर्फ नलागी मृतकलाई कोदालोको पासो जस्तो जोखिम वस्तुले निजको संवेदनशील अङ्ग टाउकोमा हानेको अवस्था हुँदा ज्यान लिने इवी नभएको भन्न पनि उपयुक्त हुँदैन । जोखिमी हतियारले हानेको चोटबाट मृत्यु भएको पुष्टि भएमा त्यसरी हान्ने प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन भनी १० वर्षमात्र सजाय गर्दा उक्त १४ नं. कानूनको प्रतिकूल हुन जानेसमेत देखियो । अतएव फलामको कोदालोको पासाले हानि मृतकको मृत्यु भएको वारदातलाई सामान्य लाठा ढुंगाको प्रहारसरह ग्रहण गरी मृतकलाई मार्ने पूर्वरिसइवी र मनसाय नभएको भनी प्रतिवादी पुनाकुमारी कुमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गरी पुनरावेदन अदालत, बुटवलसमेतबाट भएको फैसला त्रुटिपूर्ण रहेको देखिन आउने ।

मिसिल संलग्न रहेका तथ्यबाट फलामको कोदालोले हान्दा मानिस मर्नसक्छ भन्ने सम्भावित परिणामतर्फ हेक्का नराखी प्रतिवादी एक्लैले मृतकको टाउकोमा कोदालोले हानेको चोटका कारण मृतकको मृत्यु भएको वारदात पुष्टि भएको हुँदा प्रत्यर्थी प्रतिवादी पुनाकुमारी कुमाललाई मुलुकी ऐनसम्बन्धी महलको १४ नं. बमोजिम सजाय गर्ने गरेको सुरू एवम् पुनरावेदन अदालतको फैसला मिलेको नदेखिँदा उल्टी भई ऐ. महलको १३ नं. को देहाय ३ नं. बमोजिम निजलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्ने ।

मिसिल संलग्न सम्पूर्ण प्रमाणबाट घटनाको कारक स्वयम् मृतक देखिएका छन् । मृतक र प्रतिवादी लोग्ने स्वास्नीको नाताको देखिन आएको, मार्नुपर्ने

पूर्वरिसइवी केही नभएको, तत्काल रिस थाम्न नसकी कोदालोको पासाले हिर्काउँदा मृत्यु भएको देखिएको, प्रतिवादीले न्यायिक इन्साफको लागि सहयोग पुग्ने गरी अदालतमा बयान गरेको देखिँदा तत्कालको आवेशलाई भवितव्य हो की भन्नेसम्मको अवस्था हुँदा कानूनअनुरूप प्रत्यर्थी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने चित्तले देखिएको हुँदा प्रत्यर्थी प्रतिवादी पुनाकुमारी कुमाललाई मुलुकी ऐन, अ.बं. १८८ नं. अनुसार कैद वर्ष १० (दश) मात्र हुने।

तसर्थ, उल्लिखित आधार र कारणबाट प्रत्यर्थी प्रतिवादी पुनाकुमारी कुमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम कैद वर्ष १० हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०७०।९।२२ मा भएको फैसला नमिलेको हुँदा उल्टी भई ऐ. महलको १३ नं. को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय हुने ठहर्छ। वारदातको प्रकृतिबाट प्रतिवादीलाई ऐनबमोजिम सजाय दिँदा चर्को हुनजाने चित्तले देखिएको हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० (दश) मात्र हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

इति संवत् २०७४ साल वैशाख २९ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०५०३, प्रतिषेध / परमादेश, *दिनेश त्रिपाठी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत*

विपक्षी लालेन्द्रकुमार मण्डलउपर मुद्दा चली मुद्दाको कारबाहीको क्रममा सफाई पाइसकेको देखिँदा निज विपक्षी लालेन्द्रकुमार मण्डल विरूद्ध महोत्तरी जिल्ला अदालतमा दायर रहेको कर्तव्य ज्यान मुद्दालाई फिर्ता लिने अवस्था रहेको भन्ने आधार नै नदेखिएकोले मुद्दा फिर्तासम्बन्धी कुनै प्रकृया नचाल्नु भनी विपक्षीहरूका नाउँमा प्रतिषेध जारी गरिपाउँ भन्ने निवेदकको निवेदन दाबी हालको अवस्थामा औचित्य पूर्ण नदेखिएकोले निवेदकको सो निवेदन मागदाबीतर्फसमेत प्रवेश गरिरहनुपर्ने नै देखिन नआउने।

संविधान सभाका सदस्यको अयोग्यतासम्बन्धी प्रश्नमा कारबाही र किनारा गर्ने अधिकार संविधान सभा अदालतलाई रहेको अवस्थामा निज लालेन्द्रकुमार मण्डलको योग्यतासम्बन्धी प्रश्नमा सोही अदालतबाट कारबाही किनारा हुन सक्ने गरी वैकल्पिक कानूनी उपचारको मार्ग प्रशस्त रहेको अवस्थामा सोसम्बन्धी प्रश्नको निराकरण नगरी वा नहुँदै सभासदको लागि अयोग्य मान्न सकिने वा सभासदसमेतका हैसियतले काम कार्य गर्न रोक लगाउन सकिने अवस्थासमेत नदेखिएकोले प्रस्तुत रिट निवेदनको माध्यमबाट सभासदको हैसियतले कुनै कार्य नगर्नु नगराउनु भनी रोक लगाउन मिल्ने अवस्थासमेत नदेखिने।

तसर्थ विपक्षी लालेन्द्रकुमार मण्डललाई निवेदन मागबमोजिम पक्राउ गरी अदालतमा उपस्थित गरिरहनुपर्ने र निलम्बन गर्नुपर्ने अवस्थाको विद्यमानता प्रथमदृष्टि (Prima facie) मै देखिन नआएको तथा निज विपक्षी प्रतिवादी लालेन्द्र कुमार मण्डलका विरूद्ध चलेको मुद्दामा अदालतबाट जारी भएको म्यादभित्रै निज अदालतमा उपस्थित भई साधारण तारेखमा रहेको र मुद्दा किनारा हुँदा महोत्तरी जिल्ला अदालतबाट सफाइसमेत पाइसकेको देखिएको अवस्था हुँदा मुद्दा फिर्ता लिने अवस्था नै नदेखिँदा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज

हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-०८४८, डाँका चोरी, *नेपाल सरकार वि. अकरम अलीसमेत*

प्रस्तुत वारदातमा फरार प्रतिवादी अमिरूल अहमद र प्रत्यर्थी प्रतिवादीहरू मोहमद करिन्जन अहमद, अनिल द्विवेदी, मुसुरूद्दिन शाह र गुलाम वारिससमेत भई जाहेरवालाहरूको घरमा रातिको १२:३० देखि ३:०० बजेको समयभित्र हतियारसहित प्रवेश गरी डर धाकधम्की दिई निजहरूलाई बोल्न नदिई घर तोडफोड गरी बरामद भएका वस्तुहरू चोरी गरेर लगेको कुरा मिसिल संलग्न तथ्यबाट प्रमाणित भएको अवस्थामा प्रतिवादीहरूको कसुर मुलुकी ऐन, चोरीको महलको ६ नं. अनुसार डाँका वारदाताको देखिन आयो । अतः प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको ६ नं. बमोजिम सजाय गर्नुपर्नेमा प्रत्यर्थी प्रतिवादीमध्येको गुलाम वारिसलाई अभियोग दाबीबाट सफाइ दिएको र अन्य प्रत्यर्थी प्रतिवादीहरू मोहमद करिन्जन अहमद, अनिल द्विवेदी र मुसुरूद्दिन शाहले चोरीको १२ नं. र ऐ. को १४ नं. को देहाय २ नं. बमोजिम जबरजस्ती चोरीको कसुर गरेको भनी निजहरूलाई जबरजस्ती चोरीमा सजाय गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

अभियोग दाबीअनुरूपको धनमालको बिगो कायम नगरी बरामद सामानको मात्र बिगो कायम गरेको मिलेन भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा रातिको समयमा चोरीको वारदात भएको छ । चोरी भएकै समयमा प्रहरीलाई सूचना गरी तत्कालै प्रहरीले खोज तलास गर्दा प्रत्यर्थी प्रतिवादीहरू गुलाम वारिस र अनिल द्विवेदीसहित चोरीका मालवस्तु प्रत्यर्थी अकरम अलीको घरबाट बरामद भएको छ । फरार प्रतिवादीले अरू माल वस्तु लगेको भनी पोल गरे पनि मिसिल संलग्न तथ्यबाट सो पोल वस्तुगत रूपमा प्रमाणित हुनसकेको स्थिति पनि छैन । जाहेरी बेहोरा र जाहेरवालाहरूको अदालतमा भएको बकपत्रलाई मात्र आधार मानी अभियोगमा दाबी गरिएअनुसारको बरामद नभएको माल वस्तुको पनि बिगो कायम गरी प्रतिवादीहरूलाई जरिवाना सजाय गर्न न्यायसङ्गत नहुने हुँदा बरामद नभएका सामानहरू चोरी गरेको बिगोमा समावेश नहुने गरी पुनरावेदन अदालतबाट भएको फैसलासमेत मिलेकै देखिन आउने ।

तसर्थ, माथि विवेचित कानूनी आधार र कारणबाट प्रत्यर्थी प्रतिवादी गुलाम वारिसले अभियोग दाबीको कसुरबाट सफाइ पाउने र प्रत्यर्थी प्रतिवादीहरू महमद करिन्जन अहमद, अनिल द्विवेदी र मुसुरूद्दिन शाहलाई मुलुकी ऐन, जबरजस्ती चोरीको १४ नं. को देहाय २ नं. अनुसार सजाय गरेको ठहर गरी पुनरावेदन अदालत, दिपायलबाट मिति २०६९।३।२८ मा भएको फैसला नमिलेको हुँदा सो हदसम्म उल्टी भई प्रत्यर्थी प्रतिवादीहरू गुलाम वारिस, महमद करिन्जन अहमद, अनिल द्विवेदी र मुसुरूद्दिन शाहले अभियोग दाबीबमोजिम ऐ. महलको ६ नं. को पहिलो पटक डाँकाको कसुर गरेको पुष्टि भएको हुँदा ऐ. महलको १४ नं. को देहाय ४ नं. अनुसार निजहरूलाई जनही ६ वर्ष कैद र बरामद बिगो रू.२७,००८।- र सोको डेढी रू.१३,५०४।- समेत जम्मा रू.४०,५१२।– जरिवानाको सजायसमेत हुने ठहर्छ । फरार प्रतिवादी अमिरूल अहमदका हकमा मुद्दा मुल्तबीमा राखी प्रत्यर्थी प्रतिवादी अकरम अलीलाई

ऐ. चोरीको २० नं. बमोजिम २७,००८।‍ जरिवाना गरी र ऐ. १२ नं. अनुसार १ महिना कैद सजाय गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०७४२, घर खाली गरिपाउँ, *राज कुमार थापा क्षेत्री वि. विष्णु वहकरीसमेत*

वादीको कि.नं. ७७४ भित्र पूर्णभक्त थापाको अंश भागमा परेको घर भए तापनि निजबाट वादीको हकमा ल्याउन र घर खाली गराउनका लागि साधिकार निकायबाट खरिद बिक्री, रजिष्ट्रेशन गरी आधिकारिक रूपमा हक हस्तान्तरण गरेको देखिनुपर्नेमा त्यसप्रकार रजिष्ट्रेशन नभई गरेको भनिएको घरायसी लिखतलाई मान्यता दिन मुलुकी ऐन, रजिष्ट्रेशनको १ नं. ले नमिल्ने भएको हुँदा कानूनअनुकूलको प्रकृयाबाट आएको नदेखिएकोले फिराद दाबीबमोजिम घर खाली गराउनुपर्ने अवस्थाको विद्यमानता नदेखिनुका साथै कानूनबमोजिम विवादित घरमा वादीको हकदैयासमेत स्थापित भएको नदेखिएको हुँदा घर खाली गराउने गरी भएको सुरू जिल्ला अदालतको फैसला उल्टी गरी आफ्नो हकदैया नै नपुगेको घर खाली गराई माग्न वादीको हकदैया नभएकोले फिराद खारेज हुने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७१।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस २१ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०६३५, लेनदेन, *छेदनप्रसाद तिवारी वि. जनार्दन पाण्डे*

वादीले पेस गरेको रू.३,००,०००।– को तमसुक हेरी प्रतिवादीले उक्त तमसुक किर्ते जालसाजी गरी बनाएको हो भनी बयान गरेकोमा विवादित लिखत परीक्षण गर्न पठाएको देखियो । परीक्षण प्रतिवेदनबाट उक्त लिखतको शिरमा लागेको ल्याप्चेसँग प्रतिवादीको ल्याप्चे भिडेको भन्नेसमेतको प्रतिवेदन प्राप्त भएको देखिन्छ । लिखत जाँच गर्ने विशेषज्ञले अदालतमा आई बकपत्र गरी उक्त प्रतिवेदन व्यहोरालाई समर्थन गरिदिएको अवस्था देखिएको छ । यसरी प्रतिवेदनमा उल्लिखित व्यहोरालाई विशेषज्ञले अदालतमा आई बकपत्र गरिदिएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २३ ले प्रमाणमा लाग्ने नै देखिने ।

विशेषज्ञको बकपत्रबाट समेत ल्याप्चेहरू प्रस्टरूपमा नउत्रिएकाले नमूनासँग तुलना गरी जाँच गर्न नसकिएको मात्र हो, ती ल्याप्चेहरू नमूनासँग भिड्दैन भन्ने कुरा प्रतिवेदनमा उल्लेख भएको होइन भनी स्पष्ट खुलाई बकपत्र गरिदिएको अवस्थासमेत देखिन्छ । यसबाट लिखतमा लागेका ल्याप्चेहरूमध्ये तुलना गर्न सकिएको लिखतको शिरको ल्याप्चे भिडेको र अन्य ल्याप्चे भने नमूनासँग तुलना गर्न नसकिने अवस्थाको भएको भन्ने देखिएकोले नमूनासँग नभिडेको भनी भन्न सकिने अवस्थसमेत नरहने ।

लिखितरूपमा कपाली तमसुक प्रमाणको

रूपमा पेस भइरहेको र सोलाई अन्यथा भन्न सकिने ठोस सबुद प्रमाण पेस गर्न नसकेको अवस्थामा मौखिक कुरालाई विश्वास गर्न सकिने कुनै कानूनी आधार रहे भएकोसमेत नदेखिएकोले वादीले प्रतिवादीबाट कानूनबमोजिम साँवाब्याज भराई लिन पाउने नै देखियो। तसर्थ तमसुकबमोजिमको रू.३,००,०००।– रूपैयाँको कानूनबमोजिम साँवा ब्याज प्रतिवादीबाट वादीले भराई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६९।१।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस २१ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०२८७, निषेधाज्ञा, *विमलादेवी घिमिरे वि. अम्बिका कोइरालासमेत*

आफ्नो जग्गा कसैले खिचोला गरेमा सो खिचोलाउपर कानूनबमोजिम पीडक व्यक्तिउपर निवेदकलाई जग्गा खिचोला मुद्दा दायर गर्ने मार्ग रहेको नै देखिन्छ । सामान्यतः अन्यायमा परेका व्यक्तिले वैकल्पिक उपचारको मार्ग नभएको अवस्थामा मात्र रिट क्षेत्रबाट उपचार पाउने कानूनी सिद्धान्त रहेको छ । यसै सन्दर्भमा ...*वैकल्पिक उपचारको मार्ग हुँदाहुँदै असाधारण अधिकारक्षेत्रबाट बोल्न नमिल्ने ।* (ने.का.प.२०६९ नि.नं. ८९३४ अङ्क १२) भनी निवेदक अनिरूद्रकुमार साहसमेत विरूद्ध कृषि विकास बैंक लि. शाखा कार्यालय, दुहवीसमेत भएको उत्प्रेषणयुक्त परमादेश मुद्दामा यस अदालतबाट सिद्धान्त प्रतिपादन भएको छ । निवेदकलाई प्रस्तुत विवादमा पिरमर्का परेमा वैकल्पिक उपचारको मार्ग रहेकोले प्रस्तुत निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने देखिएन। यसर्थ सुरू पुनरावेदन अदालत, विराटनगरले प्रस्तुत निवेदन खारेज हुने ठहऱ्याई गरेको फैसला मिलेको नै देखियो । आफ्नो जग्गा कसैले खिचोला गरेको अवस्थामा प्रचलित कानूनी व्यवस्थाबमोजिम वैकल्पिक कानूनी उपचारको मार्ग अवलम्बन गर्नुपर्ने र निवेदिकाले जिकिर लिएको पर्खालको हक बेहकसम्बन्धी प्रमाण बुझी यकिन गर्नुपर्ने कुरामा प्रस्तुत निवेदनबाट निरूपण हुन सक्ने नै देखिने।

अतः उल्लिखित यिनै निवेदकले यिनै विपक्षीहरूउपर मोरङ जिल्ला अदालतमा लुटपिट मुद्दाहरू दायर गरेको अवस्था र निवेदकलाई प्रस्तुत विवादको सम्बन्धमा वैकल्पिक उपचारको मार्ग रहेको अवस्थामा निवेदन खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरले मिति २०६९।११।१४ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CI-००८४, उत्प्रेषण / परमादेश, *विमलादेवी घिमिरे वि. श्वेता कोइरालासमेत*

यिनै रिट निवेदक र यिनै प्रत्यर्थीहरूबीच चलेको घर हटाई चलन चलाई पाउँ भन्ने मुद्दामा मोरङ जिल्ला अदालतबाट विमलादेवी घिमिरे दर्ताको साबिक मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं. ७ख हाल जिल्ला मोरङ, विराटनगर उपमहानगरपालिका वडा नं. ६(ख) कि.नं. ९९५ र कि.नं. १००२ को जग्गामा कुनै पनि किसिमको संरचना निर्माण कार्य

नगर्नु, नगराउनु, निर्माण कार्य गर्न लागेको वा गरिरहेको भए प्रस्तुत मुद्दाको निरूपण नभएसम्म यथास्थितिमा राख्नु भनी मिति २०७१।६।६ मा आदेश भएको देखिन्छ । सिद्धान्ततः वैकल्पिक उपचारको बाटो नभएको अवस्थामा मात्र रिट क्षेत्रबाट उपचार प्राप्त गर्न सकिन्छ। प्रस्तुत मुद्दामा यी निवेदकले दाबीको जग्गामा विपक्षी श्वेता कोइरालाले घर बनाएउपर मोरङ जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिएको हुँदा सोही मुद्दाबाट आवश्यक प्रमाण बुझी प्रमाणको मूल्याङ्कन गरी कानूनबमोजिम मोरङ जिल्ला अदालतले फैसला गर्न सक्ने देखिन्छ। यस्तो अवस्थामा प्रस्तुत मुद्दाको मुख्य विवादको विषयमा वैकल्पिक उपचारको मार्ग अवलम्बन भइरहेको अवस्थामा उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुने अवस्था देखिएन। तसर्थ प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरले गरेको फैसला मिलेको नै देखिने।

अतः यिनै निवेदिकाले यिनै विपक्षीहरूसमेत उपर यसै विवादको विषयमा मोरङ जिल्ला अदालतसमक्ष हक कायम घर हटाई चलन मुद्दा दायर गरी सोही मुद्दामा उक्त अदालतबाट विवादित जग्गामा निर्माणाधीन घर निर्माण कार्य नगर्नु, नगराउनु र निर्माण कार्य भएको भए हाललाई यथास्थितिमा राख्नु भनी आदेशसमेत भइसकेको परिप्रेक्ष्यमा वैकल्पिक कानूनी उपरचारको मार्ग अवलम्बन गरिसकेको देखिएको अवस्था विद्यमान हुँदा निवेदकको निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी नगरी प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरले मिति २०७१।१०।१९ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल वैशाख १२ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-WO-०५०९, उत्प्रेषण, *उमेश प्रसाद वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

नेपाल सरकारको भोगाधिकारसम्बन्धी नीति सरकारको नीतिगत विषय भएको र यस्तो नीतिगत विषयमा निर्देशन दिने गरी निर्णय गर्ने अधिकार अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई नरहेको हुँदा यसरी कानूनले दिएको क्षेत्राधिकारभन्दा बाहिर गई नेपाल सरकारको भोगाधिकारसम्बन्धी नीति, २०६२ को सीमाभित्र रही गरिने काम कारबाहीलाई रोक्ने सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्णय गरी रोक्न गरेको पत्राचार तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३, हाल प्रचलित नेपालको संविधान तथा कानूनले प्रदान गरेको अधिकार क्षेत्रभित्रको पर्ने देखिन नआएको हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सरकारी जग्गाको भोगाधिकार प्रदान गर्ने कार्य रोक्ने गरी मिति २०६८।८।७ मा गरेको निर्णय तथा सोको आधारमा भएका पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल पुस १८ गते रोज २ शुभम्।

## इजलास नं. ४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-WO-०७१८, उत्प्रेषण / परमादेश, *चेतनारायण राय थारू वि. चन्द्रिका थरूनीसमेत*

वादीले दायर गरेको अंश नामसारी मुद्दामा

वादीले कि.नं.हरू २०, २१, २८, ३८, ४४, ६९, १००, १११, १४६ र १६९ को जग्गाहरूबाट आधा अंश पाउने ठहरी फैसला भएको ती जग्गाहरूको पनि शेषपछिको बकसपत्र भएकोले लिखत बदर मुद्दामा वादी दाबी नपुग्ने ठहर गर्दा यी दुई फैसला परस्पर विरोधी हुनजाने भई अंश मुद्दामा भएको फैसला कार्यान्वयन गर्न बाधा पर्ला भनेर अंश मुद्दामा भएको फैसलाको कार्यान्वयनलाई सजिलो पार्नका लागि लिखत बदर मुद्दाको फैसलामा उक्त बोली परेको पाइन्छ । उक्त फैसलाबाट परमदेवीले वादीको अंश पुग्ने जग्गासमेत बकसपत्र गरेको अवैध ठहर्‍याई सो हदसम्म उक्त लिखत बदर गरेको र परमीदेवीले आफूखुसी गर्न पाउने बाँकी आधा जग्गाको लिखत यथावत् कायम राखेको र वादीको हक मात्र बदर भएको शेषपछिको बकसपत्र लिखतका जग्गाहरू वादीले अंश मुद्दाको फैसला कार्यान्वयनबाट प्राप्त गरिसकेको कुरा स्पष्ट देखिन्छ । अंश र लिखत बदर मुद्दाको विषयवस्तु एउटै देखिएको र दुवै मुद्दाको फैसलाबाट निवेदकले उही र उत्तिकै जग्गा प्राप्त गरेको र सोहीबमोजिम फैसला कार्यान्वयन भएको देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्नु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल जेठ १० गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७३-WH-००११, बन्दीप्रत्यक्षीकरण, *रामप्रसाद चौलागाई वि. पुनरावेदन अदालत, पाटनसमेत*

बद्नियत वा प्रवृत्त भावना लिई वा कानूनको उचित प्रकृया नपुर्‍याई बन्दीलाई थुनामा राखेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेशबाट थुनामुक्त गरिने बन्दीप्रत्यक्षीकरणको मुख्य उद्देश्य हो । प्रस्तुत विवादमा भक्तपुर जिल्ला अदालतको फैसलाले लागेको कैद सजाय असुलउपर गर्ने क्रममा निवेदकलाई पक्राउ गरी कैद पुर्जी दिई कैदमा राखेको देखिन्छ । निवेदकलाई अधिकारक्षेत्रभन्दा बाहिर गई बद्नियत वा प्रबृत्त भावना लिई कानूनविपरीत पक्राउ गरिएको भन्ने देखिँदैन । युक्तियुक्त आधार कारण बिना कानूनबमोजिम भएको फैसला कार्यान्वयनको क्रममा भए गरेका काम कारबाहीबाट वैयक्तिक स्वतन्त्रताको हरण भएको मान्न मिल्दैन । यस्तो अवस्थामा मागबमोजिमको आदेश जारी गर्दा अदालतको अन्तिम भई बसेको फैसला निस्तेज भई कार्यान्वयन हुन सक्दैन । अदालतको फैसला कार्यान्वयन नहुनु भनेको दण्डहीनताले प्रश्रय पाउनु हो । फैसला अन्तिमताको सिद्धान्तले पनि सक्षम अदालतबाट भएको अन्तिम फैसला कार्यान्वयन योग्य हुने ।

अतः निवेदकको नाउँको म्याद रीतपूर्वक तामेल भएको देखिएको, म्याद तामेल गरिएको वडाबाहेक अन्यत्रै वतन छ भन्ने तथ्य नदेखिएको, निवेदकलाई सक्षम अदालतबाट भएको सजाय कार्यान्वयन गर्ने सन्दर्भमा कैदमा पठाएको देखिँदा बद्नियत वा प्रवृत भावना राखी वा कानूनविपरीत थुनामा राखेको नदेखिएको र सक्षम अदालतको अन्तिम फैसला कार्यान्वयन योग्य हुने भएकोले कानूनबमोजिम निवेदकलाई दिइएको कैदी पुर्जीबाट निवेदकको संविधान प्रदत्त स्वतन्त्रताको हक र स्वच्छ सुनुवाइको मौका पाउने संवैधानिक हकमा आघात पुगेको मान्न

मिलेन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CR-०१३२ र ०७१-CR-०२३९, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. अर्जुन साह, अर्जुन साह वि. नेपाल सरकार*

शङ्का र अनुमान व्यक्तिका निजी कुरा हुन् यसले प्रमाणको रूप लिन सक्दैन । पक्राउ पर्दाको समयमा यी प्रतिवादीको उमेर १७ वर्षको कक्षा ७ मा पढ्ने व्यक्ति रहेको भन्ने देखिन्छ। अपरिपक्व उमेरका यी पुनरावेदक प्रतिवादी रातको समयमा हिरासतबाट भाग्दासँगै पक्राउ परीसँगै हिरासतमा बसी हेलमेल भएका प्रतिवादी चन्द्रशेखर गुप्ताको साथमा लागि गएको स्वाभाविक अवस्था र परिस्थिति देखिन्छ । यसरी तत्कालिन अवस्था र परिस्थितिलाई विचार गर्दा रातको समयमा अन्य थुनुवाहरूको साथमा हिरासतबाट निस्कने क्रममा अर्का प्रतिवादी चन्द्रशेखर गुप्ताको साथमा लागि गएको भन्ने आधारबाट मात्र यी दुई प्रतिवादीहरूबीच पूर्व चिनजान र कारोबार रहेछ भनी यी प्रतिवादीलाई कसुरदार ठहर गर्न विवेकसम्मत नहुनुका साथै प्रमाण कानूनका प्रचलित सिद्धान्त र प्रमाणको भारसम्बन्धी कानूनी प्रावधानअनुरूप भन्न मिल्ने नदेखिने।

वस्तुतः जुन मुद्दाको अनुसन्धानको लागि हिरासतमा लिइएको थियो, सो मुद्दामा मिसिल संलग्न प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले आरोपित कसुर गरेको प्रमाणित हुन नआएको यस अवस्थामा सो मुद्दाको अनुसन्धानको क्रममा हिरासतबाट भागेको कसुरमा कसुरदार ठहर गर्न कानूनसम्मत हुने नदेखिने।

कारागार ऐन, २०१९ को दफा २४(४) मा "कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नुभन्दा अघि थुनामा बसेको अवधि कट्टा गरी बाँकी हुने सजायमा डेढी बढाई सजाय कायम गरी त्यसमा निज भाग्नुभन्दा अघि वा पछि थुनामा रहेको जम्मा अवधि कट्टी गरी बाँकी रहन आउने सजाय हुनेछ ।" भन्ने कानूनी व्यवस्था देखिन्छ । उक्त कानूनी व्यवस्थाअनुसार जुन मुद्दाको अनुसन्धानको क्रममा थुनुवालाई थुनामा राखिएको हो, सो मुद्दा फैसला हुँदा सो मुद्दामा थुनुवा कसुरदार ठहरी सजाय भएको अवस्थामा मात्र थुनुवा भागेको कसुरमा समेत सो मूल मुद्दामा भएको सजायमा डेढी बढाई सजाय कायम गर्नुपर्ने देखिन्छ । तर मूल मुद्दामा कसुर गरेको प्रमाणित नभई थुनुवा निर्दोष देखिएको अवस्थामा थुनुवा भागेको कसुरमा समेत सजाय हुन सक्ने देखिन आएन । तसर्थ यी पुनरावेदक प्रतिवादीले लागु औषध मुद्दामा वादी पक्षले निजको अभियोग प्रमाणित गर्न नसकेको कारणबाट निज पुनरावेदक प्रतिवादीले लागु औषध मुद्दाबाट उन्मुक्ति पाउने देखिएकोले सोही मूल मुद्दाको जरियाबाट उठेको हिरासतबाट भागेको कसुरमा समेत सजाय कायम गर्न कानूनतः मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादी अर्जुन साहलाई मुख्य अभियुक्तको मतियार देखिन आएको भनी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को १७ अनुसार ५ वर्ष कैद र रू.३७,५००।– जरिवाना तथा हिरासतबाट भागेको कसुरमा कारागार ऐन, २०१९ को दफा २४(४) अनुसार थप ७ वर्ष ६ महिना कैद र रू.५६,२५०।– जरिवानासमेत गरी जम्मा १२ वर्ष ६ महिना कैद रू.९३,७५०।– जरिवाना हुने ठहऱ्याई भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।१८ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक

प्रतिवादी अर्जुन साहले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज १० गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CI-०००१, निषेधाज्ञा, *रामसागर ठाकुर बडहीसमेत वि. रामजसी कुमारी बडही*

पुनरावेदकहरूले लिखित जवाफमा निवेदकले आफ्नो घरको फोहर मैला, ट्वाइलेटको पानी, पाइपको पानी फाल्नु भएन भनी उल्लेख भएबाट यी दुवै पक्षबीच मनमुटाव भएको देखिन्छ । निवेदक प्रत्यर्थीको हक भोगको जग्गामा रहेको पर्खाल भत्काई घरबाहेकको खाली जग्गा कब्जा गर्ने आशङ्का भएको भनी निवेदन दिएको र यी पुनरावेदकमध्येका बाल्टीनी बडहीनको जग्गाको साँध सिमाना जोडिएको देखिँदा निवेदकका नाउँमा दर्ता रहेको कि.नं. ३३८६ को जग्गामा निवेदकले अरू कसैको व्यवधान बिना अरू कसैलाई असर नपर्ने गरी उपयोग र उपभोग गर्न पाउने नै देखिने।

तसर्थ निवेदक रामजसी कुमारी बडहीका नाउँ दर्ताको कि.नं. ३३८६ को घरजग्गा र सो जग्गामा बनेको पर्खाल भोगचलन गर्न कुनै किसिमको अवरोध नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।११।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०८१७, लेनदेन, *सोनालाल सहनी वि. जयप्रकाश महतो*

प्रतिवादीले पेस गरेको सक्कल भरपाईका सम्बन्धमा वादीले उक्त भरपाई किर्ते तरिकाबाट तयार गरेको हो भरपाईमा लागेको दुवै ल्याप्चे छापसँग आफ्नो ल्याप्चे छाप भिडाई विधि विज्ञान प्रयोगशालाबाट जाँच गराई पाउँ भनी बयान गरी जँचाई पाउँ भनी पुनः निवेदनसमेत दिएको देखिन्छ । वादीको मागबमोजिम सुरू अदालतबाट उक्त भरपाईलाई विशेषज्ञसमक्ष उक्त भरपाई जाँचको लागि पठाई विशेषज्ञले वादीको सहिछाप उक्त भरपाईमा परेको सहिछापसँग भिड्छ भनी प्रतिवेदन दिएको देखिन्छ। उक्त ल्याप्चे सहिछाप जाँच गर्ने विशेषज्ञले आफ्नो रायलाई पुष्टि हुने गरी बकपत्र गरेकोसमेत देखिन्छ । वादी स्वयम्ले उक्त भरपाई जँचाई पाउँ भनी माग गरी उक्त भरपाईको अस्तित्वलाई स्वीकार गरिसकेपछि उक्त भरपाई जाँच भई प्राप्त प्रतिवेदनलाई स्वीकार गर्दिन भनी भन्न मिल्ने नदेखिने।

लिखत परीक्षणको दक्षता हासिल गरेका विशेषज्ञहरूको राय न्याय सम्पादनको सहजताको लागि भएको तथ्यमा विवाद छैन। वैज्ञानिक तरिकाले विवादित लिखतको परीक्षण हुने हुँदा विशेषज्ञको रायलाई विश्वास नगर्ने मनासिब आधार र कारण भएमा बाहेक निजले व्यक्त गरेको रायलाई अस्वीकार गर्न मिल्दैन। प्रस्तुत विवादित भरपाईमा पनि विशेषज्ञबाट परीक्षण भई रायसहितको प्रतिवेदन मिसिल सामेल रहेको देखिन्छ। निजको उक्त रायसहितको प्रतिवेदन र बकपत्रलाई अन्यथा हो भनी भन्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट

प्रतिवादीले वादीसँग लिएको कर्जाको साँवा र ब्याज एकमुष्ट बुझाई वादीले गरिदिएको भरपाईलाई किर्ते गरेको ठहऱ्याएको बारा जिल्ला अदालतबाट मिति २०६९।११।३० मा भएको फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।५।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-१७१३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. बुद्धिप्रसाद गुरूङसमेत*

जाहेरवाला इन्द्रकुमार गुरूङले जाहेरी दरखास्तमा उल्लिखित रकममध्ये कुन प्रतिवादीले के कति रकम बुझेको हो भनी रकम बुझेको बिल भरपाईसमेतका कुनै लिखत पेस गर्नसकेको देखिँदैन। त्यसैगरी यी जाहेरवालाले आफ्नो जाहेरी व्यहोरालाई समर्थन हुने गरी बकपत्र गर्न सकेको पनि देखिँदैन। जाहेरवाला र निजको श्रीमती ओमकुमारी गुरूङको प्रवेशाज्ञा (VISA) को प्रतिलिपि हेर्दा सो VISA मा मलेसिया इमिग्रेसनबाट VISA PASS को स्ट्याम्पको व्यहोरामा "Thirty (30) Days on Social visit only" भनी उल्लेख भएको देखिन्छ। जाहेरवाला इन्द्रकुमार गुरूङ र निजकी श्रीमती ओमकुमारी गुरूङलाई Malaysian High commission in Nepal ले दिएको VISA मा Tourist Visa for 3 week भनी उल्लेख भएको देखिन्छ। प्रतिवादी कृष्ण गुरूङको श्रीमती LU FUL ले Malaysian High commission in Nepal लाई लेखेको पत्रमा यी जाहेरवाला कृष्ण गुरूङको नाताको व्यक्ति भएकोले तीन सप्ताहाको लागि मलेसिया भ्रमण गर्न निम्तो दिएकोसमेतको व्यहोरा उल्लेख भएबाट निज जाहेरवाला र निजको श्रीमतीले प्राप्त गरेको VISA हेर्दा वैदेशिक रोजगारीको लागि भएको नभई भ्रमणमा गएको देखिने।

जाहेरवाला र निजको श्रीमती ओमकुमारी गुरूङलाई विदेश पठाइदिने भनी प्रतिवादीहरू बुद्धिप्रसाद गुरूङ, कृष्ण गुरूङ, कमल गुरूङ र गौरीशंकर ओभरसिज प्रा.लि.का सञ्चालक नहकुल राईले जाहेरवाला र निजको श्रीमतीबाट रकम बुझी विदेश पठाइदिने भनी विदेश नपठाएको भन्ने प्रमाणित हुन नआएकोले जाहेरी दरखास्तको आधारमा मात्र प्रतिवादीहरूलाई दोषी ठहर गर्न मिल्ने नदेखिने।

अतः प्रतिवादीहरू बुद्धिप्रसाद गुरूङ, कृष्ण गुरूङ, कमल गुरूङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम र प्रतिवादी गौरीशंकर ओभरसिज प्रा.लि.का सञ्चालक नहकुल राईलाई सोही ऐनको दफा ४४ बमोजिम सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।५।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ११ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CI-१०५४, अंशबन्डा फैसला दर्ता नामसारी बदर गरी अपुताली हक कायम गरी जग्गा नामसारी गरिपाउँ, *राजाराम लोहारसमेत वि. ज्ञानमती लोहार*

विपक्षी वादी ज्ञानमतीको स्वर्गीय बाबु

शिवनाथले दे.न. ९४५ को अंश मुद्दामा दिएको प्रतिउत्तर व्यहोरा तथा वादी दाबी छाडी छोडाई प्रतिवादी श्रीराम लोहार, शिवनाथ लोहार, रामनाथ लोहारसमेत मन्जुर भएको भनी संवत् २०४६ सालको दे.न ९४५ को अंश नामसारी मुद्दामा रूपन्देही जिल्ला अदालतबाट विश्वनाथ, शिवनाथ, रामनाथ लोहारबीच मिति २०४७।२।१६ मा भएको मिलापत्रबाट आफ्नो हक छोडिसकेको देखिन्छ । अंशमा बाबुआमाकै हक स्थापित हुन नसकेको र बाबुआमाको नाममा नै सम्पत्ति नदेखिएको अवस्थामा निज बाबुआमाको अपुताली छोराछोरीले पाउने अवस्था नहुने।

कसैले सचेतन अवस्थामा मनसायपूर्वक स्वेच्छिक रूपमा आफूलाई प्राप्त कुनै कानूनी हक, अधिकार, लाभ, सुविधा, विशेषाधिकार परित्याग गर्दछ भने पछि ती कुराहरूमा सोही व्यक्तिले दाबी गर्न नपाउने भन्ने परित्यागको सिद्धान्त (Waiver) ले अपेक्षा गरेको हुन्छ। आफ्नो हक अधिकार परित्याग नगरेको अवस्था सम्बन्धित व्यक्तिले सो हक अधिकार निर्बाध रूपबाट उपभोग गर्न पाउने नै हुने।

वादीको पिताले नै आफ्नो अंश हक स्वेच्छिकरूपमा परित्याग गरिसकेको कुरा उपर्युक्त उल्लिखित अंश मुद्दामा फिराएको प्रतिउत्तर तथा मिलापत्र व्यहोराबाट स्पष्ट भएकोले पिताले परित्याग गरिसकेपछि अंश हकमा छोरीको हक लाग्न सक्ने अवस्था नै रहेन। यी विपक्षी वादीको बाबुले नै आफ्नो हक परित्याग गरिसकेको अवस्थामा निजकी विवाहित छोरीले बाबुको अपुताली खान पाउने अवस्था नहुँदा बाबुको अपुताली छोरीले पाउने भनी अपुताली हक कायम गरेको सुरू रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेको नदेखिने।

अतः विपक्षी ज्ञानमतीको बाबु शिवनाथले नै आफ्नो हक लाग्ने नेपालमा केही नभएको भन्नेसमेत उल्लेख गरी मिति २०४६।१०।०९ मा प्रतिउत्तर दिएको र मिलापत्रबाट समेत हक परित्याग गरिसकेको देखिँदा दाबी नपुग्ने निर्णय गर्नुपर्नेमा निजकी छोरीले बाबुको अपुताली खान पाउने भनी अपुताली हक कायम गरी मिति २०५३।१२।२१ को बन्डापत्र, मिति २०६४।११।५ मा रूपन्देही जिल्ला अदालत, र २०६५।१०।७ मा पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलासमेत बदर गर्ने गरी भएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।४।१८ को फैसला मिलेको नदेखिँदा केही उल्टी हुने।

इजलास अधिकृत: कोशलेश्वर झवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक ३ गते रोज ४ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-WO-०४७३, उत्प्रेषण, *राजाराम लोहारसमेत वि. पुनरावेदन अदालत, बुटवलसमेत*
- ०७१-CR-१०३०, जालसाजी, *राजाराम लोहारसमेत वि. ज्ञानमती लोहारसमेत*
- ०७१-CI-१०५५, नाता प्रमाणित सिफारिस बदर गरिपाउँ, *राजाराम लोहारसमेत वि. ज्ञानमती लोहारसमेत*

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७०-CR-१२६५, कर्तव्य ज्यान, *टासी शेर्पासमेत वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीहरूले मृतकसँग वारदातको दिन र समयमा गाइवस्तु चरिचराउको विषयमा सामान्य विवाद भएको तथ्यसम्ममा साबित रही आरोपित कसुरमा इन्कार रही अदालतमा बयान

गरेको देखिन्छ । वारदातसँग सम्बन्धित केही कुरा स्वीकार गर्नु र अपराधमा साबित हुनु अलग अलग कुरा हुन् । सामान्य विवाद भएको भन्नेसम्मको तथ्यको स्वीकारोक्तिले अपराध स्वीकार गरेको मान्न मिल्दैन । ज्यानजस्तो गम्भीर फौजदारी कसुरको कसुरदार ठहर गर्न वस्तुपरक प्रमाण चाहिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ ले वस्तुपरक प्रमाण पेस गरी वादी दाबीलाई पुष्टि गर्ने दायित्व वादी पक्षउपर रहने कुरालाई निर्देश गरेको छ । जाहेरवालाले जाहेरी दर्खास्त दिँदा लाठी ढुङ्गाले कुटपिट गरी मरणासन्न अवस्थामा पुर्‍याएको भनी उल्लेख गरे तापनि अदालतमा आई बकपत्र गर्दा सामान्य विवादसम्म भएको पुनरावेदक प्रतिवादीहरूले कुटपिट गरेको होइन भीरबाट लडेको भनी लेखाई दिएको पाइन्छ । यस अवस्थामा जाहेरी दरखास्तलाई अकाट्य प्रमाणको रूपमा ग्रहण गर्न सक्ने अवस्था विद्यमान रहेन । त्यसैगरी जाहेरवालाले जाहेरीमा कुटपिट हुँदाहुँदै अवस्थामा घटनास्थलमा पुगेका मृतक दाजु टासी ठुन्डुक शेर्पा घटनास्थलबाट कराएको आवाज सुनी आफू पुगेको भनी उल्लेख गरेकोमा टासी ठुन्डुकले अनुसन्धानको क्रममा कागज गर्दा भाग्दै आउने क्रममा कान्लाबाट चिप्लिएर लडी घाइते भएका भनी उल्लेख गर्नुका साथै कुटपिट गरेकोमा पूर्ण विश्वास लाग्छ भनी लेखाएका छन् । यी टासी ठुन्डुक शेर्पा अदालतमा बकपत्र गर्न नआएको अवस्थामा प्रमाण ग्रहण गर्न सक्ने अवस्था छैन भने निजले पनि कुटपिट गरेको देखेको नभई विश्वाससम्म व्यक्त गरेको हुँदा त्यस्तो विश्वासलाई प्रमाणको रूपमा ग्रहण गर्न सक्ने अवस्था नरहने ।

मृतकलाई पुनरावेदक प्रतिवादीहरूले मार्नुपर्नेसम्मको रिसइवी रहे भएको मिसिलबाट कहिँकतै देखिँदैन । सामान्य विवाद भएकै आधारमा ज्यान मार्नेसम्मको कसुर गरेको भनी भन्न मिल्दैन । लाठा तथा ढुङ्गासमेतले प्रहार गरेको भन्ने वादी पक्षको दाबी भए तापनि वादी पक्षबाट पेस भएका साक्षी गवाहको भनाई लेखाई तथा शव परीक्षण प्रतिवेदनले वादी पक्षको कथनलाई शङ्कारहित तवरबाट पुष्टि गर्नसकेको अवस्था नपाइने ।

यी पुनरावेदक प्रतिवादीहरूले लात मुक्का लाठा, ढुङ्गासमेतले प्रहार गरी रिदा छिरिङलाई कर्तव्य गरी मारेको भन्ने अभियोग दाबी मिसिल संलग्न प्रमाणबाट स्थापित हुन नआएको र निजको मृत्यु अन्दाजी ७ मीटर अग्लो डिलबाट लडी भएको भन्ने स्थापित भएकोले प्रतिवादीहरू मिङ्गमा शेर्पा र टासी शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३ नं. को देहाए दफा ३ बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला मिलेको देखिन नआउने । पुनरावेदक प्रतिवादीद्वय मिङमा शेर्पा र टासी शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं. को देहाय दफा ३ बमोजिम जन्मकैद सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।३।१७ को फैसला उल्टी भई निज प्रतिवादीद्वयले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खड्का,** ०७०-RC-०१२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रूपा गाहामगरसमेत*

प्रतिवादी रूपा गाहामगरले अदालतमा बयान गर्दा प्रहरीमा भएको बयान स्वइच्छाको होइन प्रहरीले

मलाई बेस्सरी पिटी बयान पढी बाची नसुनाई सहिछाप गराएका हुन् भनी आरोपित कसुरमा इन्कार रही बयान गरेकी छन् । तर प्रहरीद्वारा तयार भएर आफूले देख्न सुन्न नपाएको भनिएको कागजमा के कस्तो कारण वा परिवन्दले सही गर्नुपरेको थियो सो कुरा निजले अदालतको बयानमा खुलाउन सकेकी छैनन् । प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न नमिल्ने ।

प्रहरीमा कुटपिट गरी बयान गराएको भए म्याद थपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिई शारीरिक परीक्षण गराउनुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि कुटपिट गरी बयान गराएको जिकिर लिई घा जाँच गराउन निवेदन दिनसकेको देखिँदैन । प्रतिवादीको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नुपरेको कुराको जिकिर लिई प्रमाणितसमेत गर्न सक्नुपर्ने ।

प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको कुटपिट गरेको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नुपरेको भन्ने कुरा भन्न नसकेको स्थितिमा यी प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष कुटपिट गरी डरत्रास इच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निज रूपा गाहामगरले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तीलाई निजका विरूद्ध प्रमाणमा लिनुपर्ने हुन आउने ।

परीक्षणको लागि पठाइएको रौं Human hairs नै भएको भन्ने केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला महाराजगञ्जको परीक्षण प्रतिवेदनमा उल्लेख भएको पाइन्छ । तसर्थ प्रतिवादी रूपा गाहामगरको बयान जाहेरवालाको जाहेरी दर्खास्त, शव परीक्षण प्रतिवेदन, घटनास्थल लाँश जाँच प्रकृति मुचुल्का, सहअभियुक्त दलबहादुर पुनमगरको मौकाको बयान, जाहेरवाला एवम् घटनास्थल तथा वस्तुस्थिति मुचुल्कामा सही गर्ने मानिसहरूसमेतको बकपत्रलगायतका भौतिक तथा अन्य प्रमाणहरूले समर्थन गरेको देखिँदा मृतक रूकबहादुर गाहामगरलाई यी प्रतिवादी रूपा गाहामगर र दलबहादुर पुनसमेतले कर्तव्य गरी झुण्डाई मारेको देखिई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने भनी ठहर गरी भएको सुरू प्यूठान जिल्ला अदालतको मिति २०६९।३।३१ को फैसला सदर गरेको पुनरावेदन अदालत, तुल्सीपुरको फैसला मिलेकै देखिने ।

सहअभियुक्तमध्येका रूपा गाहामगरले प्रहरीसमक्षको बयानमा दुवैजनाको चिया पसलमा आउदा जादा प्रेम सम्बन्ध बसेको, सो कुरा रूपा गाहामगरका पति मृतक रूकबहादुरले थाहा पाएकोले रिसाएको, होटलको माथि चोटामा वारदातका दिनसँगै गफ गरेर बसेको भनी पोल गरी गरेको बयानमा प्रतिवादी दलबहादुरलेसमेत सो कुरा अधिकार प्राप्त अधिकारीसमक्ष साबित रही बयान गरेको देखिन्छ । घटना हुँदाका अवस्थामा प्रत्यक्षदर्शीको अभावमा मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूलाई समेत मूल्याङ्कन गरी न्याय निरूपण गर्नुपर्ने हुन आउँछ । प्रतिवादी कसुरमा इन्कार रहेकै भरमा मात्र निजको निर्दोषिता कायम गर्न नमिल्ने ।

मिसिल संलग्न अन्य प्रमाणहरू हेर्दा प्रतिवादी दलबहादुर पुन वारदातका दिन अर्थात् मिति २०६७।०९।११ गते बेलुका मृतकको होटलमा रहेको भन्ने कुरा जाहेरवाला कुवेरसिं गाहामगरको जाहेरी दरखास्त, निजले अदालतसमक्ष गरेको बकपत्र, प्रहरी जवान हरिशंकर चौधरीको बकपत्र, सहअभियुक्त रूपा गाहामगरको बयानसमेतबाट पुष्टि भइराखेको देखिन्छ । साथै निजहरू दुवै प्रतिवादीहरूकाबीचमा प्रेमसम्बन्ध रहेको र मृतकलाई सो कुराको जानकारी भई रिसाउने गरेका भन्ने कुरा पनि दुवै प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयानबाट खुल्न आएको छ । सहअभियुक्त रूपा गाहामगरले प्रहरीमा गरेको साबिती बयान यी प्रतिवादीको प्रहरीमा भएको बयानसमेतबाट समर्थित भएको स्थितिमा सो साबिती र त्यसबाट स्वाभाविक रूपले देखिएको कुराहरू प्रमाणमा लिन मिल्ने ।

मृतकको लासजाँच मुचुल्का र घटनास्थल मुचुल्का हेर्दा मृतक झुण्डिरहेको थोप्ली नामक रूखभन्दा १०० मिटर पर बाटोमा रगत र उत्तरतर्फ २५० मिटर पर बाटोको साइडको ढुङ्गामा रगत, रगत लागेका कपडा र रौंहरूसमेत रहेको देखिन आएकोले मृतकउपर पहिले कुटपिट भई सोपछि मृतकलाई पर लगी झुण्ड्याइएको रहेछ भन्ने कुरा समर्थित हुन आएको छ । शारीरिक रूपमा अशक्त नरहेको मृतकलाई प्रतिवादीमध्येकी रूपा गाहामगरले एक्लैले मारी, मारिसकेपछि पर रूखसम्म एक्लैले बोकी, लगी झुण्ड्याएको होला भन्न सकिने अवस्था एवम् कल्पनासमेत गर्न सकिँदैन । कर्तव्य ज्यान जस्तो सँगीन प्रकृतिको अपराध केवल अदालतसमक्षको इन्कारी बयान र साक्षीहरूले एकै मिलानको बकपत्र गरिदिएकै आधारमा मात्र निजको निर्दोषिता पुष्टि भएको मान्न मिल्दैन । यसका लागि इन्कारी बयान शङ्कारहित प्रमाणहरूबाट पुष्टि हुनुपर्ने ।

उल्लिखित विश्लेषणबाट निजसमेतको सहमति र संलग्नतामा मृतक रूकबहादुर गाहामगरलाई फलामे हँसियाले टाउकोमा हानि ढलाई रूखमा झुण्डाएको र निजहरूको कर्तव्यबाट मृत्यु भएको देखिँदा सुरू प्यूठान जिल्ला अदालतले निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला मिलेको नदेखिँदा निज प्रतिवादी दलबहादुर पुनलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुरबाट भएको फैसला मिलेकै देखिने ।

अतः उल्लिखित विवेचित तथ्य, प्रमाण र कानूनसमेतका आधारहरूबाट प्रतिवादी रूपा गाहामगर र दलबहादुर पुनलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत, तुल्सीपुरबाट मिति २०७०।५।३० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१०४४, कर्तव्य ज्यान, *तुलसी राई वि. नेपाल सरकार*

प्रतिवादीको साबिती बयान मिसिल संलग्न रहेका घटनास्थल प्रकृति मुचुल्का, लासजाँच प्रकृति मुचुल्का, “Cause of death is head injury” भन्ने मृतकको शव परीक्षण प्रतिवेदन, घटनास्थल तथा वस्तुस्थिति मुचुल्कामा सही गर्ने तेजकुमार राईसमेतले गरिदिएको बकपत्रलगायतका मिसिल

संलग्न प्रमाणहरूबाट समर्थित हुन आएको देखिँदा मृतक भक्तबहादुर राईको मृत्यु प्रतिवादी तुलसी राईको कर्तव्यबाट भएको पुष्टि हुन आउने ।

फौजदारी कानून र न्यायको एउटा महत्त्वपूर्ण उद्देश्य भनेको कसुरदारलाई सजाय गर्नुको साथै अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्नु पनि हो । कसुरदारलाई सजाय तोक्दा दण्ड गरे जस्तो मात्र देखिनु हुँदैन । कसुरको मात्रा र गाम्भीर्यताअनुसार दण्ड पाएको अनुभूति गरी पश्चातापको वातावरण पनि सिर्जना हुने किसिमले दण्ड गर्नुपर्ने हुन्छ । प्रतिवादीले टाउकोमा प्रहार गरेको र टाउकोमा गहिरो चोट लागेको कारणबाट मृतकको मृत्यु हुन गएबाट यस्तो प्रकृतिको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने नभई सोही महलको १३(३) न. आकर्षित हुने हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. को कसुरमा सोहीबमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहराएको पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी तुलसी राईलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० वर्ष कैद गर्न व्यक्त गरेको रायतर्फ विचार गर्दा यी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद ठहर भए तापनि अपराध हुँदाको अवस्था, परिस्थितिसमेत हेर्दा ज्यान मार्नेसम्मको पूर्वरिसइवी भएको देखिँदैन । आफ्नो भेना नैनबहादुरलाई मृतकले खुकुरीले प्रहार गरी घाइते बनाएको रिसमा सामान्य झगडाको अवस्थामा तत्काल उठेको रिसको कारण कर्तव्य हुन पुगेको देखिन्छ । मृतकलाई कर्तव्य गरी मार्नकै लागि यी प्रतिवादी योजनावद्धरूपले मृतक कहाँ गएको भन्ने पनि देखिन आएको छैन । मृतक र यी प्रतिवादी तुलसी राई नातामा काका भतिजा भन्ने पनि देखिन आएको छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत कसुर अपराधलाई स्वीकार गरी न्यायिक कार्यमा सहयोग पुऱ्याएको अवस्था छ । प्रतिवादीले जेल सजाय भोग्नु परेको कारणबाट निजसँग आस्रित परिवारको स्थितिसमेतलाई मध्यनजरसमेत राखी सजाय निर्धारण गर्नुपर्ने ।

कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनुपर्दछ । तसर्थ उक्त तथ्यहरूसमेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १० वर्ष मात्र कैदको सजाय हुन व्यक्त गरेको पुनरावेदन अदालत, राजविराजको रायसमेत मनासिब नै देखिन आउने ।

अतः प्रतिवादी तुलसी राईलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०७२।३।१३ को रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-००८६, कर्तव्य

ज्यान, *संजादेवी सरदार वि. नेपाल सरकार*

मृतक बेचनलाल सरदारको घाँटीको अगाडी भागलगायत चिउँडो, बायाँ कुम, दाहिने हातको पाखुरा, बायाँ कानमुनि काटेको चोट रहेको, पानी जमेको हिलोमा उत्तानो अवस्थामा घाँटी काटिएको र नाङ्गो अवस्थामा मृतकको लास रहेको भन्ने मिति २०७०।५।८ को घटनास्थल लास जाँच मुचुल्कामा उल्लेख भएको मृतकको Casuse of Death मा "Seems to e Asphexiz Due To Cut Thyroid Cartilage Lurengs C. Srine Bones $C^{3,}$ $C^4$ and External bleedings" भन्ने कोशी अञ्चल अस्पताल विकास समिति मोरङको २०७०।५।९ को शव परीक्षण प्रतिवेदनमा उल्लेख छ। यसरी शरीरका विभिन्न भागहरू काटिएका घा चोट रहेको घट्नास्थल तथा लास प्रकृति मुचुल्का र घाँटी काटिएको समेतको कारणले मृतकको मृत्यु भएको भन्ने मृतकको शव परीक्षण प्रतिवेदनबाट देखिँदा मृतकको मृत्यु स्वाभाविकरूपमा नभई कर्तव्यबाट भएको तथ्य स्थापित हुन आउने।

अदालतसमक्ष गरेको बयानमा पतिले आफूउपर रक्सी खाई मातेर खुकुरी प्रहार गर्न खोज्दा सोको प्रतिकार स्वरूप मृतकलाई काठको पिराले प्रहार गरेको र मृतकले नै बोकेको खुकुरीले निजको शरीरमा चोट लागेको हो। आफूले पतिको हत्या गरेको होइन, वारदातमा आफूले पतिउपर काठको पिरा प्रहार गरेको र आफ्नै कोठामा आफू र पतिबीच भएको कुटपिटको वारदातमा पति जख्मी भई उपचारको क्रममा मृत्यु भएको र आफूसमेत घाइते भएको भनी बयान गरेको पाइन्छ । अदालतमा बयान गर्दा यी पुनरावेदक प्रतिवादीले प्रहरीमा भएको बयान स्वइच्छाको होइन प्रहरीले लेखेर ल्याएको बयान कागजमा जबरजस्ती सहिछाप गराएको भनी आरोपित कसुरमा ईन्कार रही बयान गरेकी छन । तर प्रहरीद्वारा तयार भएर आफूले देख्न सुन्न नपाएको भनिएको कागजमा के कस्तो कारण वा परिवन्दले सही गर्नुपरेको थियो सो कुरा निजले अदालतको बयानमा खुलाउन सकेकी छैनन् । प्रतिवादीले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजलाई निर्दोष मान्न नमिल्ने।

प्रहरीमा जबरजस्ती गरी बयान गराएको भए म्याद थपको क्रममा अदालत ल्याएको बखत सो कुराको जिकिर लिई शारीरिक परीक्षण गराउनुपर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि जबरजस्ती गरी बयान गराएको जिकिर लिई घा जाँच गराउन निवेदन दिनसकेको देखिँदैन । प्रतिवादीको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नुपरेको कुराको जिकिर लिई प्रमाणितसमेत गर्नसक्नुपर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नुपरेको भन्ने कुरा भन्न नसकेको स्थितिमा यी प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष जबरजस्ती गरी डरत्रास इच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तीलाई निजका विरूद्ध प्रमाणमा लिनपर्ने हुन आउने।

प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको साबिती बयान जाहेरीदरखास्त, मृतकको घाँटीको अगाडी भागलगायत चिउँडो, बायाँ कुम, दाहिने हातको पाखुरा, बायाँ कानमुनि काटेको चोट रहेको, पानी जमेको हिलोमा उत्तानो अवस्थामा घाँटी काटिएको र नाङ्गो अवस्थामा मृतकको लास रहेको घटनास्थल लास जाँच मुचुल्का, Casuse of Death मा "Seems to e Asphexiz Due To Cut Thyroid Cartilage Lurengs C. Srine Bones $C^{3,}$ $C^{4}$ and External bleedings" भन्ने कोशी अञ्चल अस्पताल विकास समिति मोरङको शव परीक्षण प्रतिवेदन, मृतक एवम् प्रतिवादीका छोरा जाहेरवाला भुवन सरदारले अदालतमा गरिदिएको बकपत्रलगायत अनुसन्धानका क्रममा संलग्न प्रमाण कागजबाट समर्थित हुन आएको देखिँदा यी प्रतिवादीको कर्तव्यबाट नै मृतकको मृत्यु भएको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला मिलेकै देखिने।

प्रस्तुत वारदात विनातयारी तत्कालको आपसी घर झगडाको क्रममा घट्न गएको देखियो। कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ। कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादाम्यता कायम हुनु र गरिनुपर्दछ। तसर्थ उक्त तथ्यहरूसमेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १० वर्ष मात्र कैदको सजाय हुन व्यक्त गरेको पुनरावेदन अदालत, विराटनगरको रायसमेत मनासिब नै देखिन आउने।

अतः प्रतिवादी संजादेवी सरदारलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहऱ्याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १० (दश) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१।९।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कोशलेश्वर ज्ञवाली
कम्प्युटरः मन्जिता ढुंगाना
इति संवत् २०७३ साल फाल्गुन १ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री केदारप्रसाद चालिसे,** ०६७-CR-१०९८, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. टेकबहादुर तामाङ*

प्रतिवादीबाट बरामद भएको लागु औषधको परिमाण हेर्दा बिक्री वितरण ओसारपसार गरेको भनी मान्न सकिने विश्वसनीय आधार देखिँदैन। लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४ हेर्दा अपराधको मात्रा भन्नाले लागु औषधको प्रकृति, परिमाण, ओसारपसार वा निकासी पैठारीको उद्देश्य अभियुक्तको गिरोह, संगठन, अभियुक्तले प्रयोग गर्ने हातहतियार, बल प्रयोग आदिबाट निर्धारण हुनुपर्ने भन्ने देखिन्छ। प्रस्तुत वारदातको प्रकृति विचार गर्दा प्रतिवादी टेकबहादुर तामाङले सह प्रतिवादी यामबहादुर गुरूङलाई रू.८००।- मा दिएको भनी

यामबहादुर गुरूङले भनेको आधारमा निज टेकबहादुर तामाङलाई पक्राउ गरी कारबाही चलाइएको देखिन्छ। यी लागुऔषध दिने लिनेहरू कुनै संगठित गिरोह भन्ने पनि नदेखिएको र सेवनकर्ताको रूपमा मात्र सीमित रहेको भन्ने तथ्य देखिने

प्रतिवादी टेकबहादुर तामाङबाट बरामद भएको उक्त लागु औषधको प्रकृति र परिमाणलाई दृष्टिगत गर्दा र सहप्रतिवादी यामबहादुर गुरूङको बयान व्यहोरासमेतबाट गम्भीर मात्रको कसुर हो भन्ने देखिन आउँदैन । प्रतिवादीबाट बरामद भएको लागु औषध व्यापार व्यवसाय सञ्चय तथा ओसार पसारको लागि हो भनी प्रमाणित हुन नसकेको अवस्थामा बरामद भएको उक्त लागु औषधको परिमाण र प्रकृतिका आधारमा प्रतिवादी टेकबहादुर तामाङले बयानका क्रममा बताएबमोजिम आफूले सेवनको निमित्त राखेको हो भन्ने पुष्टि हुन आएकोले प्रतिवादी टेकबहादुर तामाङलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(छ) को कसुर कायम गरी ऐ.ऐनको दफा १४(ङ) बमोजिम १(एक) वर्ष कैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, पोखराबाट मिति २०६७/०३/०८ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : तेजबहादुर खड्का

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७३ साल भदौ ६ गते रोज २ शुभम्।

- यसै लगाउको ०६७-CR-१०९७, लागु औषध (ब्राउन सुगर), *नेपाल सरकार वि. टेकबहादुर तामाङ* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६८-WO-११३१, उत्प्रेषण, *रम्भाकुमारी शाह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ काठमाडौं*

निवेदकले तलबसहितको अध्ययन बिदा माग गरेकै भरमा नेपाल सरकारले सोहीबमोजिम स्वीकृत गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको देखिँदैन । आफूले बिदाको निवेदन पेस गरेकोमा सोउपर के कारबाही भयो, बिदा स्वीकृत भयो भएन भन्ने जानकारी राख्नुपर्ने जिम्मेवारी यी निवेदकको पनि हो । निवेदकले अध्ययन गरेको विषयसम्बन्धित सेवा समूहलाई उपयोगी र आवश्यक पर्ने हो होइन भन्ने विषयको निर्क्यौल गरी निर्णय गर्ने अधिकारसम्बन्धित सेवा, समूह सञ्चालन गर्ने मन्त्रालयको हो । बिदा कर्मचारीको अधिकार होइन सुविधा मात्र हो । उक्त नियमावलीको नियम ६४ मा पनि यसको स्पष्ट व्यवस्था रहेकै छ । यसरी कर्मचारीले माग गरेको बिदा दिने, नदिने, कति दिने भन्ने विषयसम्बन्धित मन्त्रालयको आवश्यकता र औचित्यतामा भर पर्ने हुन्छ। अदालतले रिट क्षेत्रबाट अमुक बिदा स्वीकृत हुनुपर्छ अमूक हुनु हुँदैन भनी हस्तक्षेप गर्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट निवेदकले माग गरेको अध्ययन बिदा नै स्वीकृत नगरी नियमावलीको नियम ५३ को उपनियम (३) को खण्ड (ख) बमोजिम असाधारण बिदा स्वीकृत गर्ने गरी भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०६७।९।२२ को निर्णयमा कानूनको प्रत्यक्ष त्रुटि रही यसबाट निवेदकको मौलिक तथा कानूनी हक हनन् भएको भन्ने नदेखिएको हुँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-WO-१५६६, कर्तव्य ज्यान र रहजनी चोरी, *नेपाल सरकार वि. गोकर्ण थापासमेत*

अनुसन्धानमा बुझिएका व्यक्तिहरूले कुनै विश्वासयोग्य आधार, कारण तथा प्रमाणका आधारमा समेत त्यस्तो आशङ्का गरेको नभई केबल हल्ला रसँगै खाए बसेको र तास खेलेको आधारमा मात्र यी प्रतिवादीहरूसमेत उपर आशङ्का गरेको देखिएको छ । यसरीसँगै बसेको, रमाएको र तास खेलेको मात्र आधारमा कसैमाथि कसुर गरेको आशङ्का गर्नु र सोही आधारमा दोषी ठहर गर्नु न्यायोचित हुँदैन । त्यसैले मौकामा बुझिएका यी सरकारी गवाहको यस्तो अनुसन्धानमा आशङ्काका आधारमा मात्र लेखाएको र अदालतमा त्यस्तो आशङ्कासमेत भन्न नसकी वारदातका बारेमा आफूलाई केही थाहा नभएको भनी लेखाएको विरोधाभाषपूर्ण भनाइलाई प्रमाणयोग्य रूपमा लिन नसकिने ।

प्रहरी परिसर भक्तपुरले आफैँ अनुसन्धान गर्न सक्नेमा यसरी बिनाप्रयोजन पक्राउ परेकै दिन महानगरीय प्रहरी अपराध महाशाखामा पठाउनु, त्यहाँ विभिन्न खाले सोधपुछ गर्नु र दोस्रो दिन वीर अस्पतालमा प्रतिवादीको चेकजाँच गराउँदा अघिल्लो दिनदेखि केही खान नदिएको देखिएबाट यी प्रतिवादीहरूलाई अनुसन्धानका क्रममा यातना दिई साबित गराएको पनि हुन सक्ने नै देखिन आयो । त्यस्तै यी प्रतिवादीहरूले अनुसन्धानको साबिती बयानमा मृतकको नाक मुखमा मुक्काले हानेको, शरीरको यत्रतत्र लात मुक्का प्रहार गरेको, घाँटी समातेको भन्ने उल्लेख छ । तर शव परीक्षण प्रतिवेदनमा छातीमा पर्न गएको धार नभएको हतियारको चोटले मृत्यु भएको भन्ने उल्लेख छ । यसबाट पनि प्रतिवादीहरूको अनुसन्धानको बयान सत्य रहेछ भनी भन्न नसकिने ।

यदि कसुर तथा कसुरदारको पुष्टि हुन थोरै भए पनि शङ्का देखिएमा त्यसको फाइदा अभियुक्तले पाउने (Benefit of doubt goes to the accused) हुन्छ । वादीले पेस गरेका प्रमाणबाट शङ्कारहित तवरले अभियुक्तहरूले अपराध गरेको पुष्टि नभएसम्म केबल शङ्का र अनुमानका भरमा दायर जाहेरी तथा मिसिल संलग्न कागजातहरूको आधारमा मात्र निजलाई दोषी ठहर गर्न मिल्दैन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान आफैँमा पूर्ण तथा स्वतन्त्र प्रमाणको रूपमा लिन सकिँदैन । तसर्थ प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिती अन्य प्रमाणबाट पुष्टि हुन जरूरी हुने ।

प्रतिवादीको अनुसन्धानको साबिती बयानलाई निजहरूले अदालतमा इन्कार गरिदिएको अवस्थामा निजहरूको अनुसन्धानको बयानलाई सत्य मान्न मिसिल संलग्न अन्य स्वतन्त्र कागज प्रमाणहरूबाट निजहरूको साबिती पुष्टि भएको हुनुपर्छ । त्यस्तै जाहेरीमा र अनुसन्धानमा शङ्काका आधारमा लेखाएको कुरालाई पनि सत्य मानी प्रमाणमा लिन सकिँदैन । यस्तो स्थितिमा यी प्रतिवादीहरू अनुसन्धानका क्रममा साबित रहेकै र अन्य व्यक्तिले शङ्काका आधारमा अनुसन्धानमा लेखाइदिएकै आधारमा यी प्रतिवादीहरूलाई कसुरदार कायम गराउन सकिँदैन । तसर्थ सुरू फैसला उल्टी गरी यी प्रत्यर्थी प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन्छ । प्रतिवादी अनुसन्धानमा साबित रहेको, मौकामा बुझिएका व्यक्तिहरूले यी प्रतिवादीहरूले कसुर गरेको भनी अनुसन्धानमा लेखाइदिएको,

प्रतिवादीहरू र मृतक साथसाथै रहेको देखिएको भन्ने जस्ता आधारमा यी प्रतिवादीहरूलाई कसुरदार कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतःउपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीहरू गोकर्ण थापा र दीपक थापालाई अभियोग दाबीअनुसार सजाय गर्ने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट मिति २०६९/०४/१५ मा भएको फैसला उल्टी गरी यी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०/०७/१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७३ साल पुस ३ गते रोज १ मा शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-०७०५, भ्रष्टाचार (रकम हिनामिना), नेपाल सरकार वि. राम शाहसमेत

आर्थिक वर्ष २०६७।०६८ देखि २०६९।०७०सम्मको छात्रवृत्ति शीर्षकमा निकासा भएको जम्मा रकम रू.६,९०,९००।-मध्ये रू.१,५३,०००।- र भौतिक संरचना निर्माणमा निकासा भएको रू. ६,००,०००।- मध्ये रू.१८१,२४२।- हिनामिना गरेको भनी अभियोग दाबी रहेकोमा उक्त रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय, कलैयामा बुझाएको मिति २०७१।१२।११ को भौचरको प्रतिलिपिहरूबाट देखिन्छ भन्ने उक्त विद्यालयको आर्थिक वर्ष २०६७।६८ देखि २०६९।०७० सम्मको लेखा परीक्षण प्रतिवेदन हेर्दा विद्यालयको नाममा कुनै पनि बेरूजु रहेकोसमेत पाइँदैन । त्यसैगरी विद्यालयलाई जिल्ला विकास समितिबाट प्राप्त अनुमान रकम रू.२,५०,०००।- र गा.वि.स.बाट प्राप्त अनुदान रकम रू.३,००,०००।- समेत यी प्रतिवादीहरूले दाखिला गरिसकेको मिति २०७१।१२।११ को भौचरहरूको प्रतिलिपिबाट देखिन्छ भने जिल्ला शिक्षा कार्यालय, बाराको च.नं. २२७५ र च.नं. १६३७ मिति २०७१।१२।११ को पत्रसमेतबाट उक्त व्यहोरा पुष्टि भएको देखिने ।

यसरी विभिन्न शीर्षकमा विभिन्न निकायहरूबाट प्राप्त रकम बेरूजु भनी स्वीकार गरी फछ्र्यौटसमेत भइसकेको अवस्थामा अभियोग मागदाबीबमोजिम भ्रष्टाचार नठहऱ्याई प्रतिवादीहरूलाई सफाइ दिने गरी भएको विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । अत: उल्लिखित आधार कारणबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहरी भएको विशेष अदालत, काठमाडौंबाट भएको मिति २०७२।२।२६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: कृतबहादुर बोहरा

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री दीपककुमार कार्की,** ०७२-CR-१६३१, भ्रष्टाचार, *कृष्णबहादुर सापकोटा वि. नेपाल सरकार*

बरामदी मुचुल्कामा बसेका अनिता सुवेदीसमेतका व्यक्तिहरूले यी प्रतिवादी कृष्णबहादुर सापकोटाको साथबाट उक्त रकम बरामद भएको हो भनी अदालतमा आई बकपत्रसमेत गरेको

देखिन्छ । उजुरकर्ता सुब्वासिंह सिंजालीको यी प्रतिवादी कृष्णबहादुर सापकोटालाई प्रस्तुत मुद्दामा फसाउनपर्नेसम्मको कुनै रिसइवी रहेको भन्नेसमेत मिसिलबाट देखिँदैन । बरामदी मुचुल्कामा भएको सहिछापलाई आफ्नो भनी स्वीकार गरेको देखिएको र आफू निर्दोष रहेको भनी पुष्टि हुने कुनै प्रमाणसमेत पेस गर्नसकेको नदेखिएको अवस्थामा अभियोग माग दाबीबमोजिम सजाय गर्ने गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार कारणबाट प्रतिवादी कृष्णबहादुर सापकोटालाई अभियोग दाबीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ३(१)(ग) बमोजिम ४ महिना कैद र रू.६५,०००/- जरिवाना हुने ठहरी भएको विशेष अदालत, काठमाडौंको मिति २०७२।९।२३ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कृतबहादुर बोहरा
कम्प्युटर: सुदर्शनप्रसाद आचार्य
इति संवत् २०७३ साल माघ ९ गते रोज १ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-०२०४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राजेश महर्जनसमेत*

मृतकको लास जाँच मुचुल्का हेर्दा मृतकको नाक मुखबाट रगत निस्की पूरै शरीर रगत्याम्म भएको, तलमाथिका ३/३ वटा दाँत खुस्किएका, टाउकोको पछाडि भागमा छाला खुइलिएको भन्ने व्यहोरा देखिन्छ। साथै मृतकको शरीरको Autospy Report मा Cause of Death Blunt Force Trauma to the Head भन्ने उल्लेख भएबाट पनि प्रतिवादी सानुबाबु महर्जनको मौकाको र अदालतमा गरेको बयान व्यहोरा एकआपसमा मेल खाएको देखिने।

प्रतिवादी सानुबाबु महर्जन एक्लैले लासलाई घिसार्दै लगी पुलमा पुऱ्याई फाल्नसक्ने अवस्थासमेत नहुँदा प्रतिवादी सानुबाबु महर्जनले आफ्नी श्रीमती सीता महर्जनसमेतका आफन्त प्रतिवादीहरूलाई बचाउनका लागि मात्र निजले उक्त व्यहोराको बयान गरेका हुन प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी पक्षको जिकिर सम्बन्धमा विचार गर्दा प्रतिवादीहरू विजय तामाङ, सीता महर्जन, कान्छाबहादुर महर्जन र चन्द्रबहादुर महर्जनले बयान गर्दा महेन्द्र महतको मृत्यु कसरी भयो को कसले मारे थाहा छैन भनी अदालतमा आरोपित कसुरमा ईन्कार गरी बयान गरेको देखिन्छ । निज प्रतिवादीहरूले उक्त घटनामा संलग्न भएको तथ्यपूर्ण प्रमाण देखिँदैन। स्पष्ट र ठोस प्रमाण नभई कसुरदार ठहऱ्याउनु फौजदारी न्यायको सिद्धान्तकोसमेत प्रतिकूल हुन जान्छ। लासलाई एक्लैले घिसारी लान सक्दैन भनी अनुमान गरी अन्य प्रतिवादीहरूको पनि संलग्नता छ भन्नु केवल शङ्का मात्र हुन जान्छ । शङ्काको आधारमा कसुरदार ठहर गर्न मिल्ने पनि देखिँदैन। शङ्काको सुविधा अभियुक्तले नै पाउने हुँदा निज प्रतिवादीहरूलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा मान्नुपर्ने नदेखिने।

प्रतिवादी राजेश महर्जनको हकमा हेर्दा प्रतिवादी सानुबाबु महर्जनले उक्त वारदातमा कोही कसैको संलग्नता छैन, सबै घटना मैले एक्लै घटाएको

हो भनी बयान गरेता पनि राजेश महर्जनले मौकामा उक्त कसुरलाई स्वीकारेको, तथा निजको मृतकसँग पूर्वरिसइवी एवम् चिनजान नभएको कारणले यी प्रतिवादी राजेश महर्जनको उक्त वारदातमा प्रत्यक्ष रूपले मृतकलाई मार्न नै संलग्न भएको नदेखिए पनि मौकामा उक्त वारदातमा संलग्न भएको भनी कसुर स्वीकारेकोसमेतका कारणबाट ज्यानसम्बन्धी महलको १७(३) बमोजिम उक्त वारदातको मतलबीको रूपमा सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको निर्णय मनासिब नै देखिने।

तसर्थ प्रतिवादी राजेश महर्जनलाई ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम सजाय र अन्य प्रतिवादीहरू विजय तामाङ, सीता महर्जन, कान्छाबहादुर महर्जन र चन्द्रबहादुर महर्जनलाई सफाइ दिने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।६।१० मा भएको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-१४०२, लागु औषध खैरो हेरोइन, *पवनकुमार भुलन वि. नेपाल सरकार र नेपाल सरकार वि. पवनकुमार भुलनसमेत*

लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१)मा "पच्चीस ग्रामसम्मको कारोबार गर्नेलाई पाँच वर्षदेखि दस वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना हुन्छ" भन्ने व्यवस्था भएबाट यी प्रतिवादी पवन कुमार भुलनको साथबाट लागु औषध खैरो हेरोइन ९ ग्राम बरामद भएको देखिँदा लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद सजाय र रू. ५०००।– जरिवाना हुन्छ। पुनरावेदन अदालत, पाटनले बरामद भएको लागु औषधको परिमाणको विवेचना नगरी ऐ. ऐनको दफा १४(१)(छ)(२) बमोजिम कैद वर्ष १० र रू. ७५०००।- जरिवाना सजाय गर्ने गरी गरेको फैसला सो हदसम्म मिलेको नदेखिने।

प्रतिवादीहरूमध्ये मधु प्रसाईको हकमा विगत ५।६ महिनादेखि पवन कुमारसँग लागु औषध खरिद गर्ने र नाफा खाई बिक्री गर्ने गरेको, पक्राउ पर्ने बेलामा ९ ग्राम खेरो हेरोइनसहित पवन कुमारसँग पक्राउ परेको भनी मौकामा बयान गरेको देखिन्छ। तर अदालतमा बयान गर्दा लागु औषधको कुलतमा परी रिकोभरी सेन्टरबाट उपचार गराएको, विगत ८ वर्षदेखि सेवन गर्ने गरेको, खरिद गर्ने ग्राहक भेटिएमा बिक्रीसमेत गर्ने भनी उल्लेख गरेबाट यी प्रतिवादी सेवनकर्ता मात्र हुन भन्न सकिने नदेखिँदा लागु औषध(नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) अनुसार वर्ष पाँच कैद सजाय र रू. पाँच हजार जरिवाना हुने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिने।

सह-प्रतिवादीहरू टंक रावल र दिपेन्द्र रावलका हकमा निजहरू अदालतमा आई बयान गर्दा आफूहरू लागु औषध सेवनसम्म गर्ने गरेको, लागु औषधको कारोबार नगरेको, लागु औषधको सेवन कर्ता भएकोले उपचार केन्द्रमा रही उपचारसमेत गराएको भन्ने कागज पेस गरेको देखिन्छ। बरामदी मुचुल्काबाट यी प्रतिवादीहरूले लागु औषध कसैलाई बिक्री गर्न लागेको ,अन्य कुनै व्यक्ति निज प्रतिवादीहरूसँग खरिद गर्न आएको अवस्थामा पक्राउ परेको पनि देखिँदैन । यी प्रतिवादीहरूले मौकामा गरेको कागजबाट समेत यो यस्ता व्यक्तिहरू

लागु औषधको खरिद बिक्री गर्न राखेको भन्ने पनि स्पष्ट रूपमा नदेखिँदा ऐ.ऐनको ऐ. दफाले हुने सजायको आधाले उद्योगतर्फ सजाय हुने गरी ऐ.ऐनको दफा १७ अनुसार जनही २ वर्ष ६ महिना कैद र जनही २ हजार पाँच सय जरिवाना हुने गरी साथै अर्का प्रतिवादी विकास लामाको हकमा साथीहरूको सङ्गतमा लागि सेवन गर्दा आसरा सुधार केन्द्रमा उपचार गराएको भन्ने कागजात पेस गरेको, अन्य प्रतिवादीहरूलेसमेत यी प्रतिवादीको उक्त वारदातमा संलग्नता रहे भएको भन्ने नदेखिएको, लागु औषध बिक्री वितरणमा यी प्रतिवादीको कुनै रूपमा संलग्नता रहेको नदेखिँदा निज प्रतिवादी विकास लामालाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(ङ) अनुसार १ वर्ष कैद सजाय हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला सदर हुने ठहर्छ । साथै पुनरावेदन अदालत, पाटनबाट लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम भएको १० वर्ष कैद सजाय र रू. ७५०००।– जरिवाना हुने ठहरी भएको फैसला केही उल्टी भई प्रतिवादी पवन कुमारको हकमासम्म ऐ.ऐनको दफा १४(१)(छ)(१) अनुसार ५ वर्ष कैद र रू. ५०००।– जरिवाना हुने ठहर्छ । वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६७-CR-१००५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भुवनेश्वरप्रसाद महतो कोइरीसमेत*

स्पष्ट प्रमाणबिना कोही कसैलाई कसुरदार ठहर गरी सजायको भागिदार बनाउनु न्यायको मान्य सिद्धान्तविपरीत हुन आउँछ । प्रस्तुत मुद्दामा प्रतिवादीहरू स्वयम् कसुरमा पूर्ण इन्कार रहेको अवस्थामा निज प्रतिवादीहरूउपर वादी पक्षले कसुरलाई प्रमाणित गर्ने गरी स्पष्ट र वस्तुनिष्ठ प्रमाण गुजार्न सकेको देखिँदैन । वारदातस्थल, समय, तथा घटनास्थल प्रकृति मुचुल्काको विश्लेषण गर्दा यी प्रतिवादीहरू उक्त वारदातमा सामेल भएको भन्ने कुरामा विश्वस्त हुन सक्ने आधारहरूसमेत नदेखिने।

प्रतिवादीहरूउपर अभियोग लगाएर मात्र कसुरदार हुन् भन्न मिल्दैन । सो अभियोग स्पष्ट आधार र वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित हुनुपर्छ । प्रमाण ऐन,२०३१ को दफा २५ ले अभियोग दाबी वादी पक्षले प्रमाणित गर्नुपर्छ । शङ्का र विश्वासको आधारमा ज्यानजस्तो जघन्य अपराधमा कसुरदार ठहराउन मिल्दैन । शङ्काको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त हुने।

तसर्थ प्रतिवादीहरूको ईन्कारी बयान, घटनास्थलबाट कुनै दशी प्रमाण फेला नपरेको, मृतकको लास बरामद हुन नसकेको, मृतक भोला महतोलाई को कसले के कति कारणले कर्तव्य गरी वालान खोलामा फालिदिएका हुन् भन्ने तथ्य तथा भौतिक सबुत प्रतिवादीहरूबाट बरामद हुन नसकेको, बुझिएका मानिसहरूको तर्फबाट उक्त वारदातको सम्बन्धमा फरकफरक व्यहोरा उल्लेख भएको, घटनास्थलमा कुटपिट भएको तथा रगत लागेकोलगायतका यथार्थ प्रमाणहरू घटनास्थल प्रकृति मुचुल्काबाट देखाउन नसकेको अवस्थामा यी प्रतिवादीहरू भुवनेश्वर महतो र देवकुमार साहलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद र प्रतिवादी सावित्री देवी महतोलाई ज्यानसम्बन्धीको

१३(४) नं. बमोजिम जन्मकैद हुने तथा जन्मकैद हुने कसुर ठहरेकाले ज्यानसम्बन्धी ४ नं.को दाबीतर्फ निर्णय बोलिरहन नपर्ने ठहऱ्याई भएको सुरू सिरहा जिल्ला अदालतको मिति २०६५।८।१ को फैसला उल्टी गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी भएको मिति २०६६।०८।२३ को पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-१०६१ र ०६९-CR-१०६२, कर्तव्य ज्यान, *प्रमिसन राई वि. नेपाल सरकार र नेपाल सरकार वि. प्रमिसन राई*

मृतकसँग यी प्रतिवादी प्रमिसन राईको ज्यान लिने इविलाग वा मनसाय नरहेको भए पनि काठको फर्माले टाउकोजस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा ज्यान जानसक्छ भन्ने सामान्य सुझबुझका व्यक्तिले समेत अनुमान गर्न सक्ने विषय हो। यस्तो अवस्थामा आफूले गरेको कर्तव्यले मानिस मर्लाजस्तो नदेखिएको कुनै काम कुरा गरेको भन्न नमिल्ने भई ज्यान सम्बन्धीको ५ नं. प्रस्तुत मुद्दाको सन्दर्भमा आकृष्ट हुन सक्ने नदेखिने।

प्रतिवादीले लिएको आफ्नो उमेर वारदात हुँदाको बखत १६ वर्ष नपुगेको नाबालक भएको भनी लिएको जिकिर सम्बन्धमा हेर्दा सुरूमा ज्यान मार्ने उद्योग मुद्दामा अनुसन्धानमा र अदालतसमक्ष बयान गर्दा उमेर १५ वर्षको भएँ म मनकामना बोर्डिङ स्कुलमा कक्षा ८ मा अध्ययनरत छु भनी बयान गरेको देखिन्छ। प्रस्तुत ज्यान मुद्दामा पनि अदालतमा आफू १५ वर्षको भनी बयान गरेको देखिन्छ। प्रतिवादीले अध्ययन गरेको मनकामना उच्च माध्यमिक विद्यालयबाट प्राप्त रेकर्डअनुसार निज प्रमिसन राईको जन्ममिति २०५१।१०।१९ गते देखिएको गा.वि.स. को कार्यालय, पाथेका-९, खोटाङबाट प्राप्त जन्मदर्ताको प्रमाणपत्रमा मिति २०५३।१०।१९ उल्लेख भएको साथै नागरिकता टोलीबाट पनि मिति २०६३।११।२८ मा प्राप्त नाबालक दर्ता निस्साबाट निज प्रमिसन राइको जन्म मिति २०५३।१०।१९ मा भएको देखियो। सो जन्मदर्ताको प्रमाणपत्र र नाबालक निस्सा २०६३ सालमै जारी भएको देखियो। त्रि.वि.वि. शिक्षण अस्पतालबाट प्रतिवादीको उमेर १६-१७ वर्षबीचको रहेको भन्ने उल्लेख भए पनि अन्य सम्पूर्ण प्रमाणबाट वारदात हुँदाका अवस्थामा निज प्रतिवादीको उमेर १६ वर्ष पुगिसकेको भन्ने नदेखिई सोही एक मात्र आधारमा १६ वर्ष पुगेको भनी निष्कर्ष निकाल्न न्यायोचित देखिएन। यसबाट प्रतिवादी प्रमिसन राई वारदात मिति २०६७।१२।१ मा नाबालक नै रहेको पुष्टि हुने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) मा "चौध वर्ष वा सो भन्दामाथि र सोह्र वर्षभन्दा मुनिका बालकले कुनै अपराध गरेमा निजलाई कानूनबमोजिम उमेर पुगेका व्यक्तिलाई हुने सजायको आधा सजाय हुन्छ।" भन्ने व्यवस्था रहेकोले प्रस्तुत मुद्दाका प्रतिवादी प्रमिसन राईको उमेर सोह्र वर्षभन्दा कम देखिँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।२४ को फैसला केही उल्टी भई सोको आधा ५(पाँच) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः सुमन पाण्डे

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-CR-०१८७, जबरजस्ती करणी, *नेपाल सरकार वि. आकाश नेपाली (चौधरी)*

जबरजस्ती करणीको वारदातमा आफू संलग्न नभएको, केवल साथीको आग्रहमा बाटोमा मान्छे हेर्न बसेको भनी भने तापनि सो कुराको पुष्टि हुने स्पष्ट र वस्तुनिष्ठ प्रमाण यी प्रतिवादी आकाश नेपालीले गुजार्न सकेको देखिँदैन। पीडित रामकृष्णी चौधरीलाई यी प्रतिवादीहरू मिली पालैपालो गरी करणी गरेकोमा एकअर्कालाई पोल गरेको, पीडितको गुप्ताङ्ग परीक्षण गर्दा योनिबाहिर सुन्निएको, २ से.मी. च्यातिएको, भित्री दायाँ बायाँ खोस्रिएको, रगत मिसिएको तरल पदार्थ बगेको, साथै मौकामा कागज गर्ने साक्षी तारे चौधरीसमेतले पीडित रामकृष्णी चौधरीको करणी भएको वारदातस्थलबाटै प्रतिवादी सिंगल चौधरी नाङ्गै छोपिएको तर अर्का प्रतिवादी भागेको कारणले समात्न नसकेको भनी लेखाइदिएबाट यी प्रतिवादी आकास नेपाली प्रस्तुत कसुरमा सामेल नरहेको भन्न सकिने अवस्था नदेखिने।

प्रतिवादी आकास नेपालीबाट जबरजस्ती करणीको महलको १० नं. अनुसार क्षतिपूर्ति नभराइएको भन्ने वादी पक्षको पुनरावेदन जिकिर देखिन्छ। निज प्रतिवादी आकास नेपाली १६ वर्षका अध्ययनरत विद्यार्थी देखिएको छ भने निजको कुनै सम्पत्ति नदेखिएको अवस्था छ। त्यस्तो क्षतिपूर्ति कसुरदारबाट भराउनुपर्नेमा कसुरदारसँग कुनै सम्पत्ति नै नभएको अवस्थामा भराउन सकिने अवस्था हुँदैन। क्षतिपूर्ति भराई दिने गरी फैसलामा उल्लेख भएकै अवस्थामा पनि सोको कार्यान्वयन हुन नसक्ने स्थिति रहेकाले परिणामतः त्यसबाट पीडितले क्षतिपूर्ति पाउनसक्ने स्थिति हुँदैन। यस्तो अवस्थामा सुरू जिल्ला अदालतबाट क्षतिपूर्ति नभराउने गरी भएको फैसलालाई पुनरावेदन अदालतबाट सदर गर्दा दिएको आधारबाट परिणामतः कुनै फरक नतिजा निस्कन नसक्ने अवस्था हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी आकाश नेपालीको हकमा अभियोग माग दाबीअनुसार कसुर गरेको ठहर भई मुलुकी ऐन, जबरजस्ती करणीको ३(५) नं. बमोजिम ५ (पाँच) वर्ष कैद र ऐ. को ३(क) नं. बमोजिम थप ५ वर्ष कैद हुने र प्रतिवादी आकाश नेपाली १६ वर्षको विद्यार्थी देखिएको र निजको अंशसमेतको सम्पत्ति नदेखिएकोले निजको हकमा क्षतिपूर्तितर्फ केही गरिरहनु परेन भन्ने सुरू बर्दिया जिल्ला अदालतको मिति २०६६।१२।१५ को फैसला सदर गरेको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६७।११।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमन पाण्डे

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-CI-०४५६, ०६९-CI-०८१४ र ०६९-CI-०७७८, जग्गा खिचोला घर उठाई चलन, *बचकुन यादव वि. लक्ष्मीनाथ यादवसमेत, नारायण यादव वि. दिनानाथ यादवसमेत र रामदत्त यादव वि. दिनानाथ यादवसमेत*

विवादित सा.कि.नं. ५२ र ८६२ को जग्गाहरू सर्वे नापी हुँदाका बखत गाउँ ब्लक नं. २२२ मा परेको र एकै ठाउँमा जोडिएको अवस्था रहेको तथ्यमा विवाद

छैन । विवादित जग्गाहरूमध्ये पूर्वतर्फबाट ०-१-० जतिमध्ये ०-०-१५ धुरमा घर बनाई तथा बाँकी दक्षिणतर्फको ०-०-५ धुरमा घेरबेर गरी खिचोला गरेको भन्ने वादीको दाबी रहेको देखिन्छ । पुनरावेदन अदालत, राजविराजको आदेशबमोजिम मिति २०५९।५।६ मा भई आएको नाप नक्सा मुचुल्काको न.नं. ११ पोखरी, न.नं. १२ पोखरीको डिल रहेको तथा न.नं. १३ र १३/१ को जग्गालाई झगडा जनिएको र सो जग्गा पोखरीको डिल रहेको देखिन्छ । सो जग्गासँगै दक्षिण साँधको न.नं. ९, १० को जग्गासमेत वादीकै भई भोग चलनमा रहेको गाउँ ब्लकभित्रकै जग्गा हो भन्ने नक्शाबाट देखिएको छ । न.नं. १० सा.कि. नं. ५२ कै भएको तथा न.नं. ९ को साबिक कि.नं. खुलाउन नसकेको वादीकै भोग रहेको ०-१-१ जग्गा भन्ने देखिएको र फिराद लेखबाट सा.कि.नं. ८६२ को जग्गाको क्षेत्रफल ०-१-१ नै देखिएको छ । उक्त नाप नक्सा मुचुल्कामा सा.कि.नं. ५२ को उत्तरतर्फ रहेको न.नं.१३ र १३/१ को विवादित जग्गा आफ्नो हो भनी वादीले नक्सामा लेखाएको पाइन्छ । यसरी न.नं. ९,१०,१३ र १३/१ को जग्गाहरू आफ्नो भएको भन्ने वादीको भनाई भए पनि न.नं. ९, १० र ७ समेत गणना गर्दा ती जग्गाको क्षेत्रफल ०-२-१४.५६ हुन आउँछ । वादीहरूले फिरादमा देखाएको सा.कि.नं. ५२ र ८६२ को जग्गाको क्षेत्रफलसमेत ०-२-१४ देखिन आएकोले वादीको साबिक दर्ताबमोजिमको जग्गा निजको भोगमा रहीरहेकै देखिने ।

साथै विवादमा आएको न.नं.१३ र १३/१ को घर जग्गाको पोखरीको डिल रहेकोसमेत देखिन्छ । न.नं. ११ को पोखरी र पोखरीको डिलसमेत अपिलाट वादी रसीलाल गोप विपक्षी प्रतिवादी रामजी यादवसमेत भएको अ.नं. ४०८ को पोखरीको डिल आवाद गऱ्यो भन्ने मुद्दामा भएको मिति २०२३।५।३ फैसलाले सा.कि.नं. ११९ को ज.वि. १-१७-० को जग्गा भएको पोखरी र पोखरीको डिलसमेत मिन्ही कायम गरी घरहरूसमेत हटाउने ठहर भएकोसमेत देखिएको अवस्थामा विवादमा आएको न.नं. १३ र १३/१ को पोखरीको डिल रहेको जग्गामा प्रतिवादीहरूले खिचोला गरेको ठहऱ्याई प्रत्यर्थी वादीहरूले चलन चलाई पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।७।२४ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ठहर गरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला सदर हुने ठहर्छ । दाबीको जग्गामा खिचोला गऱ्यो भन्ने दाबी पुग्न नसक्ने ।

इजलास अधिकृतः सुमन कुमार न्यौपाने

कम्प्युटर सेटिङ्गः रानु पौडेल

इति संवत् २०७३ साल साउन २४ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-WO-०९६८, उत्प्रेषण, *रामनरेश चौधरी वि. रामसुभग चौधरीसमेत*

यी निवेदकले २०५८ सालमा दायर गरेको अंश मुद्दामा हामीहरूबीच सो मुद्दामा रीतपूर्वक बन्डा हुने भनी फैसला नभएको स्थितिमा मानो छुट्टिएको मिति २०५८।५।१३ कायम भइसकेको हुँदा पुनः पछि २०६७ सालमा दायर गरेको प्रस्तुत अंश मुद्दाले नयाँ मानो छुट्टिएको मिति कायम गर्न मिल्दैन । रीतपूर्वक अदालतबाट फैसला नभएको भनी सोही आधार र कारणबाट उक्त दायर भएको २०५८ सालको मुद्दा र सोमा भएको आदेश अन्तिम भइरहेकोलाई अस्वीकार गरी पछिबाट दायर भएको मुद्दाको मितिलाई मानो छुट्टिएको मिति कायम गर्नु कानून र न्यायको रोहमा मिल्ने कुरा होइन । अघि २०५८ साललाई मानो

छुट्टिएको मिति कायम हुने गरी सुरु जिल्ला अदालतको आदेश सो हदसम्म बदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६८।१२।९ को आदेश कानूनबमोजिम देखिन्छ । यस विषयमा मुद्दामा इन्साफको रोहबाट तहतह विचार हुने अवस्थासमेत देखिँदा रिट निवेदकको मागबमोजिम असाधारण अधिकार क्षेत्राधिकारमा प्रवेश गरी उत्प्रेषणसमेतको आदेश जारी हुने अवस्था नहुने।

अतः माथि विवेचित आधार कारणबाट दे.नं. २२८५ को अंश मुद्दामा वादी प्रतिवादीबीचमा कायम भएको मानो छुट्टिएको मितिलाई नै मानो छुट्टिएको मिति कायम गरी दुवै पक्षबाट तायदाती फाँटवारी पेस गर्न लगाई कानूनबमोजिम गर्नुहोला भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।१२।९ मा भएको आदेश मनासिब देखिँदा निवेदकको उत्प्रेषणसमेतका आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ २६ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-WO-०२४३, उत्प्रेषण, *भुवनराज शाक्यसमेत वि. पाटन संग्रहालय विकास समिति, मंगलबजार ललितपुरसमेत*

ऐतिहासिक महत्त्व राख्ने पाटन दरबारको सम्पूर्ण सम्बर्द्धन गर्ने उद्देश्यले पाटन संग्रहालय विकास समिति गठन भएको देखिन्छ। पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ को दफा ४ को खण्ड (क) मा उक्त समितिको संग्रहालय विकासको सम्बन्धमा योजना तर्जुमा गर्ने र त्यसको लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने कर्तव्य तोकेको देखिन्छ। त्यसैगरी सोही आदेशको दफा ४ कै खण्ड (ग) मा संग्रहालयको लागि प्रयोगमा नआएका कोठाहरू भाडामा दिने भन्नेसमेत उल्लेख भएको देखिन्छ। उल्लिखित पाटन संग्रहालय विकास समितिले प्रयोगमा नआएका कोठा कवल भाडामा दिनसक्ने अधिकार उक्त गठन आदेशले प्रदान गरेको देखियो। उल्लिखित विकास समिति गठन आदेशमा समितिको छुट्टै कोषको व्यवस्था गरेको र सो कोषमा रहने रकममा भाडा तथा कक्ष शुल्कसमेत समावेश हुने भन्ने सो गठन आदेशको दफा १० मा उल्लेख भइरहेकोले पाटन संग्रहालय विकास समितिले प्रयोगमा नआउने कोठा कवलहरू आर्थिक स्रोतको व्यवस्थापन गर्न भाडामा लगाउन सक्ने।

पाटन संग्रहालय विकास समितिले प्रकाशित गरेको कवल बहालसम्बन्धी सूचनामा उल्लेख भएको सर्तहरू हेर्दा बहालवालाले बिक्री गर्ने समान राख्दा नेपाली हस्तकलाका परम्परागत तथा आधुनिक सामाग्रीहरू, पर्यटकीय वस्तुहरू, नेपाललाई विश्व समुदायमा चिनाउने धातुकला, मूर्तिकला, प्रष्तरकला, पौभा/थाङ्का, पस्मिना, गलैचा, परम्परागत गरगहना र कागजबाट निर्मित सामानहरूबाहेक अन्य कुनै पनि सामाग्रीहरू बिक्री गर्न नपाइने भन्ने उल्लेख भएको देखिएकाले पाटन दरबारको पुरातात्विक एवम् ऐतिहासिक महत्त्वमा असर पर्ने कार्यहरू हुन लागेको भन्ने देखिँदैन । निवेदनमा उल्लेख भएको कोतपाटी कवलहरू ३३ मध्ये ३ वटा कवलमा कार्यालय, सञ्चालन भएको र १२ वटा कवल धार्मिक एवम् साँस्कृतिक कार्यको लागि खाली राखी बाँकी १८ वटा कवल मात्र भाडामा लगाउने भनी सूचना प्रकाशित भएकोले धार्मिक एवम् साँस्कृतिक

कार्यमा बाधा पुग्ने अवस्था रहेको भन्ने देखिँदैन । प्रस्तुत कोतपाटीका कवलहरू २०२१ सालदेखि नै भाडामा लगाई आएको भन्ने कुरा पाटन संग्रहालय विकास समितिको लिखित जवाफबाट देखिएको छ । यसरी साबिकदेखि नै केही कवल कोठाहरू भाडामा लगाई आएको र पाटन संग्रहालय विकास समिति (गठन) आदेश, २०५३ ले पनि संग्रहालयको लागि प्रयोगमा नआएका कवल कोठाहरू भाडामा दिनसक्ने देखिएकोसमेतबाट विपक्षी पाटन संग्रहालय विकास समितिले कवल भाडामा लगाउन टेण्डर आह्वान गरेको सूचनाले प्रस्तुत रिट निवेदकहरूको धार्मिक साँस्कृतिक कार्य तथा बटुवाहरूको हक हितमा असर पर्ने भन्ने रिट निवेदकहरूको मागसँग सहमत हुन सकिएन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । साथै मिति २०७२।६।११मा भएको अन्तरिम आदेशसमेत निष्क्रिय हुने ।

उल्लिखित कोतपाटीको पुरातात्विक महत्त्व रहेको देखिन्छ । यस प्रकारका साँस्कृतिक सम्पदाहरूको संरक्षण गरी यसको मौलिक स्वरूप कायम राख्नु वाञ्छनीय छ । साँस्कृतिक महत्त्व राख्ने सम्पदाहरूको व्यापारिक वा अन्य कुनै प्रकारबाट उपभोग गर्दा यसको संरक्षण र सुरक्षाको पक्षलाई सर्वाधिक प्राथमिकतामा राखिनु पर्दछ । तसर्थः ऐतिहासिक पाटन दरबार संग्रहालयको ऐतिहासिक पुरातत्त्विक महत्त्व राख्ने कोतपाटीसमेतको संरक्षण सम्बर्द्धन गर्दै चली आएको परम्परागत धार्मिक साँस्कृतिक रीतिथीति सञ्चालनमा कुनै किसिमको बाधा व्यवधान उत्पन्न नहुने गरी र आवश्यक पर्याप्त संरक्षणकारी व्यवस्था मिलाई उपयोग गर्ने व्यवस्था गर्न विपक्षी पाटन दरबार संग्रहालय र ललितपुर उपमहानगरपालिकाको नाउँमा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृतः मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १६ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६६-CR-०२८५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. सन्तोष खड्कासमेत*

सर्वप्रथम प्रतिवादी सन्तोष खड्काको हकमा विचार गर्दा निजले अदालतमा बयान गर्दा कसुरमा पूर्ण इन्कार रही बयान गरे पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिलन लामाको योजना मुताबिक डा. दिक्षितलाई गोली हान्न गणेश कार्कीले हाँकेको मोटरसाइकलमा रमेश चौधरीलाई पछाडि बसाई पठाएको, गोली हान्ने कार्यमा मसमेतको मिलोमतोबाट भएको हो भनी बयान गरेको पाइन्छ । सहअभियुक्त प्रतिवादी गणेश कार्कीसमेतको बयानबाट पनि ज्यान मार्ने कार्यमा यी प्रतिवादी सन्तोष खड्काकोसमेत संलग्नता रहेको भन्ने देखिन आउने ।

प्रतिवादी सन्तोष खड्कासमेतको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाट गोली हान्ने कार्य मसमेतको मिलेमतोबाट भएको हो भनी स्वीकार गरेको देखिएकोले ज्यान मार्ने कार्यमा मतलबमा पसे पनि ज्यान मार्न मुख्य भई वचन नदिएको, हात हतियार नछोडेको, पीडितको जीउमा नछोएको, हातहतियार नदिएको, वारदातस्थलमा हातहतियार लिई बसेको नदेखिएको, बाटो घाटो घेरा दिनेसमेतको कुनै कार्य प्रतिवादीले गरेको भन्ने तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि हुन नसके पनि ज्यान मार्नलाई मतलबमा पसी अरू किसिमको मतलबमा पसेको पुष्टि हुन आएकोले निजको कसुर ज्यानसम्बन्धीको १५ नं. को नभई ऐ.

को १७(३) नं. को कसुर देखिएको र प्रतिवादी सन्तोष खड्काले पीडितको ज्यान नमारेकोले ऐ. को १७(३) ले ३ वर्षको आधाको १ वर्ष ६ महिना कैद हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनले गरेको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

दाबी गर्ने पक्षले आफ्नु दाबी सम्बद्ध प्रमाणबाट प्रमाणित गर्नुपर्ने हुन्छ। शङ्कारहित प्रमाणबाट दाबी प्रमाणित नभएसम्म कसैलाई कसुरदार ठहर गर्न मिल्दैन। प्रमाण ऐन,२०३१ को दफा २५ अनुसार फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ भन्ने व्यवस्था भएको सोअनुसार पुष्ट्याइँ नभएको हुँदा निजहरूको प्रस्तुत वारदातमा संलग्नता रहे भएको भन्ने वस्तुनिष्ठ ठोस एवं प्रत्यक्ष प्रमाणहरूको सर्वदा अभाव रहेकोसमेत देखिँदा प्रतिवादीहरू प्रकाश पौडेल क्षेत्री, झलक बस्नेत, रामचन्द्र खनाल, गणेशजङ्ग घिमिरे र मानबहादुर कार्कीसमेतको उक्त वारदातमा संलग्नता पुष्टि हुन आएको देखिएन। निज प्रतिवादीहरूको हकमा सुरू अदालतबाट सफाइ दिने गरी भएको फैसलालाई पुनरावेदन अदालतले सदर गर्ने गरी भएको फैसला अन्यथा भन्न मिल्ने अवस्था नदेखिने।

तसर्थ, उपर्युक्त आधार र कारणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट भएको मिति २०६४/३/६ गतेको फैसला केही उल्टी गरी पुनरावेदक प्रतिवादी सन्तोष खड्काले पीडितलाई ज्यान मार्ने उद्योग गरेको कसुरको मतलबीसम्म देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम हुने कैद ३ को आधा १ वर्ष ६ महिना कैदको सजाय निज प्रतिवादी सन्तोष खड्कालाई हुने ठहर्‍याई र प्रतिवादीहरू प्रकाश पौडेल क्षेत्री, झलक बस्नेत, रामचन्द्र खनाल, गणेशजङ्ग घिमिरे र मानबहादुर कार्कीलाई अभियोग दाबीबाट सफाइ दिने गरी मिति २०६५।९।२४ मा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ असोज १२ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-CR-१४२२, ०६९-CR-०३११, ०६९-CR-०५६९, ०७१-CR-०६२३, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. रमेश रानामगरसमेत, प्रकाश थापा मगर वि. नेपाल सरकार, लोक ब. दरलामी मगर वि. नेपाल सरकार, सुमन पाटा मगर वि. नेपाल सरकार*

प्रतिवादी लोकबहादुर दर्लामीमगर प्रतिवादी सुमन पाटामगरले अदालतमा आई बयान गर्दासमेत आफूहरूले जाहेरवाला सोमनाथ संजेललाई झुक्याई मंगलबजार बोलाई मिति २०६५।४।१ गते अपहरण गरी बन्धक बनाई निजबाट फिरौती रकम असुल गरी छाडेको कुरा स्वीकार गरेकोले निजहरूको उक्त बयान निजहरूको विरूद्धमा प्रमाणमा ग्रहण गर्नुपर्ने देखियो। त्यस्तै जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिवादी लोकबहादुर दर्लामीमगरलाई चिनेको भनी किटानी पोल गरेको र प्रतिवादी सुमन पाटामगरले बयान गरेअनुरूप नै जाहेरवालाको आमा टक्ककुमारी र राजकुमार दुलालले सनाखत गर्नुको अतिरिक्त फिरौती रकम बुझाएको भन्ने बेहोरा खुलाई बकपत्र गरेको र निजबाट फिरौती रकम रू.१७,०००।- बरामद भएकोसमेत देखिँदा निजहरूको साबिती बयानलाई जाहेरवालासमेतका वादीका साक्षीहरूको बकपत्रबाट

समर्थित भएकोले निजहरूले जाहेरवाला सोमनाथ संजेललाई मिति २०६५/४/१ मा अपहरण गरी बन्धक बनाई फिरौती असुल गरेपछि मिति २०६५/४/४ मा छाडिदिई अभियोग दाबीअनुरूपको कसुर गरेको देखियो । प्रतिवादी डम्बर भन्ने मोटे गोलेको हकमा विचार गर्दा निज फरार रहेको र सहअभियुक्त प्रतिवादी लोकबहादुर दर्लामीमगर र प्रतिवादी सुमन पाटामगरसमेतले अदालतमा बयान गर्दा जाहेरवालालाई अपहरण गरी बालकुमारीमा यीनै प्रतिवादीको कोठामा लगी राखिएको र निजले फिरौती रकममध्ये रू.४५,०००।- लिए खाएको भनी आफूसमेत कसुरमा साबित भई पोल गरेकाले यस्तो पोललाई प्रमाणमा ग्रहण गर्नुपर्ने देखिँदा निजले पनि अभियोग दाबीबमोजिमको कसुर अपराध गरेकै देखियो । त्यस्तै प्रतिवादी प्रकाश थापामगरको हकमा विचार गर्दा निज अदालतमा आई बयान गर्दा कसुर अपराध गरेमा इन्कार रही बयान गरेको भए पनि प्रहरीमा बयान गर्दा आफू योजनामासम्मिलित रहेको, आफ्नै फोनबाट जाहेरवालालाई फोन गरेको र आफैँले जाहेरवालालाई मंगलबजारसम्म बोलाई अपहरण गरी बन्धक बनाई फिरौती रकम असुल गरेपछि छाडेको कुरा स्वीकार गरेको, जाहेरवालाले यिनै प्रतिवादीको ९८०३७५१५६४ नं. को मोबाइलबाट आफूलाई मंगलबजार बोलाइएको र चिनजानका यी प्रतिवादी प्रकाश थापामगरसमेत भई आफूलाई अपहरण गरी बन्धक बनाई फिरौती असुल गरेको भनी किटानी पोल गरको र सहअभियुक्त लोकबहादुर दर्लामीमगरले अदालतमा आई आफूले कसुर गरेको स्वीकार गर्दै अपहरणको योजना बनाउँदा र अपहरण गर्दासमेत प्रतिवादी प्रकाश थापामगर संलग्न थिए भनी पोल गरेकाले निजले प्रहरीमा गरेको साबिती बयानलाई जाहेरवालाको बकपत्र, अपराध गर्दा प्रयोग भएको मोबाइल र सहअभियुक्तको पोलसमेतका प्रमाणहरूलेसमेत पुष्टि गरेकाले यी प्रतिवादीले अभियोगदाबीबमोजिमको कसुर गरेकै देखिने ।

प्रतिवादी दिनेश रानामगरको हकमा विचार गर्दा निज प्रहरी र अदालतमा बयान गर्दासमेत आफूले कसुर नगरेको भनी इन्कार रहेको देखिन्छ । निजको हकमा जाहेरवालाले उक्त वारदातमा प्रतिवादी दिनेश रानामगर पनि संलग्न थिए भनी जाहेरीमा पोल गरेको भए पनि अदालतमा कसुरमा साबित भई बयान गर्ने प्रतिवादी लोकबहादुर दर्लामीमगर र प्रतिवादी सुमन पाटामगरले जाहेरवालालाई अपहरण गर्ने कार्यमा प्रतिवादी प्रकाश थापामगर प्रतिवादी लोकबहादुर दर्लामीमगर, प्रतिवादी डम्बा भन्ने मोटे गोले र प्रतिवादी सुमन पाटामगरसमेत ४ जनाबाहेक अरू व्यक्तिको संलग्नता देखाएको छैन । यी प्रतिवादी दिनेशको नाम जाहेरीमा थपेको देखिन्छ । अदालतमा जाहेरवालाले यी प्रतिवादीले सफाइ पाउनुपर्छ भनी बकपत्र गरेको देखिन्छ । जाहेरवालाको सुरू जाहेरी दर्खास्तमा नाम थप गरी गरिएको पोलकै आधारमा अपराधमा संलग्न रहेको देखिने ठोस सबुद प्रमाणबेगर अपहरण तथा शरीर बन्धक अपराधको कसुरदार ठहऱ्याउन न्यायोचित हुने नदेखिने ।

प्रतिवादी दिनेश रानामगरले अभियोग दाबीबमोजिम जाहेरवालालाई अपहरण गरी बन्धक बनाई फिरौती असुल गरेको शङ्कारहित तवरले पुष्टि नभएकाले निजलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी रमेश रानामगरको हकमा विचार गर्दा प्रतिवादी प्रकाश थापामगरले प्रहरीमा बयान गर्दा प्रतिवादी लोकबहादुर दर्लामीमगर र रमेश रानामगरले मलाई सोमनाथ संजेललाई अपहरण

गरौं भनेअनुसार अपहरण गरेको भनी पोल गरेको हुँदा सोही आधारमा मुद्दा चलाइएको देखियो । सो पोलबाहेक निजको विरूद्धमा कुनै प्रमाण पेस भएको देखिँदैन। अदालतमा साबित हुने प्रतिवादी लोकबहादुर दर्लामीमगर र प्रतिवादी सुमन पाटामगर दुवैजनाले यी प्रतिवादी रमेश रानामगरलाई पोल गरेको देखिँदैन । जाहेरवालालगायतका वादी पक्षका साक्षीहरूले पनि कहिँकतै निजलाई पोल गरेको देखिँदैन । यसरी बिना ठोस सबुद प्रमाण अपहरण तथा शरीर बन्धक कसुरको कसुरदार ठहर गर्न न्यायोचित नहुने हुँदा रमेश राना मगरलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी प्रदिप क्याप्छाकीमगर र कृष्णबहादुर जर्घामगरको हकमा विचार गर्दा यी दुई प्रतिवादीहरू बाहेक अन्य प्रतिवादीहरूको विरूद्धमा अभियोगपत्र दायर भई अदालतमा बयान गर्ने क्रममा प्रतिवादीमध्ये लोकबहादुर दर्लामीमगरले जाहेरवाला सोमनाथ संजेललाई अपहरण गर्ने योजना बनाउनमा संलग्न थिए भनी पोल गरेको आधारमा यी दुई प्रतिवादीहरूलाई समेत पक्राउ गरी अ.ब. ८८ नं. बमोजिम थप अभियोगपत्र दायर गरिएको देखियो। निजहरूले प्रहरी तथा अदालतमा बयान गर्दा आफूहरू उक्त कसुरमा संलग्न नरहेको र प्रतिवादी लोकबहादुर दर्लामीमगर सानैदेखि चिनजान भएको रिसइवी नभएको व्यक्ति हुन् भन्ने बेहोरा लेखाएको देखिन्छ। यसरी यी प्रतिवादीहरू कसुर गरेमा इन्कार रहेको र सहअभियुक्त लोकबहादुर दर्लामीमगरले अपहरणको योजना बनाउँदासम्म साथै रहेको भनी पोल गरेको भए पनि जाहरेवालालाई अपहरण गर्ने कार्यमा र फिरौती लिने खाने कार्यमा यी प्रतिवादीहरूको संलग्नता रहेको देखिँदैन । सहअभियुक्तको त्यस्तो पोल जाहेरवालालगायत वादी पक्षका अन्य साक्षीहरूको बकपत्रसमेतका स्वतन्त्र प्रमाणहरूले पुष्टि गरेको नदेखिँदा निजहरूलाई अभियोग दाबीबाट सफाइ दिनेगरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, यसमा प्रतिवादी प्रकाश थापामगर, प्रतिवादी लोकबहादुर दर्लामीमगर र प्रतिवादी सुमन पाटामगर डम्बर भन्ने मोटे गोलेको हकमा निजहरूलाई अभियोग दाबीबमोजिम अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ वर्ष कैद, ऐ. ७ नं. बमोजिम थप २ वर्ष कैद, रू.५०,०००।- जरिवाना गरी ऐ.ऐनको १२ नं. बमोजिम फिरौती रकम रू.३,००,०००।- र जाहेरवालाबाट लिएको नगद रू.५००।-, रू. ४,०००।- पर्ने मोबाइल र रू.२,०००।- पर्ने घडिसमेत जम्मा बिगो रू.३,०६,५००।– चारजना ठहर भएका प्रतिवादीहरूले ऐनका दफा १२बमोजिम दामासाहीले जाहेरवालालाई भराई बिगोबमोजिम थप जरिवानासमेत हुने।

अतः पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।५ मा प्रतिवादीहरू दिनेश रानामगर, रमेश राना मगर, प्रदिप क्याप्छाकी मगर र कृष्णबहादुर क्यापछाकी मगरलाई अभियोग दाबीबाट सफाइ दिने गरी र प्रकाश थापा मगर, लोकबहादुर दर्लामी मगर, सुमन पाटामगर र डम्बर भन्ने मोटे गोलेको हकमा अपहरण तथा शरीरबन्धक अपराधमा ठहर गरी ऐनबमोजिम हुने कैदको सजाय, फिरौती लिएको रकमको बिगो भराउने र बिगोबमोजिम जरिवानासमेत गर्ने गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार एवम् प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। ठहर भएका पुनरावेदक प्रतिवादीहरूलाई लागेको कैद जरिवानाको लगत कसी असुलउपर गर्न

र जाहेरवालालाई दिने बिगोको लगत कसी राख्न ललितपुर जिल्ला अदालतमा लगत पठाइदिनु।

इजलास अधिकृतः जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असोज १२ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७१-CR-०२२६, अपहरण शरीर बन्धक, *नेपाल सरकार वि. विष्णुप्रसाद चौधरीसमेत*

प्रतिवादीहरूले जाहेरवालाहरूलाई अपहरण तथा शरीर बन्धक लिने उद्योग गरेका हुन् भन्ने ठोस एवम् शङ्कारहित तबरबाट पुष्टि हुने आधार वादी नेपाल सरकारबाट पेस हुन आएको देखिएको छैन। केवल प्रतिवादीहरूको साथबाट पेस्तोल बरामद भएकोले निजहरूले नै आरोपित कसुर गरेका हुन् भनी शङ्काको भरमा अभियोग लगाइएको पाइन्छ। ठोस एवम् वस्तुनिष्ठ प्रमाणको अभावमा शङ्काको भरमा प्रतिवादीहरूलाई सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुनजाने।

यी प्रतिवादीले यसरी अपहरण तथा शरीर बन्धक लिने धम्की दिएर जाहेरवालालाई अपहरण गर्ने क्रिया गरेको, लगेर बन्धक बनाएर राखेको र यो यसलाई यति रकम फिरौती रकम दिएको भन्ने प्रस्तुत मुद्दामा शङ्कारहित तबरबाट खुल्न आएको देखिएको छैन। जाहेरवाला स्वयम् अदालतमा उपस्थित भई यी प्रतिवादीहरूले आफूहरूसँग फिरौती नमागेको र आफूहरूलाई अपहरण गर्ने धम्की नदिएको भनी किटानीरूपले बकपत्र गरी दिएका छन्। यस स्थितिमा प्रतिवादीहरूको सामुहिक सहभागितामा अभियोग दाबीबमोजिमको कसुर भएकोले अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय हुन पर्दछ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, सबै प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ६ न. बमोजिम सजाय गरी ऐ. महलको ७ नं. बमोजिम थप सजायसमेत गरिपाउँ भन्ने अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०/३/२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेष्ठ २ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७०-CR-०८५९, जबरजस्ती करणी, *नेपाल सरकार वि. मोहन थारू*

प्रतिवादी मोहन थारूले शारीरिक सम्पर्क राख्ने सहमति भएकोले मैले शारीरिक सम्पर्क गरेको हुँ, जबरजस्ती करणी गरेको होइन भनी अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत बयान गरेको देखिन्छ। यस्तो अवस्थामा पीडित स्वयम्ले आफूलाई प्रतिवादी मोहन थारूले यो यसरी जबरजस्ती करणी गरेको भनी भन्न नसकेको, जाहेरवालीको जाहेरी दरखास्त र निजकै बकपत्र आपसमा बाझिएको, पीडित विवाहित र एक छोराको आमा समेत भएकी, घरमा ट्वाइलेट हुँदाहुँदै बेलुकापख घरबाहिर दिसा गर्न गएको भन्ने भनाई पत्यारलायक नभएको र प्रतिवादीले सहमतिबाटै शारीरिक सम्पर्क गरेको हो भनी बयान गरेबाट प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने देखिन नआउने।

घटनास्थलमा घाँस मडारिएको भए पनि प्रतिवादी र पीडित उक्त घटनास्थलमा बसेको देखिएबाट सहमतिले करणी गर्दा र बस्दा घाँस मडारिन सक्ने हुँदा घाँस मडारिँदैमा योनि र अन्य पीडितको शरीर परीक्षणको प्रतिवेदनजस्ता स्वतन्त्र प्रमाणबाट पुष्टि नहुँदासम्म जबरजस्ती करणी नै भएको हो भनी अनुमान गर्न मिल्दैन । त्यस्ता परीक्षण प्रतिवेदनबाट पीडितउपर जबरजस्ती करणीको वारदात भएको भन्ने तथ्य पुष्टि हुन सकेको पाइन्न। प्रतिवादीले पीडितलाई सहमतिबाटै करणी गरेको जिकिर लिएको र पीडितले अदालतमा उपस्थित भई गरेको बकपत्रमा आफूलाई प्रतिवादीले जबरजस्ती रूपमा करणी गरेको भनी किटानीसाथ भन्न र लेखाउन नसकेको अवस्थामा पीडितको ढाडमा भएको घाउले पीडितालाई प्रतिवादीले जबरजस्ती करणी गरेको पुष्टि हुन्छ भन्न मिल्ने अवस्था देखिन नआउने।

तसर्थ, प्रतिवादी मोहन थारूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय (५) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग माग दाबीबमोजिम प्रतिवादीलाई ५ वर्ष ६ महिना कैद सजाय र पीडितालाई रू.२५०००/- क्षतिपूर्ति भराइदिने ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादी मोहन थारूलाई अभियोग दाबीबाट सफाइ दिने ठहराएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०/२/२७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल जेठ २ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-०८५४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पासाङ लामा*

परिवारमा मृतक नाति प्रतिवादी स्वयम् र प्रतिवादीकी श्रीमती जाहेरवालीसमेत ३ जनामात्र रहेको देखिन्छ। यसरी मृतकको लालन पालन रेखदेख, रक्षा शिक्षाको जिम्मेवारीमा रहेका वृद्ध ८० वर्षभन्दा बढी उमेरका हजुरबुबाले नातिको चाल चलन बानी नराम्रो रहेकोले सो बानी व्यहोरा सुधार गर्न भन्ने हेतुले सम्झाउने क्रममा प्रहार गरेको चोटबाट मृतक गोपी तामाङको मृत्यु भएको देखिन आयो । समग्र मिसिल संलग्न प्रमाण कागजको अध्ययन गर्दा यी प्रतिवादीले ज्यान लिनेसम्मको इविलाग वा मनसायसहित चोट प्रहार गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिँदैन । वादी पक्षले जाहेरवालीसमेतका व्यक्तिलाई अदालतमा उपस्थित गराई आफ्नो दाबी पुष्टि गराउन सकेको देखिँदैन । अनुमान आशङ्का र सम्भावना जस्ता मनोगत आधारमा कुनै पनि आपराधिक कार्यमा मनसाय तत्त्वको विद्यमानता छ नै भनी निष्कर्ष निकाल्नु न्यायोचित नहुने।

वारदातमा प्रतिवादीको आपराधिक मनसाय रहेको तथ्य वादी पक्षबाट स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गराउन सकेको पनि पाइँदैन । मार्नको लागि कुनै पूर्वयोजना बनाएको नदेखिई मृतक नातिले नै गर्ने गरेको गलत कार्यमा सुधार गर्न नातिलाई सम्झाउने क्रममा प्रहार गरेको चोटबाट मृतकको मृत्यु भएको देखिएको अवस्थामा अभियोग दाबीबमोजिम प्रतिवादीले गरेको कसुरको कार्यलाई ज्यानसम्बन्धी महलको १३(३) नं. को दायराभित्र पर्छ भन्नु विवेकपूर्ण देखिन नआउने।

मृतक नाति र प्रतिवादी हजुरबुबाबीच कुनै पूर्वरिसइवीलाग रहेको देखिन्न। मृतकलाई मार्ने कुनै पूर्व सोचाइ, योजना एवम् तयारी रहेको देखिन्न । नातिको गलत आचरणलाई सुधार्ने हेतुले निजले घरका

सुनका गरगहना चोरी लगेको कारणले नै रक्षाशिक्षा दिँदै कुटपिट गर्दा गर्दै सामान्य लाठाजस्तो मुग्राले हान्दा उक्त चोटले मृतक नाति मर्लाजस्तो नदेखिए पनि सोही चोटको कारणले मरेको अवस्थाले वारदातको पृष्ठभूमि अवस्था र परिस्थिति मनसाययुक्त र आवेशले प्रेरितको प्रकृतिको नभई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. विपरीतको भवितव्यको कसुरको दायराभित्र पर्न आउने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी पासाङ लामालाई ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा सोही महलको ६(३) नं. बमोजिम रू.५०।– जरिवाना गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०८२३, अपहरण तथा शरीर बन्धक उद्योग, *नेपाल सरकार वि. माधव रायमाझीसमेत*

मुद्दाको प्रमुख गवाहको रूपमा रहेकी पीडित स्वयम् जाहेरवाली अदालतमा आई आफ्नो जाहेरी व्यहोरालाई समर्थित हुने गरी बकपत्र गर्नसकेको देखिँदैन । प्रतिवादीहरूले जाहेरवालीलाई फोन तथा एस.एम.एस गरी अपहरण गर्ने योजना बनाएको मिसिल संलग्न कुनै पनि कागजले पुष्टि गर्नसकेको देखिँदैन। यी प्रतिवादीहरूले एउटा मोबाइल भेट्टाएको र सो मोबाइल कसको हो भनी खोजी गर्ने सिलसिलामा यी जाहेरवालीको फोन नम्बरमा सम्पर्कसम्म हुन गएको प्रतिवादीहरूको अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयानबाट देखिन्छ। फोन गर्नुले मात्र यी जाहेरवालीलाई अपहरणको उद्योग गर्न लागेको भन्ने पुष्टि गर्ने तथ्यगत आधार बन्न नसक्ने।

कल डिटेलको विवरणबाट प्रतिवादीहरूले मात्र फोन गरेको नभई जाहेरवालीलेसमेत पटक पटक प्रतिवादीलाई फोन गरेको देखिन्छ। आफूलाई अपहरण गर्ने ज्यान मार्ने धम्कीसमेत दिने प्रतिवादीहरूलाई आफूले फोन गर्नुपर्ने कारण कहीँ कतैबाट खुल्न आएको देखिँदैन। अपहरणजस्तो फौजदारी अपराधमा फोन (कल) गर्नु मात्र कसुर कायम गर्ने आधार हुन सक्दैन । कसुरलाई प्रमाणित गर्नको लागि प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वस्तुनिष्ठ तथ्यगत आधारबाट पुष्टि प्रमाणित हुनुपर्ने हुन्छ। तर शङ्का र अनुमानकै भरमा कसुर कायम हुन नसक्ने।

अनुसन्धानको क्रममा बुझिएका दिनेश कोइरालासमेतका व्यक्तिहरूको भनाई र अदालतमा गरेको बकपत्र फरक रहेको देखिँदा निजहरूले अनुसन्धानको क्रममा भएको बयान कागज र अदालतमा गरेको बकपत्र एक आपसमा मेल खाएको नदेखिई रहेको अवस्थामा अनुमानले प्रमाणको रूप लिनसक्ने हुँदैन। अनुमान र आपराधिक कार्यबीच प्रत्यक्ष सम्बन्ध रहेको हुनुपर्छ । आपराधिक कार्य नै पुष्टि नभएको अवस्थामा अपहरण तथा शरीरबन्धक उद्योग जस्तो गम्भीर अपराधमा यी प्रतिवादीहरूलाई दोषी ठहऱ्याई फौजदारी न्यायको सर्वमान्य सिद्धान्तविपरीत हुनजाने देखिन्छ। वादी पक्षले शङ्कारहित तवरले आफ्नो दाबी प्रमाणित गर्न नसकेकोले शङ्काको आधारमा कसुरदार ठहऱ्याउन फौजदारी न्याय शास्त्रको विपरीतसमेत हुने हुँदा यी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसक्ने।

अतः माथि विवेचित आधार कारणहरूबाट

प्रतिवादीहरूको कसुर वस्तुनिष्ठ तथ्यगत आधारहरूबाट शङ्कारहित तबरले पुष्टि प्रमाणित हुन आएको नदेखिँदा र प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादी पक्षले कसुर प्रमाणित गराउन नसकेको अवस्थामा प्रमाणको अभावमा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७०।५।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री मिरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-CR-०३९०, कर्तव्य ज्यान, *दीपक शाही वि. नेपाल सरकार*

भैंसीले मार्न खोजेकोले प्रतिवादी दीपककुमार शाहीले भैंसीलाई मारिदिन्छु भन्दै थिए। सोही समयमा मृतक महेन्द्र शाही, छोरी र ज्वाई कृष्णबहादुर शाही आएकोमा मृतक, छोरी लागेर सम्झाई बुझाई गर्दा महेन्द्र शाहीसँग झगडा परेकोमा प्रतिवादी दीपककुमार शाहीले हानेको चक्कुको चोटबाट निज महेन्द्र शाहीको उपचारार्थ लैजाँदै गर्दा मृत्यु भएको भनी घटनाका प्रत्यक्षदर्शीले प्रतिवादीका बाबु हर्कबहादुर शाहीले मौकामा कागज तथा अदालत, बकपत्र गरेको पाइन्छ। प्रतिवादी कालो भन्ने दीपककुमार शाहीले अनुसन्धान अधिकारीसमक्ष तथा अदालतको बयान आरोपित कसुर गरेकोमा साबित रहेको सो साबिती बयानलाई घटनाका प्रत्यक्षदर्शी हर्कबहादुर शाहीसमेतको बकपत्र, लासजाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न कागज प्रमाणहरूबाट कसुर गरेको पुष्टि हुन आउने।

प्रतिवादी दीपक शाहीले धार भएको हतियारले मृतकलाई हानि मारेकोमा साबिती रहेको, यस अदालतमा लिएको जिकिरमा समेत अ.बं. १८८ नं. बमोजिमको माग गरेको देखिँदा निज प्रतिवादीले ज्यानसम्बन्धीको १३(१) नं. को कसुरको स्वीकारोक्ति गरेको देखिएको र मिसिल कागजातबाट समेत ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. बमोजिमको कसुर देखिन आएकोले सोही ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम प्रतिवादी दीपक शाहीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू दैलेख जिल्ला अदालतको मिति २०६८।९।७ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७०।११।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

मृतक र प्रतिवादीबीच पूर्व रिसइवी देखिँदैन। मार्ने मनसाय, योजनासमेत रहेको देखिँदैन। मृतकले प्रतिवादीलाई सम्झाइ बुझाई गर्ने क्रममा झगडा कुटपिट भएको रिसको झोकमा रहेका प्रतिवादीले मृतकलाईसमेत हान्छु भनेकोमा यी मृतकले ल हान भनी अगाडी सर्दा आफूसँग भएको छुरीले हानि मारेको देखिएको छ। प्रतिवादीको उमेर अवस्था र घटनाको वास्तविता दर्शाई न्याय सम्पादनमा समेत सहयोग पुऱ्याएको अवस्थासमेतलाई दृष्टिगत गर्दा सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने देखिएबाट प्रतिवादीलाई ७ वर्ष कैद सजाय हुँदा पनि न्यायको मकसद पूरा हुने देखिँदा प्रतिवादी दीपक शाहीलाई कैद वर्ष ७ हुन व्यक्त गरेको सुरू तथा पुनरावेदन अदालतको राय मिलेकै देखिँदा

कैदको हकमा निज प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ७ (सात) हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल भदौ १७ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री मिरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-RC-०१४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. धनपैत ठाकुर वडही*

मृतक लास सडेगलेको कारण मृतकको मृत्यु के कसरी भएको हो यकिन राय शव परीक्षण प्रतिवेदनमा उल्लेख हुन नसक्नुलाई अस्वाभाविक भन्न मिल्दैन । मृतकको नाक र कानको दुवै प्वालबाट रगतजस्तो पदार्थ निस्केको, शरीर र हातको छाला खुइलिएको मलद्वारबाट मल निस्किएको भन्ने लास जाँच मुचुल्कामा उल्लेख भएको पाइन्छ । ती लक्षणहरू अस्वाभाविक मृत्यु हुँदा देखिने प्रकृतिसँग मिल्दोजुल्दो रहेको देखिन आउँछ । यसप्रकार प्रतिवादीले अभियोग स्वीकारी अदालतमा गरेको साबिती बयान, मिसिल संलग्न घटना विवरण र मृतक लासको प्रकृति एवम् मुचुल्का विवरणसमेतबाट समर्थित भएको पाइँदा मृतकको मृत्यु प्रतिवादी धनपैत ठाकुर बडहीको कर्तव्यबाट भएको पुष्टि भएको देखिन आउने ।

लास सडेगलेको कारण मृतक लासको घाँटीमा प्रतिवादीले बयानमा उल्लेख गरेअनुरूपको थिचिएको चिह्न खत लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनमा खुल्न नसकेपनि घटनाको यथार्थ चित्रण देखाई कसुर स्वीकार गरी प्रतिवादीले अदालतसमेतमा गरेको साबिती बयानलाई अन्यथा भन्न मिल्ने देखिँदैन । प्रतिवादीले अदालतसमेतमा गरेको उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९ को देहाय १बमोजिम निजका विरूद्ध प्रमाणमा लिन मिल्ने नै हुँदा पुनरावेदन अदालत, जनकपुरबाट निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र ऐ. १३ नं. को देहाय ३ नं. को कसुरमा ऐ. नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरेको फैसला मिलेको देखिँदा सदर हुने ।

प्रतिवादीले घटना घटाएको देख्ने प्रत्यक्षदर्शी कोही नभए पनि कर्तव्य गरेको बेहोरा स्वीकार गरी निजले अदालतसमेतमा बयान गरेको कारण न्याय प्रदान गर्न अदालतलाई सहयोग पुगेको देखिन्छ । मृतकले टेपरेकर्डर चोरी गरेको तर माग्दा दिएन भन्ने सामान्य कारणमा मृतकको घाँटी थिची कर्तव्य गरेको हुँदा प्रस्तुत वारदातमा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपरेको हो । प्रतिवादीका चार जना नाबालक छोराछोरी रहेको देखिन्छ । प्रतिवादीको पेसा ज्याला मजदुरी छ । निजले मजदुरीको काम गर्न नपाएको कारण आस्रित परिवारको दैनिक गुजारामा स्वाभाविक रूपमा असर पर्नसक्ने नै हुन्छ । प्रतिवादीको आर्थिक र सामाजिक हैसियत, पारिवारिक स्थिति, वारदातको प्रकृति र सङ्कलित तथ्यसमेतको रोहमा ऐनबमोजिम प्रतिवादीलाई सजाय दिँदा चर्को हुनजाने चित्तले देखिएको हुँदा अ.बं. १८८ नं. अनुरूप प्रतिवादी धनपैत ठाकुर वडहीलाई कैद वर्ष १५ (पन्ध्र) मात्र सजाय हुने ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट प्रतिवादी धनपैत ठाकुर वडहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ नं. को देहाय ३ नं. को कसुरमा ऐ. १३ नं. को देहाय ३ नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू धनुषा जिल्ला अदालतको फैसला सदर गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।९।३० मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । निज प्रतिवादी धनपैत ठाकुर वडहीलाई मुलुकी ऐन, अ.बं. १८८ नं.

बमोजिम वर्ष १५ मात्र कैद सजाय हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल चैत २१ गते रोज २ शुभम् ।

## इजलास नं. १३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-WO-०८७२, उत्प्रेषण / परमादेश, *सुमित्रा श्रेष्ठ वि. स्वास्थ्य सेवा विभाग टेकु*

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) अनुसार सामान्यतया कर्मचारीहरूलाई कार्यालयमा सेवा गरेको अवधि २ (दुई) वर्ष नपुग्दै सरूवा गर्न नहुने कानूनी प्रावधान रहेको छ। दुई वर्ष सेवा अवधि व्यतित भएको अवस्थामा अख्तियारप्राप्त अधिकारीले कर्मचारीको सरूवा गर्न सक्ने नै देखिन्छ । यी रिट निवेदिका मिति २०७०।९।१७ मा स्तर वृद्धि हुँदाका बखत भरतपुर अस्पताल, चितवनमा नै कार्यरत रहेको नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको च.नं. ७२८ मिति २०७०।९।१९ को पत्रबाट जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागको च.नं. ७२८ मिति २०७०।९।१९ को पत्रबाट जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागको च.नं. ७२८ मिति २०७०।९।१९ को पत्रबाट देखिन आयो । यसरी निवेदक सुमित्रा श्रेष्ठले भरतपुर अस्पताल चितवनमा सेवा गरेको मिति २०७०।९।१७ देखि हालसम्म २ (दुई) वर्षको सेवा अवधि व्यतित भइसकेको मिसिल संलग्न कागजातहरूबाट देखिँदा उल्लिखित कानूनी व्यवस्थाको परिप्रेक्ष्यमा निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । अत: प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेमप्रसाद न्यौपाने

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल पुस २४ गते रोज १ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-०९५४, उत्प्रेषण / परमादेश, *कृष्णप्रसाद श्रेष्ठ वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत*

मालपोत कार्यालयले जग्गा दर्ता हुने नहुने सम्बन्धमा प्रमाणको मूल्याङ्कन गर्दा अनुचित तवरले काम गरेको देखिए निजउपर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्ने वा त्यस्तो निर्णयबाट मर्का पर्ने पक्षले सोउपर कानूनबमोजिम पुनरावेदन सुन्ने निकायमा पुनरावेदन गर्नुपर्ने हुन्छ। प्रस्तुत विवादमा उपर्युक्तानुसारको कुनै कारबाही नगरी निवेदकका नाउँमा दर्ता रहेका जग्गाहरू प्रत्यर्थी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट उपर्युक्त असान्दर्भिक अ.दु.अ.आ. ऐन, २०४८ को कानूनी व्यवस्थाको आधारमा रोक्का राख्न निर्देशन दिएको देखिन आउने।

समानस्तर र समान विषयवस्तु भएको निवेदनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निवेदकको जग्गा छानबिनको नाममा अनन्तकालसम्म रोक्का राख्ने गरी भएको निर्णय कानूनको शासन अनुकूल भएको देखिँदैन। यसरी नागरिकको व्यक्तिगत सम्पत्तिलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्णय र आदेशले अनन्तकालसम्म रोक्का

राखी राख्दा निजको सम्पत्तिमा उपभोग गर्ने, व्यवहार गर्ने संवैधानिक हकबाट वञ्चित हुन जान्छ । त्यसैगरी निजको पारिवारिक तथा सामाजिक व्यवहारमा समेत प्रतिकूल असर पर्न जाने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफ्नो अनुसन्धानको कार्य कहिलेसम्ममा गर्ने हो र रोक्का कहिलेसम्मका लागि गर्ने हो सो सुनिश्चितता गर्नुपर्दछ । अनुसन्धान गर्ने नामको बहानामा कुनै व्यक्ति विशेषको नामको जग्गा, सम्पत्ति अनन्तकालसम्म रोक्का राख्न मिल्ने पनि होइन । तसर्थ अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०६५।११।२५ मा तथा सोही जग्गाको बारेमा पुनः प्रमाण बुझी निर्णय गर्नु भनी मिति २०६७।१२।१४ मा भएको निर्णय र उक्त निर्णयउपर कारबाही हुँदा मिति २०६८।९।६ मा रोक्का रहेको जग्गा फुकुवा नगर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको आदेश कानूनअनुकूल देखिन नआउने ।

अतः मालपोत कार्यालय, संखुवासभाले जग्गा दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक सम्पूर्ण सबुद प्रमाण बुझी निवेदकको नाउँमा कानूनबमोजिम दर्ता भएको निवेदन दाबीको कि.न. १४९४ जग्गा रोक्का गर्नु भनेको अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६५।११।२५, मिति २०६७।१२।१४ को निर्णय र रोक्का जग्गा फुकुवा गर्न नमिल्ने भनी मिति २०६८।९।६ मा भएको निर्णय एवम् आदेश कानूनअनुकूल भएको नदेखिँदा उक्त निर्णय एवम् आदेश उत्प्रेषणको आदेशले बदर गरी दिएको छ । निवेदकको नाउँमा दर्ता स्रेस्ता कायम भएको निवेदन दाबीको कि.नं. १४९४ जग्गा रोक्का नराख्नु, फुकुवा गरी दिनु भनी मालपोत कार्यालय, संखुवासभा खाँदबारी, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र अन्य विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७३ साल भदौ ६ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६८-WO-०९५४, उत्प्रेषण / परमादेश, *हरिकुमार कटुवाल वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०३२६, जबरजस्ती करणी, *नेपाल सरकार वि. प्रेमबहादुर श्रेष्ठ*

जबरजस्ती करणी जस्तो प्रकृतिको अपराधमा देख्ने प्रत्यक्षदर्शी साक्षीको उपस्थिति सामान्यतया हुन सक्तैन । लुकीछिपि, एकान्त वातावरणको परिस्थिति सिर्जना गरी यस प्रकारको अपराध भएको हुन्छ । यसर्थ जबरजस्ती करणीको मुद्दामा सो घटनाबाट पीडित महिलाको भनाई महत्त्वपूर्ण उच्च कोटीको प्रमाणको रूपमा ग्रहण गर्दै आएको हाम्रो न्यायिक अभ्यास रहेको छ । पीडितको स्वास्थ्य परीक्षणबाट देखिएका तथ्यहरू र विशेषज्ञले दिएको रायसमेत यस प्रकारको कसुरमा महत्त्वपूर्ण प्रमाणको कोटीमा रहन्छ । वस्तुगत परीक्षणबाट प्रमाणित हुने हुँदा स्वास्थ्य परीक्षणको रिपोर्टलाई जबरजस्ती करणी मुद्दामा भरपर्दो प्रमाण मान्नुपर्ने ।

जबरजस्ती करणीको घटनाबाट पीडित हुन पुगेकी व्यक्ति स्वयम् अदालतमा उपस्थित भई उक्त घटनाको सम्बन्धमा व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १० अनुसार प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखियो । साथै पीडिताले बिनाकारण

प्रतिवादीलाई पोल गर्नुपर्ने अवस्था छैन। त्यस्तै आफ्नो छोरीको अस्मितालाई चोट पुग्ने गरी बिनाकारण प्रतिवादीउपर पीडितकी आमाले जाहेरी दिनुपर्ने अवस्था नहुने।

प्रतिवादीउपर जाहेरवालीको किटानी जाहेरी पर्नु, निजले प्रहरी र अदालतसमक्ष उपस्थित भई जाहेरी व्योहोरालाई समर्थन हुने गरी गरेको बकपत्र। पीडितले आमाको रोहबरमा अनुसन्धान अधिकारी तथा अदालतसमक्ष गरेको बकपत्र तथा निजको स्वास्थ्य परीक्षण प्रतिवेदन र वस्तुस्थिति मुचुल्काका बालकृष्ण थापाले गरेको वस्तुस्थिति मुचुल्काको कागज र अदालतसमक्ष गरेको बकपत्रसमेतका माथि विवेचित मिसिल संलग्न कागज प्रमाणहरूबाट निज प्रतिवादीले पीडित शेष कुमारी थापालाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएको छ। यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको पुष्टि भइरहेको अवस्थामा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. मा "अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप ५ वर्ष कैद गर्नुपर्दछ" भन्ने कानूनी प्रावधानसमेत आकर्षित हुने।

अतः उपर्युक्त विवेचित आधार प्रमाणहरूबाट प्रतिवादीले अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेको पुष्टि हुन आएकोमा जबरजस्ती करणीको उद्योग गरेको भनी प्रतिवादीलाई ३ वर्ष ६ महिना मात्र कैद सजाय हुने गरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई यी प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत ३ (५) को कसुर गरेकोमा ५ वर्ष कैद हुन्छ। पीडित अपाङ्ग महिला भएको देखिँदा अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेकोले ऐ. महलको ३क नं. अनुसार थप पाँच वर्ष कैद हुने ठहर्छ साथै ऐ. महलको दफा १०अनुसार यी प्रतिवादीबाट पीडितलाई रू. १०,०००।– (दश हजार) क्षतिपूर्तिसमेत भराई पाउने।

इजलास अधिकृत: मुकुन्द आचार्य
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०४८७, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. टाँसी छिरिङ थापासमेत*

मिति २०६८।२।१० मा भएको मिसिल संलग्न लिखतलाई हेर्दा प्रतिवादी टाँसी छिरिङ थापा र कुमारी थापाले वैदेशिक रोजगारमा हरिशंकर अवस्थी र दिपेन्द्रबहादुर ऐरसमेत जना दुईलाई थाइल्याण्ड पठाउन रू.१,७०,०००।- आजैका मितिमा लिएको र पठाउन नसकेकोले कुमारी थापाको मोटरसाइकलको रू.१,००,०००।– (एक लाख) मूल्य कायम गरी बाँकी रू.७०,०००।– सहित चुक्ता गर्ने भन्ने व्यहोराको लिखत भएको देखिन आयो। यसरी यी प्रतिवादी टाँसी छिरिङ थापाउपरको किटानी जाहेरी निजले गरिदिएको मिति २०६८।२।१० को लिखत र जाहेरवालाको बकपत्रसमेतबाट यी प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगार थाइल्याण्डमा पठाउने भनी रू.१,७०,०००।- लिएको कुरा प्रमाणित हुन आउने।

प्रतिवादी कुमारी थापासमेतउपर किटानी जाहेरी परे पनि निजले अनुसन्धान अधिकारी र वैदेशिक रोजगार न्यायाधिकरणसमक्षको आफ्नो बयानमा टाँसी छिरिङ आफ्नो दाजु पर्ने, निजले रकमको अति नै आवश्यक पऱ्यो नभई भएन भनेकाले आफ्नो नामको मोटरसाइकल धितो राखी रकम निकाल्न दिएको हो। निजले जाहेरवालासँग मोटरसाइकल धितो राखी रकम

लिएका हुन् । के कस्तो व्यवहार गरे मलाई थाहा भएन मैले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाउन भनी रकम लिएको होइन भनी कसुरमा इन्कार भई बयान गरेको पाइयो । प्रतिवादी टाँसी छिरिङले पनि वैदेशिक रोजगार न्यायाधिकरणसमक्षको बयानमा वैदेशिक रोजगारको कागज गर्दैमा के फरक पर्ला र भनी आफूले कागज गरिदिएको हुँ । यसमा मेरो बहिनीको कुनै संलग्नता छैन । मेरा लागि निजले आफ्नो नाउँको मोटरसाइकल धरौटी राख्न दिएको व्यहोरा ठीक हो भनी बयान गरेसमेतबाट मिसिल संलग्न प्रमाण कागजहरू, जाहेरवालाको बकपत्र र मिति २०६८।२।१० को लिखतसमेतका कागजातहरूबाट प्रतिवादी कुमारी थापाको मोटरसाइकल धितो रहेको कुरामा जाहेरवाला र प्रतिवादीबीच मुख मिलेकोले आफ्नो दाजुलाई रकम आवश्यक परेको बेला आफ्नो नाउँको मोटरसाइकल धितो राख्न दिएको कार्य वैदेशिक रोजगार ऐनअनुसारको कसुर गरेको देखिन नआउने ।

जाहेरवालाले बिगो बुझी पाइसकेको भनी बकपत्र गरेकोबाट अब दोहोरो बिगो भराइदिन न्यायोचित नहुने ।

अतः जाहेरवालाको बिगो असुलउपर भइसकेको अवस्थामा बिगोअनुरूप हर्जाना गरी जाहेरवालाहरूलाई भराइ पाउँ भन्ने वादी नेपाल सरकारको जिकिर न्यायोचित देखिएन । प्रतिवादी कुमारी थापासमेतलाई आरोपित कसुरमा कसुरदार कायम गरी जाहेरवालाको बिगोको हर्जानासमेत भराइ पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्तैन । प्रतिवादी टाँसी छिरिङ थापालाई १ वर्ष छ महिना (१।६।०) कैद र रू.१,५०,०००।- जरिवाना हुने र प्रतिवादी कुमारी थापाले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०६९।२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: मुकुन्द आचार्य

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०५३०, उत्प्रेषण, *लालमणि सुवेदी वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत*

उजुरी सुन्ने निकाय वा अधिकारीबाट त्यस्तो उजुरी पर्न आएमा त्यसलाई सम्बोधन गरी उपचारको मार्ग निष्प्रयोजन नहुने गरी अविलम्ब निर्णय गर्नु सुशासनसम्बन्धी मान्यताअनुकूल नै हुन आउँछ । आफ्नो अधिकार क्षेत्रभित्रको कार्य समयानुकूल तथा प्रभावकारी ढंगबाट गरी सरूवा वा पदनाम जस्ता विवाद सुल्झाउन त्यस्ता निकाय तथा अधिकारीसक्षम छन् भन्ने वैधानिक विश्वास दिलाउनु र यथासम्भव यस्ता विवादको प्रशासकीय तहमै उपचार उपलब्ध गराई अदालतलाई यस्तो सामान्य विवादबाट अलग राख्नु त्यस्ता निकाय तथा आधिकारिको कर्तव्यभित्रको विषय हुने ।

सम्बन्धित निकायले कुनै कर्मचारीलाई आवश्यकता र औचित्यताको आधारमा सरूवा गर्नु त्यस्तो निकायको प्रशासकीय अधिकार र निर्णयको विषय भएको र त्यस्तो निर्णय चित्त नबुझेमा सोउपर प्रशासनिक माध्यमबाटै उपचार पाउनसक्ने नै हुँदा

संवैधानिक वा गम्भीर कानूनी त्रुटिसम्बन्धी प्रश्न वा प्रतिपादित कानूनी सिद्धान्तको अवलम्बन नभई प्रत्यक्ष त्रुटि भएको अवस्थामा बाहेक सामान्य सरूवाको विषयमा यस अदालतले आफ्नो असाधारण अधिकार क्षेत्र प्रयोग गर्नु उपयुक्त नदेखिने।

अतः अख्तियारप्राप्त अधिकारीबाट नियमानुसार गरिएको सरूवा कार्यमा चित्त नबुझ्ने पक्षले उजुरी दिनसक्ने कानूनी व्यवस्था भएको अवस्थामा रिट निवेदकलाई सतवरिया स्वास्थ्य चौकी दाङबाट स्युजा प्रा.स्वा.के. दाङमा अधिकृत छैठौं तह जनस्वास्थ्य निरीक्षक पदनाम दिई सरूवा गरेकोलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को दफा ३१(घ) बमोजिमको प्रकृयाबाट निरूपण हुनै नसक्ने विवाद भन्नु कानूनसङ्गत नहुने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०८४५, उत्प्रेषण, *राम नरेश यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबारसमेत*

आफ्नो हक अधिकारप्रति सबै नागरिक सधैँ सचेत रही आफ्नो हक अधिकारको उल्लङ्घन भएको अवस्थामा समयमा नै उपचार खोज्नु सबैको कर्तव्यसमेत हुन आउँछ । समयमा सहयोग माग्नेलाई मात्र कानूनले पनि सहयोग तथा उपचार दिनसक्छ अन्यथा कानूनपछाडि हट्नुपर्ने अवस्था आउँछ। यसरी कानूनले दिएको समय सिमाभन्दा तीन महिनापछि मात्र निवेदकले निवेदन दिएको अवस्थामा लामाबगर स्वास्थ्य चौकी दोलखाको सट्टा जिल्ला स्वास्थ्य कार्यालय, दोलखामा सरूवा कायम गरिएको स्वास्थ्य सेवा विभागको मिति २०७१।१०।१२ को निर्णय र सोबमोजिमको पत्रका सम्बन्धमा विवेचना गर्नुपर्ने अवस्था नदेखिने।

अतः अधिकारप्राप्त अधिकारीबाट नियमानुसार सरूवा गरिएको कार्यमा चित्त नबुझ्ने पक्षले तोकिएको म्यादभित्रै निवेदन दिनसक्ने नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को दफा ३१(घ) ले गरेको व्यवस्थाअन्तर्गतको उपचार लिन अग्रसर नभएको यी रिट निवेदकको मागबमोजिम आदेश जारी गर्न मिल्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-WO-०२७०, उत्प्रेषण / परमादेश, *शोभा देवी बरै वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

मिसिल संलग्न रिट निवेदनसहितको बन्डा मुचुल्कासमेत हेर्दा निवेदकले अंशमुद्दाको फैसलामा बन्डा हुने ठहर भएको कि.नं. २८७ को ज.वि. ०-१-६ जग्गा बाँडफाँड नगरीएको भनी निवेदकले जिकिर लिएको भए पनि उल्लिखित जग्गा सबै अंशियारहरूबीच नरमकरम मिलाई बाँडफाँड गर्ने क्रममा उक्त जग्गा २ भाग लगाई अंश मुद्दाका

प्रतिवादीहरू मध्येका उपेन्द्रप्रसाद वरै र रामजी प्रसाद वरैको अंश भाग पर्ने गरी बाँडफाँड भएको व्यहोरा मिति २०६९।९।२७ को बन्डा मुचुल्काबाट देखिएकोबाट निवेदकहरूको जिकिर तथ्यमा आधारित देखिएन। अन्य बन्डा लाग्ने सम्पत्तिमध्येको कि.नं. २७ को जग्गामा बनेको घर निवेदकका पति पिता प्रतिवादी बच्चु प्रसाद र रिट निवेदकको भागमा पर्ने गरी बन्डा छुट्ट्याइएको भन्ने देखिन्छ । निवेदकले चल सम्पत्ति फेला नपरेको भनी बन्डापत्रको मुचुल्कामा नखुलाएको भन्ने जिकिर लिएतर्फ विचार गर्दा निवेदकले बन्डा मुचुल्का बदर गरिपाउँ भनी मु.ऐन, दण्ड सजायको ६१ नं. बमोजिम दिएको निवेदन तथा सो सम्बन्धमा अ.बं. १७ नं. बमोजिम निवेदन गर्दासमेत यो चल सम्पत्ति यो यससँग यसरी रहेको छ भनी दाबी लिनसमेत सकेको पाइँदैन । यस स्थितिमा चल सम्पत्ति फेला नपरेकोले बन्डा नगरिएको भन्ने कुरालाई अन्यथा भनिरहनुपर्ने नदेखिने।

अंश मुद्दामा वादी प्रतिवादीहरूले साधारण क्षेत्राधिकारअन्तर्गत जिल्ला अदालतमा फिराद दिई अंश मुद्दा अन्तिम भएपछि फैसला कार्यान्वयनको चरणमा डोरबाट भएको बन्डा मुचुल्काउपर यी निवेदकहरूले दण्ड सजायको ६१ नं. र अदालती बन्दोबस्तको १७ नं. अन्तर्गत उपचारको मार्ग अवलम्बन गरेको देखियो । हाल रिट निवेदनमा जुन कुराहरू उठाएको छ ती कुराहरू जिल्ला अदालत तथा पुनरावेदन अदालतको तहमा निवेदकहरूले उठाएको र ती जिकिरहरू तत्तत् अदालतले अस्वीकार गरेको देखिन्छ। साधारण क्षेत्राधिकारअन्तर्गत अदालतहरूले अस्वीकार गरेको र रिट क्षेत्रमा प्रवेश गरेपछि लिखित जवाफमा समेत तिनै कुराहरू स्पष्ट गरिएको पाइँदा अब यही विवादमा अदालत, अल्मलिरहन र फैसला कार्यान्वयन नहुने परिस्थिति बनिरहनु न्यायको रोहमा उचित देखिँदैन । विवादहरूको छिटो किनारा हुने कुरालाई उच्च महत्त्व दिनु यस अदालतको न्यायिक कर्तव्य हो भन्ने स्पस्ट छ । तसर्थ न्याय र कानून दुवै दृष्टिबाट निवेदकहरूले उठाएका जिकिर स्वीकारयोग्य नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: तेजबहादुर खड्का

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

२

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-१२७५, उत्प्रेषण, *कृष्णबहादुर श्रेष्ठसमेत वि. काठमाडौं महानगरपालिकाको कार्यालयसमेत*

निवेदकहरूले तेस्रो र चौथो तहमा सुरू नियुक्ति पाई स्तरगत प्रणालीअनुसार तलब भत्ता बुझिरहेको र मिति २०६६।८।२३ मा मिति २०६४ श्रावणदेखि २०६६ कात्तिकसम्मको नपुग तलब रकमसमेत भनी एकमुष्ठ तलबको रूपमा खाईपाईसकेको उक्त रकमलाई पेस्की कायम गरी पछि निजहरूको तलब भत्ताबाट कट्टा गर्ने निर्णय गरी तलब भत्ता कट्टा गरेको देखियो । उक्त निर्णयबमोजिम निवेदकहरूको तलब कट्टा गरेको सम्बन्धमा विमती जनाई तलब रकम पूरा पाउन मिति २०६६।११।५ मा निवेदनसमेत दिएको देखिएबाट निज निवेदकहरू उक्त रकम तलबबाट कट्टा गर्न सहमत भएको देखिएन। साथै उक्त रकम कट्टा गर्ने गरेको निर्णय र सोउपर परेको निवेदनको सम्बन्धमा स्थानीय विकास मन्त्रालयले मिति २०६६।१२।२९ मा खाईपाई आएको तलब नघट्ने गरी आवश्यक कारबाही गर्न सक्ने भनी दिएको रायअनुसार पनि खाईपाई आएको तलब भत्ताबाट अन्य कुनै शीर्षकमा तलब कटाउन मिल्ने नदेखिने।

काठमाडौं महानगरपालिका कर्मचारी सेवा

सर्तसम्बन्धी विनियमावली, २०६१ को विनियम ६१ ले महानगरपालिका कर्मचारीलाई निजको तलब भत्ता वा अन्य सुविधासम्बन्धी सेवाका सर्तहरूमा निजको स्वीकृतबेगर निजलाई प्रतिकूल असर पर्ने गरी परिवर्तन गरिने छैन यदि उपयुक्त सेवाका सर्तहरूमा संशोधन वा परिवर्तन गर्दा कुनै प्रकारले प्रतिकूल असर पर्ने भएमा त्यस्तो संशोधित व्यवस्थाबमोजिम गर्न मन्जुर गरेको लिखित स्वीकृत नभई त्यस्तो व्यवस्था निजको हकमा लागू हुने छैन भनी स्पष्ट उल्लेख भएसमेतबाट निवेदकहरूलाई मिति २०६६।८।२३ मा महानगरपालिकाले नपुग तलब भनी एकमुष्ट रकम दिएको र सोबमोजिम बुझिलिई खाईपाइसकेको उक्त रकमलाई पेस्की कायम गरी पछि तलब भत्ताबाट कट्टा गर्ने निर्णयको सम्बन्धमा यी निवेदकहरू र महानगरपालिकाबीच कुनै लिखित सहमति भएको मिसिल संलग्न प्रमाणहरूबाट देखिएन। यसरी निवेदक कर्मचारीहरूले खाईपाई आएको तलब भत्ता कटौती गर्दा कानूनले निर्दिष्ट गरेको प्रकृया पऱ्याई तलब सुविधामा असर पर्ने कर्मचारीहरूको मन्जुरीले मात्र तलब सुविधा हेरफेर तथा तलब कट्टा गर्नुपर्नेमा सो नगरी निवेदकहरू तेस्रो र चौथो तहका सवारी चालकहरूलाई नपुग तलब रकम भनी एकमुष्ट रकम खुवाइसकेपछि उक्त रकमलाई पेस्की कायम गरी एकतर्फीरूपमा निर्णय गरी निवेदकहरूको तलब भत्ताबाट कट्टा गर्ने गरी भएको काठमाडौं महानगरपालिका तथा नगर परिषद्को निर्णय कानूनसम्मत मान्न नमिल्ने।

अतः प्राप्त भइसकेको हक वा सुविधामा अन्यथा असर पार्ने कुनै निर्णय गर्दासम्बन्धित वर्गको सहमति अनिवार्यरूपमा जुटाउनुपर्ने अवस्थामा प्रस्तुत रिट निवेदनका निवेदकहरू महानगरपालिकाको सवारीचालक तेस्रो र चौथो तहमा कार्यरत रही स्तरगत प्रणालीअनुसार तलब खाईपाई आएको र मिति २०६६।८।२३ मा दुई वर्ष आठ महिनाको नपुग तलब रकम भनी खाईपाईसकेको रकमलाई पेस्की कायम गरी निवेदकहरूसँग कुनै सरसल्लाह तथा सहमति नलिई एकतर्फीरूपमा उक्त पेस्की रकम निज निवेदकहरूको तलबबाट कट्टा गर्ने गरी भएको काठमाडौं महानगरपालिका कार्यकारी अधिकृतबाट मिति २०६६।९।३० र नगर परिषद्को मिति २०६७।११।१० को निर्णय काठमाडौं महानगरपालिका कर्मचारी सेवा सर्तसम्बन्धी विनियमावली, २०६१ को विनियम ६१ को प्रतिकूलसमेत देखिँदा उक्त निर्णयहरू उत्प्रेषणको आदेशबाट बदर हुने ठहर्छ। नपुग तलब भनी निवेदकले प्राप्त गरेको रकम निवेदकको तलबबाट कट्टा गर्ने भन्ने निर्णयहरू बदर हुने ठहरेकोले नपुग तलबबापत निवेदकले प्राप्त गरेको रकम तलबबाट कट्टा गरिएको हदसम्मको रकम निवेदकहरूलाई उपलब्ध गराउनु वा फिर्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः गीता श्रेष्ठ

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल जेठ २२ गते रोज २ शुभम्।

## इजलास नं. १७

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०७७७, भ्रष्टाचार (घुस रिसवत), *बदरूद्दिन खान वि. नेपाल सरकार*

आफैँ अनुसन्धान अधिकृत भई अनुसन्धान गर्ने र मुद्दा चलाउने हैसियत रहेका यिनी पुनरावेदकले सोही मुद्दाका प्रतिवादीलाई सोही मुद्दामा धरौटी राख्न भनी कुनै रकम दिएको भन्ने कथन विश्वसनीय देखिँदैन। आफ्नो भनाईलाई पुष्टि गर्न रकम दिएको लिखत वा साक्षीबाहेक अन्य कुनै प्रमाण पनि पेस

गर्नसकेको देखिँदैन। राष्ट्रसेवकको हैसियतले कार्यरत कुनै पनि कर्मचारीले आफ्नै कार्यालयमा दर्ता रहेको मुद्दाको पक्षसँग कुनै प्रकारको आर्थिक लेनदेन वा अन्य प्रकारको सम्बन्ध वा कारोबार राख्नु स्वीकार्य व्यवहार पनि हुन नसक्ने।

प्रतिवादीको साथबाट दाबीको रकम बरामद भएको, उक्त रकम अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कोहलपुर शाखाबाट उजुरवालालाई उपलब्ध गराएकोमा सोही रकम प्रतिवादीबाट बरामद भएको र सो रकम उजुरवालाले अदालतमा बकपत्र गर्दा यी प्रतिवादीले आफ्नै कार्यालयमा चलिरहेको वन मुद्दामा घुस रिसवतबापत माग गरेको भनी उल्लेख गरी प्रतिवादीउपरको आरोप दाबी मिसिल संलग्न प्रमाणबाट समर्थित भइरहेको अवस्था हुँदा प्रतिवादी बदरूद्दीन खानले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुर गरेको देखिई निजलाई सोही ऐनको दफा ३(१) बमोजिम रू. ४०,०००।– जरिवाना र ऐ. ऐनको दफा ३ (१)(ख) बमोजिम ३ महिना कैद सजाय हुने ठहरी विशेष अदालत, काठमाडौंबाट मिति २०७३/३/२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः जीवनकुमार भण्डारी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

संवत् २०७४ वैशाख १७ गते रोज १ शुभम्।

## इजलास नं. २०

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-RC-००४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हुलास माझी*

प्रतिवादीले अदालतमा आई इन्कारी बयान गरे तापनि तथ्यगत प्रमाणहरू तथा परिस्थितिजन्य प्रमाणहरूबाट प्रतिवादीको कसुर पुष्टि भएको देखिन आउँछ भने जाहेरवालीले यी प्रतिवादीलाई कर्तव्य ज्यान जस्तो कसुर अपराध बिना कार्यकारण झुट्टा मुद्दा दिई फसाउन पर्नेसम्मको अवस्था, कारणसमेत केही देखिँदैन। प्रस्तुत घटनाक्रमको सिलसिला र स्वरूप हेर्दा यो वारदात अचानक भएको मिसिल संलग्न प्रमाणबाट नदेखिई सुनियोजित भएको देखिने।

सालीलाई विवाह गरौं भन्दा नमानेको कारण निजको छोरालाई मारिदिएमा विवाह गर्छिन भन्ने सोचेर खेलिरहेको रोसन माझीलाई मार्ने मनसायले नै घाँटी थिची कर्तव्य गरी मारेको पुष्टि हुन्छ। यसरी प्रस्तुत मुद्दामा अपराधका आवश्यक तत्त्व आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) दुवै विद्यमान रहेको देखिँदा केवल अदालतमा गरेको इन्कारी बयानकै आधारमा मात्र कसुरदार होइनन् भनी भन्न मिल्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी हुलास माझीलाई ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. को १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने गरी सर्लाही जिल्ला अदालतले मिति २०६८।२।११ मा गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।१०।१० को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर अपरेटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-RC-००८०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कालीबहादुर याखा*

वारदातको पृष्ठभूमिले देवरले मासु नल्याएर भाउजू रिसाएपछि दुवैबीच वादविवाद भएपछि प्रतिवादीले मृतकलाई भालाले रोपेको र त्यसको चोटबाट मृतकको मृत्यु भएको हुँदा वारदातमा प्रयोग भएको साधन भाला जोखिमयुक्त प्रकृतिको रहेनछ भन्न मिल्ने अवस्था पनि देखिन नआउने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी कालीबहादुर याखा राईलाई ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी धनकुटा जिल्ला अदालतबाट मिति २०७२।१०।१७ मा गरेको फैसलालाई सदर गरेको उच्च अदालत, विराटनगर, धनकुटा इजलासको मिति २०७३।८।१२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल माघ २८ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-RC-००७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बुद्धिमान मगर*

शव परीक्षण प्रतिवेदन हेर्दा मृत्युको कारण Strangulation भन्ने उल्लेख भएको देखिन्छ । मृतक लास रहेको कोठाको चुक्कुल बाहिरबाट लगाइएको छ । प्रतिवादीले मृतकलाई पहेँलो सलले घाँटी कसी अब मरिछन् भनी छाडेको अवस्था छ । पोष्टमार्टम रिपोर्टले मृतकको मृत्युको कारण घाँटी कसेर (Strangulation) मृत्यु भएको भन्ने देखिएको छ । प्रतिवादीले मृतकलाई सलले घाँटी कसी मारेको भन्नेसम्मको कसुरमा मौकामा साबित रहेका छन् । यसप्रकार प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबितीलाई लास बरामद भएको स्थिति, लासजाँच प्रकृति, लासजाँच विवरणसमेतबाट समर्थित भएको स्थितिमा सो साबिती र त्यसबाट स्वाभाविकरूपले देखिएको कुराहरू प्रमाणमा लिन मिल्ने नै देखियो । यी प्रतिवादी बुद्धिमान मगरको अदालतको इन्कारी बयान विश्वासलायक देखिएन । प्रस्तुत घटनाक्रमको सिलसिला र स्वरूप हेर्दा यो वारदात अचानक भएको मिसिल संलग्न प्रमाणबाट नदेखिई सुनियोजित भएको देखिने ।

मृतक मन्जु दर्जीलाई पहिलेदेखि मार्ने नै योजना बनाएर नियतवश सलजस्तो पहेलो खादाले घाँटीमा बेरी कसिलो गरी बाँधी यी प्रतिवादी बुद्धिमान मगरले कर्तव्य गरी मारेको पुष्टि हुन्छ । यसरी प्रस्तुत मुद्दामा अपराधका आवश्यक तत्त्व योजना, आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) विद्यमान रहेको देखिँदा केवल अदालतमा गरेको इन्कारी बयानकै आधारमा मात्र कसुरबाट रिहाई पाउने नदेखिने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादी बुद्धिमान मगरलाई ज्यानसम्बन्धी महलको १ नं. कसुरमा ऐ.को १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने गरी मोरङ जिल्ला अदालतले मिति २०७२।७।१६ मा गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७३।२।२४ को फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: विद्याराज पौडेल

इति संवत् २०७३ साल माघ २८ गते रोज ६ शुभम् ।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७३-WO-०१३६, उत्प्रेषण / परमादेश, *रत्नदेवी मानन्धरसमेत*

*वि. लक्ष्मी मानन्धरसमेत*

निवेदिकाले बदर गरिपाउँ भनी माग गरेको आदेश साधारण अधिकार क्षेत्रअन्तर्गत कानूनको प्रकृयाअनुसार भएको पाइन्छ । रिट निवेदन एक असाधारण उपचार हो । यसले साधारण अधिकार क्षेत्रबाट निरूपण हुने र भएको विषयको गुण दोष हेर्ने काम गर्दैन । साधारण अधिकार क्षेत्रले यस्ता अंशबन्डासम्बन्धी विवादको छिनोफानो प्रमाण मूल्याङ्कनको आधारमा गर्दैन । रिट अधिकारक्षेत्रले कानूनले तोकेको प्रकृया पूरा नगरी वा स्वच्छ न्याय, प्राकृतिक न्याय आदिको उल्लङ्घन गरी भएका कामकारबाहीसम्म बदर गरी पुन: निर्णय गर्न साधारण अधिकारक्षेत्रमा नै पठाउने काम गर्छ । साधारण अधिकारक्षेत्रको लक्ष्मणरेखा नाँघ्ने काम रिटबाट हुँदैन र त्यो काम यो इजलासबाट हुन नसक्ने ।

धरातलको आधारमा प्रस्तुत रिटमा विचार गर्दा निवेदकले चुनौती गरेको आदेशमा कानूनको कुनै पनि कार्यविधिको उल्लङ्घन भएको पाइँदैन । सुरू जिल्ला र पुनरावेदन अदालतले आफ्नो अधिकार भएको विषयमा आदेश गरेकोमा विवाद छैन । उक्त आदेश अन्तिम आदेश नभई मुद्दा फैसला हुँदा र त्यसपछि पुनरावेदन तहमा समेत त्यसको तथ्यगत सबुद प्रमाण र कानूनी आधारको लेखाजोखा गरी फैसला हुने काम बाँकी नै रहेको पाइन्छ। निवेदिकाहरूले उठाएको विषयवस्तुको निरूपण लिखत प्रमाणको मूल्याङ्कनबाट हुने हुँदा यो रिट क्षेत्रभित्र पर्ने देखिँदैन । उल्लिखित आदेशमा अधिकारक्षेत्रको अभाव वा कानूनको कार्यविधिगत त्रुटि विद्यमान नरहेको समेतबाट विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यमप्रसाद बासकोटा

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**